# नथिया उपन्यासमा शरीर राजनीति

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय
नेपाली केन्द्रीय विभागअन्तर्गत नेपाली विषयको दर्शनाचार्य
तहको उपाधिका निम्ति तेस्रो सत्र
पाठ्यांश ६०९ र ६१० को प्रयोजनका लागि
प्रस्तुत

शोधप्रबन्ध

शोधकर्ता
निर्झरिणी वन्द्योपाध्याय
दर्शनाचार्य तह, तेस्रो सत्र
क्रमाङ्क : १४

२०८१

## शोधनिर्देशकको सिफारिस

नेपाली दशनाचार्य तहका विद्यार्थी श्री निर्भरिणी वन्द्योपाध्याय (शैक्षिक वर्ष २०७४/०७५) ले *नथिया उपन्यासमा शरीर राजनीति* शीर्षकको शोधप्रबन्ध मेरो निर्देशनमा तयार पार्नु भएको हो । उहाँको यो शोधकार्य सन्तोषजनक भएकाले म यसको आवश्यक मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभाग कीर्तिपुरसमक्ष सिफारिस गर्दछु ।

मिति : २०८१/०३/२३

..................................

प्रा.डा. महादेव अवस्थी

शोधनिर्देशक

दर्शनाचार्य कार्यक्रम

नेपाली केन्द्रीय विभाग

त्रि.वि., कीर्तिपुर

# त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिकशास्त्र सङ्काय
नेपाली केन्द्रीय विभाग
कीर्तिपुर, काठमाडौँ

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली दर्शनाचार्य तहकी विद्यार्थी श्री निर्झरिणी वन्द्योपाध्यायले दर्शनाचार्य तह (एम.फिल.) तेस्रो सत्रको निर्धारित पाठ्यांश ६०९ र ६१० को आंशिक प्रयोजन परिपूर्तिका लागि तयार पार्नु भएको प्रस्तुत *नथिया उपन्यास शरीर राजनीति* शीर्षकको शोधप्रबन्धको आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

शोधप्रबन्ध मूल्याङ्कन समिति हस्ताक्षर

१. प्रा.डा. कृष्णप्रसाद न्यौपाने ..........................................
(विभागीय प्रमुख)

२. प्रा.डा. महादेव अवस्थी ..........................................
(शोधनिर्देशक)

३. सहप्रा.डा. साधना पन्त ..........................................
(आन्तरिक परीक्षक)

४. प्रा.डा. खगेन्द्रप्रसाद लुइटेल ..........................................
(बाह्य परीक्षक)

मिति : २०८१/०३/२६

## कृतज्ञताज्ञापन

नथिया उपन्यासमा शरीर राजनीति शीर्षकको प्रस्तुत शोधप्रबन्ध मैले त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय नेपाली केन्द्रीय विभागअन्तर्गत दर्शनाचार्य तह तेस्रो सत्रको नवौँ र दसौँ पत्रको प्रयोजनका लागि आदरणीय गुरु प्रा.डा. महादेव अवस्थीको प्राज्ञिक निर्देशनमा तयार पारेकी हुँ । यो शोधप्रबन्ध तयारीका क्रममा आदरणीय गुरु प्रा.डा. महादेव अवस्थीको सुझाव र निर्देशन पनि अमूल्य रहेको छ । आफ्नो अतिव्यस्त समयमा पनि विश्वविद्यालय तथा आफ्नो निवासमा समेत पर्याप्त समय उपलब्ध गराई उचित निर्देशन दिनुहुने उहाँप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । यो शोधप्रबन्ध तयारीका क्रममा आन्तरिक मूल्याङ्कन गरी सल्लाह, सुझाव दिनुहुने सहप्रा.डा. साधना पन्तप्रति आभारी छु । दर्शनाचार्य अध्ययनका क्रममा सैद्धान्तिक तथा व्यावहारिक ज्ञान दिएर सत्मार्गतिर लाग्ने प्रेरणा दिनुहुने आदरणीय गुरुहरूप्रति सधैँ ऋणी छु । सदा इज्जत र प्रतिष्ठाका लागि जीवनमा शिक्षाको महत्व बुझाउँदै अध्ययनका लागि प्रेरित गर्नुहुने स्वर्गीय आमाबुबा करुणादेवी वन्द्योपाध्याय र सतीन्द्रनाथ वन्द्योपाध्यायप्रति सधैँ ऋणी छु । साथै मलाई शैक्षिक प्रगतिका लागि सदा सहयोग र हरबखत उत्प्रेरित गर्नुहुने जीवनसाथी नारायणप्रसाद जोशीप्रति आभारी छु । अध्ययनको महत्व बुझेर घरायसी काममा सहयोग गरी मलाई अध्ययनका निम्ति समय मिलाइदिने छोराछोरी शशाङ्क जोशी र शुभम् जोशीलाई धन्यवाद व्यक्त गर्दछु ।

यस शोधकी शोधनायिका सरस्वती प्रतीक्षाप्रति आभारी छु । शोधकार्यका निम्ति सामग्री सङ्कलन कार्यमा सहयोग गर्ने आत्मीय मित्र सावित्रा पाण्डेलाई विशेष धन्यवाद ज्ञापन गर्दछु । प्रस्तुत शोधपत्र टङ्कन गर्ने रामचन्द्र श्रेष्ठ र शोधको प्राविधिक कार्यमा सहयोग गर्ने निरगम कम्प्युटर सेन्टरका हरिश्चन्द्र राईज्यूलाई पनि धन्यवाद व्यक्त गर्दछु ।

अन्त्यमा म शोधपत्र आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभागसमक्ष प्रस्तुत गर्दछु ।

.........................

निर्झरिणी वन्द्योपाध्याय
दर्शनाचार्य तेस्रो सत्र
क्रमाङ्क : १४
शैक्षिक सत्र : २०७४/०७५
त्रि.वि. दर्ता नं. : ४७३००-९५

# विषयसूची

## पहिलो परिच्छेद

## शोधपरिचय


१.१ विषयपरिचय १

१.२ समस्याकथन २

१.३ शोधको उद्देश्य २

१.४ पूर्वकार्यको समीक्षा ३

१.५ शोधको औचित्य तथा महत्त्व ७

१.६ शोधकार्यको सीमाङ्कन ८

१.७ शोधविधि ८

१.७.१ सामग्री सङ्कलन कार्य ८

१.७.२ सैद्धान्तिक पर्याधार ९

१.७.३ सामग्री विश्लेषण विधि र विश्लेषणको ढाँचा ११

१.८ शोधको रूपरेखा १२


## दोस्रो परिच्छेद

## नथिया उपन्यासमा महिला शरीरको सामाजिकीकरण तथा पितृसत्तात्मक समाजिक व्यवहार


२.१ विषयपरिचय १४

२.२ शरीर राजनीतिको सैद्धान्तिक पृष्ठभूमि १५

२.३ शरीर राजनीतिका मूलभूत मान्यता १६

२.३.१ शरीरप्रतिको सामाजिकीकरण १७

२.३.१.१ नथिया उपन्यासमा महिला शरीरको सामाजिकीकरणको प्रक्रिया १९

२.३.२ पितृसत्तात्मक संस्कृतिमा शरीर २७

२.३.२.१ नथिया उपन्यासमा महिला शरीरप्रति पितृसत्तात्मक सामाजिक व्यवहार २९

२.४ निष्कर्ष ३८


## तेस्रो परिच्छेद

## नथिया उपन्यासमा महिला शरीरमाथि शक्ति र प्रभुत्व


३.१ विषयपरिचय ४०

३.२ शक्ति र प्रभुत्वका रूपमा शरीरको प्रयोग ४०

३.२.१ नथिया उपन्यासमा महिला शरीरमाथि शक्ति र प्रभुत्वको प्रयोग ४३
३.३ निष्कर्ष ५२

## चौथो परिच्छेद

## नथिया उपन्यासमा महिला शरीरप्रतिको उपभोक्तावादी सांस्कृतिक दृष्टि

४.१ विषयपरिचय ५४
४.२ उपभोक्तावदी संस्कृतिमा शरीर ५४
४.२.१ नथिया उपन्यासमा महिला शरीरप्रतिको उपभोक्तावादी सांस्कृतिक दृष्टि ५५
४.३ निष्कर्ष ७१

## पाँचौं परिच्छेद

## नथिया उपन्यासमा महिला शरीर प्रयोगको प्रतिरोध

५.१ विषयपरिचय ७३
५.२ शरीर प्रयोगको प्रतिरोध ७३
५.२.१ नथिया उपन्यासमा महिला शरीर प्रयोगको प्रतिरोध ७५
५.३ निष्कर्ष ९०

## छैटौं परिच्छेद

## सारांश तथा निष्कर्ष

६.१ सारांश ९२
६.२ निष्कर्ष ९५
सन्दर्भसामग्री सूची

# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषयपरिचय

सरस्वती प्रतीक्षा नेपाली साहित्यका क्षेत्रमा परिचित नाम हो । उनी मूलतः कवि तथा अख्यानकार हुन् । उनका *यद्यपि प्रश्नहरू* (२०६२), *बिम्बहरूको कठघरा* (२०६६), *बागी सारङ्गी* (२०६९) कवितासङ्ग्रह तथा *नथिया* (२०७४) र *स्व* (२०८१) गरी दुई वटा औपन्यासिक कृति प्रकाशित छन् । विवेच्य *नथिया* उनको पहिलो उपन्यास हो । उनका औपन्यासिक कृतिहरूमा नारी जीवनले भोग्नुपरेका शोषण दमन, विभेद आदिको चित्रणका साथै मानवीय अस्तित्वको खोजी, नारी स्वतन्त्रता र समानताको स्वर व्यक्त भएको पाइन्छ ।

पश्चात्य समालोचना चिन्तन परम्पराको अधुनातन समालोचना पद्धतिका रूपमा विकसित सांस्कृतिक अध्ययनले समग्र जीवन पद्धतिलाई संस्कृतिका रूपमा हेर्दछ । सांस्कृतिक अध्ययनका विभिन्न शाखाहरू विकसित भइसकेका छन् । तीमध्ये ब्रिटिस सांस्कृतिक अध्ययन र अमेरिकी सांस्कृतिक अध्ययन गरी दुईवटा मोडेलहरू प्रचलिन छन् । अमेरिकी सांस्कृतिक अध्ययनले महिलाको शरीर र यौनिक दुरुपयोग कसरी भएको छ भन्ने कुराको अध्ययन गर्दछ । फुकोको मान्यतामा सिङ्गो समाज नै शरीर हो भन्ने अर्थ बुझिन्छ । उपभोक्तावादमा मानव शरीरको उपयोग गरिएको कुरालाई सांस्कृतिक अध्ययनमा अध्ययन गरिन्छ । शरीरमाथि कसको नियन्त्रण छ ? जसको शरीर हो उसले आफ्नो शरीरमाथि नियन्त्रण गर्न सकेको हुँदैन र शरीरमाथिको नियन्त्रण मान्छेले कसरी गुमाइसकेको छ भन्ने कुराको अध्ययन अमेरिकी सांस्कृतिक अध्ययनले गर्दछ । शरीर राजनीति भन्नाले महिलाको शरीरमा महिलाकै अधिकार हुनुपर्दछ र पुरुषको अधीनता र शोषणबाट शरीर मुक्त हुनुपर्दछ भन्ने हो । यसले नैतिक तथा कानुनी समाजका शक्तिहरूले शरीरमाथि गर्ने राजनीति भन्ने बुझाउँछ ।

*नथिया* उपन्यासमा नारी जीवनले भोग्नुपरेका विविध समस्याहरू, लैङ्गिक विभेद, महिला भएकै कारण वञ्चित हुनुपरेको स्वतन्त्रता, यौनिक दुरुपयोग, पितृसत्तात्मक समाजले महिलामाथि गरेको विभेद, शक्ति र प्रभुत्वको कारणले महिलामाथि हुने दमन तथा नारी अस्तित्व र पहिचान आदि पक्षलाई प्रस्तुत गरिएको छ । यस अध्ययनमा सरस्वती

प्रतीक्षाद्वारा लिखित *नथिया* उपन्यासमा भएको महिला शरीरको प्रयोगलाई विभिन्न साक्ष्यहरूमार्फत् विश्लेषण गरी महिला शरीर प्रयोगको प्रतिरोधको अवस्थालाई समेत विश्लेषण गरिएको छ ।

## १.२ समस्याकथन

सरस्वती प्रतीक्षा नेपाली साहित्यकी एक प्रसिद्ध उपन्यासकार भएको हुनाले उनले लेखेका उपन्यासहरू अनुसन्धानका लागि उपयुक्त छन् । सिंहका उपन्यासमा सामाजिकीकरण, पितृसत्ता, शक्ति र प्रभुत्व, उपभोक्तावादी प्रवृत्ति र प्रतिरोधका दृष्टिले महिला शरीरको प्रयोग के कसरी गरिएको छ भन्ने कुराको चित्रण पाइन्छ । समाजमा लिङ्गकै कारण पुरुष र महिलाले निर्वाह गर्नुपर्ने भूमिका, समाजमा तिनको अवस्था तथा समाजले हेर्ने दृष्टिकोणका साथै महिलाले आफ्नो शरीरमाथि स्वेच्छापूर्वक तथा बाध्यात्मक रूपमा प्रयोग गरेको कुरालाई उपन्यासमा सफल रूपमा अभिव्यक्त गरिएको छ । सरस्वती प्रतीक्षाको *नथिया* उपन्यास शरीर राजनीतिका दृष्टिले अनुसन्धेय छ तापनि अहिलेसम्म प्रस्तुत विषयमा गहिरो अध्ययन अनुसन्धान नभएकाले उनको यस उपन्यासमा शरीर राजनीतिको अध्ययन गर्नु र वस्तुपरक निष्कर्ष निकाल्नु आवश्यक देखिन्छ । यिनै जिज्ञासाहरूमा केन्द्रित रहेर अध्ययन गरिने प्रस्तुत शोधप्रश्नहरू निम्नानुसार रहेका छन् :

(क) नथिया उपन्यासमा महिला शरीरप्रतिको सामाजिकीरण तथा पितृसत्तात्मक सामाजिक व्यवहार कसरी प्रकट भएको छ ?

(ख) नथिया उपन्यासमा महिला शरीरमाथि शक्ति र प्रभुत्वको प्रयोग कसरी भएको छ ?

(ग) नथिया उपन्यासमा महिला शरीरप्रतिको उपभोक्तावादी संस्कृतिको दृष्टि कस्तो रहेको छ ?

(घ) नथिया उपन्यासमा महिला शरीर प्रयोगको प्रतिरोध कसरी गरिएको छ ?

## १.३ शोधको उद्देश्य

नेपाली उपन्यासका क्षेत्रमा पछिल्लो समय साधनारत सरस्वती प्रतीक्षाको नथिया उपन्यासको निम्नलिखित पक्षहरूमा रही अध्ययन गर्नु प्रस्तुत शोधप्रबन्धको उद्देश्य रहेको छ :

(क) *नथिया* उपन्यासमा महिला शरीरको सामाजिकीरण तथा पितृसत्तात्मक सामाजिक व्यवहार विश्लेषण गर्नु,

(ख) *नथिया* उपन्यासमा महिला शरीरमाथि शक्ति र प्रभुत्वको प्रयोगको विश्लेषण गर्नु,

(ग) *नथिया* उपन्यासमा उपभोक्तावादी सांस्कृतिक दृष्टिको व्याख्या गर्नु,

(घ) *नथिया* उपन्यासमा महिला शरीर प्रयोगको प्रतिरोधको विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

सरस्वती प्रतीक्षा नेपाली साहित्यका क्षेत्रमा एक परिचित नाम हो । *नथिया* (२०७४) पछि हालसालै उनको *स्व* नामक उपन्यास पनि प्रकाशित भइसकेको छ । उनका दुवै उपन्यासले नेपाली साहित्यवृत्तमा उच्च चर्चा कमाएका छन् । यस शोधकार्यको अध्ययनीय विषय रहेको *नथिया* उपन्यास बारे हालसम्म कुनै शोधकार्य नभएको भए पनि विभिन्न पत्रपत्रिका पुस्तक र अनलाइन पत्रिकाहरूमा विभिन्न लेख, समालोचना तथा अनुसन्धानमूलक लेखहरु प्रकाशित भइसकेका छन् जसको अध्ययनले यो शोधकार्यलाई सहयोग पुगेको छ भने नथिया उपन्यासमा शरीर राजनीति विषयक शोध गर्न सकिने आधारहरू पनि प्राप्त भएका छन् ती पूर्वकार्यहरुको यहाँ कालक्रमिक रूपमा समीक्षा गरिएको छ ।

अनलाइन खबर (२०७४) मा 'साताका दुई चर्चित कृति : निलोफर र नथिया' शीर्षकको समाचारमा *नथिया* सशक्त कृति बनेर आएको समाचार प्रकाशित गरिएको छ । समाचारमा वादीको घरमा जन्मिएर यौन व्यवसायमा लागेको परिवारको संस्कारमा हुर्कीएकी युवतीले गरेको विद्रोह र त्यो ठाउँबाट नेपाली समाजलाई कसरी हेरिन्छ भन्ने कुरा *नथियाले* राम्रोसँग उठाएको छ भनी लेखिएको छ । यस लेखमा वादी युवतीको विद्रोह भएको कुरा आएको हुनाले शरीर राजनीतिमा महिला शरीर प्रयोग विरुद्ध महिलाको प्रतिरोध विषयमा अध्ययन विश्लेषण गर्न यो समाचार सहयोगी बनेको छ ।

गौरी तमु (२०७४) ले सेतोपाटी अनलाइन पत्रिकाको 'समिक्षा : नथिया' शीर्षकको लेखमा *नथिया*लाई महिला समस्या केन्द्रित उपन्यासका रूपमा चिनाएकी छन् । उनले यस लेखमा वादी समुदायका महिलाले लगाउने नथिया (नथुनी) को संस्कृतिको चर्चा गर्दै आफ्नै

आमा बाबु, दाजुभाई बढाबढमा छोरी चेलीको कुमारीत्व बेच्न ग्राहक खोज्दै हिँड्ने हाँसो र रोदन मिश्रित कथाका रूपमा *नथिया* उपन्यासलाई चिनाएकी छन् । उनले यस लेखमा वादी महिलाले बाँच्नका लागि के कस्ता सङ्घर्ष गरे भनेर चर्चा गर्दै बाहिरी आवरणमा वादी महिलालाई जसले वेश्या भनेर थुक्यो, घृणा गऱ्यो, उनीहरुले छोएको पानी चलाएनन् मन्दिरमा प्रवेश दिएनन् त्यही समाजका नेता कर्मचारी, प्रहरी, कवि, लेखक, विद्यार्थी, पूजारी समेत वादी बस्तीमा यौनको प्यास मेटाउन गएको कुराको चर्चा गरेकी छन् । उनले लेखमा वादी महिलाले भोग्नु परेका सामाजिक अत्याचार र दमनको उजागर गरेकी छन् । उनले यस लेखमा वादी महिला कसरी देह व्यापार गर्न वाध्य बने ? यसमा दोषी को हुन् भन्ने प्रश्न उठाउँदै समग्रमा *नथिया* पहिचानको मुद्दालाई राम्रोसँग समेटेको उपन्यास हो भनेकी छन् । उनले लेखमा वादी महिला माथि सामाजिक आर्थिक र राजनीतिक चलखेलहरु कहाँबाट कसरी चालिन्छन् भन्ने गम्भिर विषयवस्तु उपन्यासमा समेटिएको कुरा बताएकी छन् । शोषित पीडित वादी समूहको महिला शरीर प्रयोगको सन्दर्भलाई लिएर अध्ययन गरिएको गौरी तमुको यस लेखअनुसार *नथिया* उपन्यासमा शरीर राजनीतिसम्बन्धी अध्ययन गर्नका निम्ति यो उपन्यास उपयुक्त रहेको छ ।

रामचन्द्र श्रेष्ठ (२०७४) ले अन्नपूर्ण पोष्टको 'कोलाजका रङहरू' शीर्षकको समीक्षात्मक लेखमा नथिया केवल शब्द होइन भोग्याकरण र त्यसको विरोधको लामो ऐतिहासिक प्रक्रियाको हो । नथिया नियति र चाहनाको द्धन्द्ध हो । अस्तित्वको खोज हो, भनेका छन् । उनले लेखमा लेखेका छन् समाज पुँजिकरण हुँदै जाँदा वादी जातिका महिलाका लागि यौन विक्रीयोग्य बन्न पुग्यो । वादी किशोरीका कौमार्य कमोडिटीमा परिणत भए । नथिया उतार्नु त्यसैले शरीर खरिदबिक्रीको उद्घाटन बन्न पुग्यो । सत्ता अर्थ र संस्कृतिमा अधिपत्य जमाएको पुरुषले कुनै वादी कन्याको नथिया उतार्नुलाई आफ्नो पुरुषत्व र उपलब्धिको रूपमा प्रस्तुत गर्न थाल्यो । अनि नथिया न शृङ्गारको मूल्यमा सिमित रह्यो न त दासताको प्रतीक नै । नथिया बजार मूल्यसँग जोडिन पुग्यो र बन्यो मांस बजारको कमोडिटी भ्यालु । यसरी प्रस्तुत लेखले समाजमा वादी महिलाको शरीरको कमोडिफिकेसनको चर्चा गर्दै यस शोधप्रवन्धको शोध्य विषयमा सहायक सावित भएको छ । श्रेष्ठले लेखमा अगाडि लेखेका छन् पुरुषप्रधान समाजले थोपरिदिएको मर्यादा, सत्ता, इज्जत, प्रतिष्ठा आदिको जलपले पुरुष बाहिर चम्किलो देखिँदो रहेछ । पुरुषप्रधान समाजले पुरुषलाई मान्छेपनबाट पर लैजान्छ । यसरी यस लेखमा पितृसत्ताको चरित्र, कमजोर महिला शरीरको

कमोडिफिकेसन, नारी विद्रोह जस्ता कुराहरूमाथि चर्चा गरिएकाले प्रस्तुत लेख यस शोधप्रबन्धको अध्ययनका निम्ति सहयोगी बनेको छ ।

विपिन आचार्य (२०७४) ले रातोपाटी अनलाइनमा प्रकाशित 'समालोचना : प्रगतिशिलताको कसीमा नथिया' शीर्षकको लेखमा पुरुष सत्ता हुकुम र हैकमका विरुद्ध *नथिया* सशक्त उपन्यास हो । वादी जातिको ऐतिहासिक दस्तावेजका रूपमा सबल उपन्यास हो । यसले पञ्चायतकालिन वादी जाति माथिको अन्याय अत्याचारलाई छर्लङ्ग पारेको छ भनेका छन् । उपन्यासका तथ्यमा केही आलोचनात्म टिप्पणी समेत गरिएको यस लेखले शरीर राजनीति अन्तर्गत सत्ता र शक्तिको प्रयोग गरी कमजोर वर्गमाथि हैकम कायम गर्ने प्रवृत्तिप्रतिको अध्ययन गर्न सहयोग पुगेको छ ।

लक्ष्मी रुम्वा (२०७४) ले नयाँपत्रिकाको भोग्या इतिहासको अनुहार' भन्ने लेखमा वादी समुदायको उत्पीडनको सिङ्गो तस्विरका साथ नेपाली उपन्यास जगतमा प्रवेश गरेको उल्लेख गरेकी छन् । उनले अगाडि *नथिया*मा पुरुषसत्ताले चुसेका नीलडामहरु र फैलँदो विद्रोही आगोको लप्का रहेको कुराको चर्चा गरेकी छन् । लेखमा लक्ष्मी रुम्वाले कहिले सम्म यो समाजमा महिलाहरू भोग्या र केवल भोग्या भइरहन्छन् भन्ने प्रश्न उठाएकी छन् । महिलाको लैङ्गिकता र यौनिकता माथि हरदम पुरुष नियन्त्रण रहनु पितृसत्ताको चारित्रिक विशेषता भएको कुरा पनि लेखमा उल्लेख छ । उनले अगाडि पञ्चायतकालिन शासन व्यवस्थामा दाङको पकैया बस्तीमा रहेका वादी समुदाय पेटको भोक र अस्तित्वको खोजको सपना बोकेर बसेको छ भन्दै वादी महिलाको वाध्यता र त्यही बाध्यतामा दविन वाध्य भएको उनीहरुको अस्तित्वको कुरा गरेकी छन् । उनले लेखमा उपन्यासमा शक्तिको केन्द्र वरिपरि रहेको भोगवादी पुरुष मान्यता वरिपरिको समाजमा स्थापित रुढ मान्यताहरुको नाङ्गो तस्विर सशक्त रूपमा उपन्यासमा प्रकट भएको चर्चा गरेकी हुनाले यो लेखले प्रस्तुत शोध्य विषका निम्ति *नथिया* उपन्यास उपयुक्त भएको पुष्टि गर्दै लेख यो शोधका निम्ति सहायक भएको छ ।

विकास मगर (२०७४) ले अनलाइन खबर नामको अनलाइन पत्रिकामा 'पुस्तक समीक्षाः नथिया नाकमा कि नाइटोमा' शीर्षकको समीक्षात्मक लेखमा नथिया दाङ पकैया ( हालको घोराही शान्तिनगर टोल) को वादी समुदायका बारेमा लेखिएको उपन्यास हो भन्दै यस उपन्यासले नारीहरु कहिल्यै पुरुषको खेलौँना मात्र भएर बस्दैनन् भने 'सेन्स' दिएको

कुरा बताएका छन् । वादी महिलाको कथा र महिलामुक्तिको कुरा समेटिएको र केही आलोचतात्मक टिप्पणी समेत रहेको यो लेख प्रस्तुत शोध प्रवबन्धको विश्लेषणका निम्ति सहायक छ ।

मस्त केसी (२०७४) ले हिमाल खबरमा 'नथिया : पुंसत्वलाई प्रश्न' शीर्षकको लेखमा नथिया वादी संस्कृति र वादी युवतिहरुको कथामा आधारित उपन्यास हो भनेका छन् । उनले यिनै वादी महिलाले मान्छे भएर बाँच्न के कस्ता सङ्घर्ष गरे भन्ने उपन्यासको मूल विषय रहेको कुरा उल्लेख गरेका छन् । उनले लेखमा उपन्यासले पुरुषप्रधान समाजको अहं र ढोँगलाई पटकपटक सतहमा ल्याइदिएको छ भनेर लेखेका छन् । यिनै तथ्यका आधारमा *नथिया* उपन्यास पितृसत्तात्मक चिन्तनले अगाडि सारेको महिला शरीरको सामाजिकीकरण, प्रयोग र प्रमुत्वशाली वर्गको शक्ति र प्रभुत्वको प्रयोगमा महिला शरीरले गरेको प्रतिरोधको अध्ययनका निम्ति उपयुक्त छनौट भएको कुरा पुष्टि भएको छ ।

मानव पौडेल (२०७४) ले बाह्रखरी अनलाइन पत्रिकाको 'लट्ठ बनाउने/नथिया/' नामक लेखमा *नथिया* वादी समुदायमा जन्मिएर नचाहँदा नचाहँदै पुर्ख्यौली पेशा (धन्दा) गर्न बाध्य एउटी नारीको जीवन बाँच्ने रहर अनि उमेरसँगै जीवनमा आएका तमाम व्यथालाई आत्मसात् गर्दै बाँचेकी एउटी नारीको जीवनको आरोह अवरोहको कथा हो भनेका छन् । यहाँ पौडेलले चर्चा गरेकी 'एउटी नारी' उपन्यासकी प्रमुख पात्र सामली हो र उसका जीवनका आरोह अवरोहले शरीर राजनीतिको महिला शरीर प्रयोगअन्तर्गत रहेर अध्ययन र विश्लेषण गर्न यो लेख सहयोगी बनेको छ ।

जनक नेपाल (२०७५) ले नेपाल साप्ताहिक पत्रिकाको 'कमजोर सत्यकथा (पुस्तक समीक्षा : नथिया)' शीर्षकको लेखमा *नथिया* वादी छोरीहरुको कुमारीत्वको मोलतोल, नथिया उतार र पारिवारिक स्वीकृतिमा हुने बलात्कार, त्यसले दिएको पीडा, बाध्यात्मक यौन व्यवसाय, प्रेम र विवाहका उल्झनलाई सामलीमार्फत् उतारिएको उपन्यास हो भनेका छन् । उनले लेखमा सामली वादीले जयनेपाललाई सोधेको "यही समाजले हामीलाई वेश्या भनीकन थुक्दो छ, गाली गर्दो छ, घृणा गर्दो छ तर वेश्याको काम छाडीकन अर्को कुनै काम गर्नबाट हामीलाई वञ्चित गरीकन किन यही धन्दामै धकेल्दो छ ?" भन्ने प्रश्न खास र सशक्त अनि मूल प्रश्न भएको भन्दै सामली वादीको चेतनाको चर्चा गरेका छन् । उनले लेखमा पुरुषसत्ता हैकम र हुकुम विरुद्ध *नथिया* उपन्यासमा धेरै कोणबाट थुप्रै शब्द खर्चिएको

कुराको चर्चा गरेका छन् । यी सबै कोणबाट हेर्दा यो लेख प्रस्तुत शोध्य विषयको अध्ययन विश्लेषणका निम्ति सहायक सिद्ध भएको छ ।

सावित्रा पाण्डे (२०७६) ले *प्राज्ञिक* पत्रिकाको 'नथिया उपन्यासमा शरीर राजनीति' शीर्षकको अनुसन्धानमूलक लेखमा *नथिया* उपन्यास महिला शरीरमाथि भएको राजनीतिको यथार्थ प्रतिबिम्ब हो,  यसमा महिलाको शरीर राजनीति र त्यसबाट सिर्जित विद्रूप सामाजिक स्वरूपलाई देख्न सकिन्छ भनेकी छन् । लेखमा अगाडि उपन्यासमा समाजको सामाजिक सांस्कृतिक संरचनाले पनि महिलालाई पुरुषको यौन तृप्तिको साधनको रूपमा चित्रण गरेको छ भनिएको छ । त्यस्तै गरी शक्ति र सत्ताको आडमा पुरुषले नारी शरीरलाई उपभोग्य वस्तुका रूपमा ग्रहण गरेको कुरा लेखमा आएको छ । पाण्डेको प्रस्तुत लेखले एकातिर नथिया उपन्यास शरीर राजनीतिका कोणबाट अध्ययन गर्न उपयुक्त छ भन्ने तथ्य प्रकट गरेको छ भने अर्कोतर्फ यो लेख प्रस्तुत शोधप्रवन्धको अध्ययनमा सहायक सिद्ध भएको छ ।

विश्वको निशुल्क अनलाइन विश्वकोश विडिपिडियमा *नथिया* पुस्तक नेपालको सुदुरपश्चिम क्षेत्रका वादी महिलाको पीडामा आधिारित छ भनी लेखिएकाले यो उपन्यास शरीर राजनीतिका दृष्टिले अध्ययन विश्लेषणका निम्ति उपयुक्त छ भनी पुष्टि गर्न यो परिभाषा सहायक भएको छ ।

उल्लिखित पूर्वकार्यको अध्ययनबाट के स्पष्ट हुन्छ भने सरस्वती प्रतीक्षाको *नथिया* उपन्यासमा नारी शरीर, नारी दमन र शोषण, पितृसत्तात्मक मानसिकता आदिका कोणबाट शरीर राजनितिका दृष्टिले कुनै अध्ययन भएको देखिदैन । त्यसैले यहाँ उठाइएको शोध्य विषय नवीन र अनुसन्धेय रहेको स्पष्ट भएकाले प्रस्तुत अध्ययन गरिएको छ ।

## १.५ शोधको औचित्य तथा महत्त्व

प्रस्तुत *नथिया* उपन्यासमा शरीर राजनीति शीर्षकको शोधकार्य सांस्कृतिक अध्ययनको नवीन समालोचना परम्परामा विकसित शरीर राजनीतिका दृष्टिले विश्लेषण गरी वस्तुगत निष्कर्ष स्थापित गरिएको छ । यस शोधप्रबन्धमा गरिने अनुसन्धानात्मक कार्यले उनका उपन्यासमा प्रयुक्त शरीर राजनीतिका बारेमा प्रमाणिक निष्कर्ष प्रस्तुत गर्ने हुनाले यसले प्राज्ञिक एवम् अनुसन्धानात्मक औचित्य पुष्टि भएको छ । यस अनुसन्धानले शरीर

राजनीतिको अध्ययन परम्परामा सहयोग पुग्ने छ तथा यससँग सम्बन्धित समीक्षक, समालोचक तथा जिज्ञासु पाठकहरूलाई समेत सहयोगी हुने हुनाले यसको औचित्य र महत्त्व स्पष्ट भएको छ । *नथिया* उपन्यासमा महिला शरीर प्रयोगको प्रस्तुत अध्ययन मौलिक र प्राज्ञिक दृष्टिले महत्त्वपूर्ण भएकाले औचित्यपूर्ण रहेको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

साहित्यकार सरस्वती प्रतीक्षाले साहित्यको मूलतः कविता तथा आख्यान विधामा कलम चलाएकी छन् । उनका *नथिया र स्व* गरी हालसम्म दुईवटा उपन्यास प्रकाशित छन् । प्रस्तुत शोधकार्यमा पाश्चात्य समालोचना परम्परामा विकसित शरीर राजनीतिका दृष्टिले उनको *नथिया* उपन्यासको अध्ययन गरिएको छ । शरीर राजनीतिका दृष्टिले अध्ययन गरिने आधार लैङ्गिक रूपमा शरीरप्रतिको दृष्टि, महिला शरीरप्रतिको सामाजिकीकरण प्रक्रिया, महिला शरीरप्रतिको पुँजीवादी सांस्कृतिक दृष्टि, महिला शरीरप्रतिको सामाजिक दृष्टि, फेसन संस्कृतिका रूपमा शरीरको प्रयोग, शक्ति र प्रभुत्वका रूपमा शरीरको प्रयोग, सामाजिक संरचनामा शरीरको प्रयोग, पहिचानका रूपमा शरीरको प्रयोग, शरीरप्रतिको लचिलोपना आदि रहे पनि यस शोधमा महिला शरीरप्रतिको सामाजिकीकरणको प्रक्रिया, महिला शरीरप्रतिको पितृसत्तात्मक सामाजिक व्यवहार, शक्ति र प्रभुत्वका दृष्टिले शरीरको प्रयोग तथा शरीरको निर्वासन, उपभोक्तावादी संस्कृतिमा शरीर र शरीरप्रतिको प्रतिरोधको अवस्थाका आधारमा मात्र अध्ययन गरिएको छ । शरीर अध्ययनका बाँकी अन्य कोणबाट उपन्यासहरूको अध्ययन गरिएको छैन जुन प्रस्तुत शोधको सीमा हो ।

## १.७ शोधविधि

प्रस्तुत शोधप्रबन्धमा शोधविधिअन्तर्गत सामग्री सङ्कलन कार्य र तथा सैद्धान्तिक आधार र अध्ययन विधिको अवलम्वन गरिएको छ ।

### १.७.१ सामग्री सङ्कलन कार्य

प्रस्तुत शोधप्रबन्धमा सरस्वती प्रतीक्षाले रचना गरेको *नथिया* उपन्यास नै यसको मूल सामग्री हो । उनले रचना गरेको *नथिया* उपन्यास नै यस शोधको प्राथमिक सामग्री हो । यसका साथै यस शोध सम्पन्न गर्न प्रयोग गरिएका सैद्धान्तिक ग्रन्थ र उपन्यासका बारेमा

गरिएका अध्ययन विश्लेषण आदि कार्य द्वितीयक स्रोत सामग्रीका रूपमा प्रयोग गरिएका छन् ।

## १.७.२ सैद्धान्तिक पर्याधार

पाश्चात्य समालोचना चिन्तन परम्पराको अधुनातन समालोचना पद्धतिका रूपमा देखा परेको सांस्कृतिक अध्ययनले समग्र सामाजिक जीवन पद्धतिलाई संस्कृतिका रूपमा हेर्दछ । सांस्कृतिक अध्ययनभित्र सामाजिक, क्रियाकलाप, चालचलन, परम्परा, रीतिरिवाज, जीवनशैली, भेषभूषा, खानपान, परिवारको संरचना, उत्पादन शक्ति, उत्पादनमाथिको स्वामित्व, राज्य व्यवस्था, लैङ्गिकता र यौनिकता, शरीर राजनीति आदि कुराहरू पर्दछन् । ज्ञानको विभाजनलाई जोड्ने वा अनावृत गर्ने अथवा सार्वजनिक र स्थानीय ज्ञानलाई विभाजन गर्ने यस अध्ययनले शिष्ट र अशिष्ट दुवै खाले साहित्यलाई स्वीकार गर्दछ ।

शरीर राजनीति सांस्कृतिक अध्ययनको क्रममा विकसित समालोचना पद्धति हो । सांस्कृतिक अध्ययनको प्रारम्भ सन् १९६० को दशकमा बेलायतबाट भएको मानिन्छ । सन् १९६४ मा बर्घिङ्घम विश्वविद्यालयमा स्थापित सेन्टर फर कन्टेम्प्रोरी कल्चरल स्टडिज (CCCS) को स्थापनासँगै सांस्कृतिक अध्ययन विधिवत् रूपमा अगाडि बढेको देखिन्छ ।

अमेरिकी सांस्कृतिक अध्ययनको आरम्भ सन् १९८० को दशकबाट भएको हो । यसको अध्ययनको महत्त्वपूर्ण पक्ष लैङ्गिक अध्ययन हो ।

अमेरिकी सांस्कृतिक अध्ययनले साहित्यको सांस्कृतिक अध्ययनका क्रममा साहित्यलाई पाठका रूपमा लिँदै कृतिमा निहीत शक्ति सम्बन्धको खोजी, परिधीय शक्तिको पहिचान र परिधिका शक्तिहरूको प्रतिरोध क्षमतालाई देखाउने काम गर्दछ । उपभोक्तावादी संस्कृतिअन्तर्गत वस्तुलाई बढी उपभोग्य बनाउनका लागि मानिसको शरीरको विशेषगरी महिलाको शरीर र यौनिक दुरूपयोग कसरी भएको छ भन्ने कुराको अध्ययन अमेरिकी सांस्कृतिक अध्ययनले गर्दछ । अमेरिकी संस्कृतिको केन्द्रियतामा बहुल संस्कृतिको विकास भयो र सलाद संस्कृतिका रूपमा बहुल सांस्कृतिक अध्ययन देखा पर्‍यो । यसरी यो अमेरिकी सांस्कृतिक अध्ययन केन्द्रविहीनताको स्थापनाको रूपमा विकास भयो । समाजमा केन्द्र विहीनताको विकासको प्रारम्भ बहुलवादलाई हेर्ने दृष्टिकोण जनजाति, जातीय हुन् । जातीयताको पहिचान, रङ्गवादी मान्यताले कस्तो स्थान पाएको छ भन्ने कुरालाई यस

कोणबाट पाठलाई हेरिन्छ । लैङ्गिक दृष्टिकोणमा नारीवाद ट्रान्सजेण्डर आदिजस्ता कुराको उपस्थितिलाई हेरिन्छ । अमेरिकी सांस्कृतिक अध्ययनमा शरीरको अध्ययन गरिन्छ (पाण्डेय, २०६८ : १-४) । फुकोको मान्यतामा सिङ्गो समाज नै शरीर हो भन्ने अर्थ बुझिन्छ । उपभोक्तावादमा मानव शरीरको उपयोग गरिएको कुरालाई सांस्कृतिक अध्ययनमा अध्ययन गरिन्छ । शरीरमाथि कसको नियन्त्रण छ ? जसको शरीर छ उसले आफ्नो शरीरमाथि नियन्त्रण गर्न सकेको हुँदैन र शरीरमाथिको नियन्त्रण मान्छेले कसरी गुमाइरहेको छ भन्ने कुराको अध्ययन अमेरिकी सांस्कृतिक अध्ययनले गर्दछ ।

फ्रान्सेली दार्शनिक मिचेल फुको (सन् १९२६-१९८४) उत्तर संरचनावादलाई भिन्न तरिकाले विकसित तुल्याउने व्यक्ति हुन् । शक्ति सधैं नियन्त्रणकारी हुन्छ भन्ने मान्यतालाई फुकोले उल्ट्याएका छन् । शक्ति नियन्त्रणकारी छ वा आनन्ददायी छ भन्ने कुरा उनी शक्ति कुन परिवेशमा निर्माण भएको छ भन्ने कुरा अगाडि ल्याएर व्याख्या गर्छन् । शक्ति छरिएर रहेको हुन्छ । त्यो तेर्सो क्रम, ठाडो क्रम सबैतिर रहेको हुन्छ । यसलाई फुकोले शक्तिको सूक्ष्म भौतिकीसँग व्याख्या गरेका छन् । यसलाई उनले शरीरसँग जोडेका छन् । शक्ति एक ठाउँमा मात्रै केन्द्रित हुँदैन भनेर उनले यसलाई शक्तिको सूक्ष्म भौतिकी भनेका छन् । यसले शरीरमाथि प्रयोग गर्छ । शरीर यस्तो सतह हो जसमा विमर्शले विभिन्न किसिमको अर्थ छोड्ने काम गर्छ । शरीरलाई विभिन्न किसिमले खण्डित गर्ने काम विमर्शले गर्छ । फुकोका मान्यता अनुसार शरीरमाथि कस्तो दृष्टिकोण रहेको छ भन्ने कुरा पनि हेरिन्छ । यो शरीरमाथिको विमर्शको व्यवहार हो । विमर्शका माध्यमबाट महिलाको शरीरमाथि शक्तिको प्रयोग गरिएको हुन्छ । पत्नी, दासी, सेविका, छोरी, बुहारीका रूपमा नारीको शरीरलाई पृथकीकृत गरिएको हुन्छ । शरीर एउटा स्पेश हो, जसमाथि विमर्शका माध्यमबाट शक्तिको प्रयोग गरिन्छ । शरीरलाई यसरी टुक्राइएको सन्दर्भलाई फुकोले ऐतिहासिकीकरण गरेका छन् । फुकोका मान्यतामा यो शरीरको विनिर्माण हो । अनेक रूपमा शरीर खण्डित भएको हुनाले फुकोले यसलाई शरीरको विनिर्माण भनेका हुन् । (Foucault 2004, cabdirect. org.)

पितृसत्तात्मक समाजमा महिलाका धेरै पक्षहरू पुरुषको नियन्त्रणमा रहन्छन् । पितृसत्ताले महिलाको उत्पादन तथा श्रम शक्तिमाथि नियन्त्रण गरेको हुन्छ भने अर्कोतिर महिलाको गतिशीलता र यौनिकता एवम् प्रजनन् शक्तिमाथि समेत नियन्त्रण गरेको हुन्छ ।

पितृसत्तामा महिलाको यौनिकता र यौनिकतासम्बद्ध सम्पूर्ण अधिकारबारे स्वतन्त्र निर्णय गर्नबाट रोक्न छेक्न अनेक जाल बुनिन्छ । सामाजिक, सांस्कृतिक, संरचनागत स्वरूप र त्यसका विमर्शहरू त्यसै अनुकूल निर्माण गरिएका हुन्छन् । पितृसत्तात्मक समाजमा विवाहित महिलाहरूको हैसियत तिनका पतिका अगाडि यौन दासी सरह हुन्छन् । त्यस्तै कतिपय सन्दर्भमा समाजमा पुरुषले बलात्कार तथा धम्कीद्वारा पनि महिलाको यौन स्वतन्त्रतामाथि रोब जमाउने गरेको पाइन्छ (पाण्डे, २०६९ : पृ.१४) । मानव सभ्यता र समाजको इतिहासमा पितृसत्ताको स्थापना र विकासपछि नारीहरू सीमान्तकृत बनाइदै आएका छन् । उनीहरूको पहिचानलाई पुरुष आधारित बनाइएको छ र पुरुषका यौन सुखको परितृप्तिको साधन बनाइएको स्थितिले उनीहरूलाई शक्तिहीन र सीमान्त अवस्थामा पुऱ्याएको छ । ज्ञान र शक्तिदेखि वञ्चित गरिएका महिलाहरू अन्य उपभोग्य वस्तु झैं उपभोग्य बन्न पुगे र तिनको बजारीकरण भयो । पुँजीवादी र अझ उत्तर पुँजीवादी उपभोक्तावादी समाजमा पनि महिलाको शरीर कमोडिफिकेसन भएको छ । महिलाको शरीर र शारीरिक सौन्दर्यलाई उपभोग्य वस्तुको पर्यायका रूपमा लिइएको छ (पाण्डेय, २०६८ : पृ.७-८) । सामन्ती पुँजीवादी आर्थिक संस्कृतिक एउटा विचारधारा हो जसले पैसाका निम्ति मान्छे बेच्ने कुरालाई अस्वाभाविक वा अमानुषिक ठान्दैन । पाश्चात्य समालोचना चिन्तन परम्परामा विकसित सांस्कृतिक अध्ययनले समग्र सामाजिक जीवन पद्धतिलाई संस्कृतिका रूपमा हेर्दछ । महिला शरीरको प्रयोग पनि समाजमा संस्कृतिका रूपमा रहेको हुन्छ । आफ्नो शरीरको नियन्त्रण महिलाले नै गर्न पाइरहेका हुँदैनन् । शरीरमाथिको नियन्त्रण मान्छेले कसरी गुमाइरहेको छ भन्ने कुराको अध्ययन अमेरिकी सांस्कृतिक अध्ययनले गर्दछ । सांस्कृतिक अध्ययनमा शरीरको अध्ययन भनेको सांस्कृतिक शरीर अथवा संस्कृतिले शरीरमा पारेको प्रभाव र त्यसबाट पुनर्निमित शरीरको अध्ययन हो । शरीर राजनीतिमा साहित्यमा प्रयुक्त व्यक्तिको शरीरको अध्ययन गरिन्छ । यस अध्ययनमा *नथिया* उपन्यासमा शरीर राजनीतिको प्रयोग के कसरी गरिएको छ भन्ने कुराको अध्ययन विश्लेषण गरिएको छ ।

## १.७.३ सामग्री विश्लेषण विधि र विश्लेषणको ढाँचा

प्रस्तुत शोधको सैद्धान्तिक आधार सांस्कृतिक अध्ययन हो । सांस्कृतिक अध्ययनका क्रममा विकसित शरीर राजनीतिका सम्बन्धमा सांस्कृतिक अध्ययनका विभिन्न मान्यता प्रतिपादन भएका छन् । तीमध्ये महिला शरीरप्रतिको सामाजिकीकरणको प्रक्रिया,

पितृसत्तात्मक सामाजिक व्यवहार, शक्ति र प्रभुत्वका रूपमा महिला शरीरको प्रयोग तथा शरीरको निर्वासन, उपभोक्तावादी संस्कृतिमा शरीर र शरीर प्रयोगको प्रतिरोध पनि हुन् ।

प्रस्तुत शोध प्रश्नका सापेक्षतामा सामग्री विश्लेषणको ढाँचा निम्नानुसार हुनेछ :

(क) समस्याकथनमा प्रस्तुत पहिलो शोधप्रश्नको समाधानका लागि शरीर राजनीतिको सिद्धान्तका आधारमा महिला शरीरको सामाजिकीकरणको प्रक्रिया तथा पितृसत्तात्मक सामाजिक व्यवहारको विश्लेषण गरिएको छ ।

(ख) समस्याकथनमा प्रस्तुत दोस्रो शोधप्रश्नको समाधानका लागि महिला शरीरमाथि शक्ति र प्रभुत्वको प्रयोगलाई शरीर राजनीतिको सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ ।

(ग) समस्याकथनमा प्रस्तुत तेस्रो शोधप्रश्नको समाधानका लागि *नथिया* उपन्यासमा महिला शरीरमाथिको उपभोक्तावादी सांस्कृतिक दृष्टिका आधारमा व्याख्या विश्लेषण गरिएको छ ।

(घ) समस्याकथनमा प्रस्तुत चौँथो शोधप्रश्नको समाधानका लागि नथिया उपन्यासमा महिला शरीरले गरेको प्रतिरोधलाई शरीर राजनीतिको सिद्धान्तका आधारमा व्याख्या तथा विश्लेषण गरिएको छ ।

यिनै पाँचवटा आधारको प्रयोग गरी *नथिया* उपन्यासमा शरीर राजनीतिको अध्ययन विश्लेषण गरिएको छ ।

## १.८ शोधको रूपरेखा

प्रस्तुत शोधप्रबन्धलाई निम्नलिखित परिच्छेदमा विभाजन गरिएको छ :

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : *नथिया* उपन्यासमा महिला शरीरप्रतिको सामाजिकीकरण तथा पितृसत्तात्मक सामाजिक व्यवहार

तेस्रो परिच्छेद : *नथिया* उपन्यासमा महिला शरीरमाथि शक्ति र प्रभुत्व

चौथो परिच्छेद : *नथिया* उपन्यासमा महिला शरीरप्रतिको उपभोक्तावादी सांस्कृतिक दृष्टि

पाँचौं परिच्छेद : *नथिया* उपन्यासमा महिला शरीर प्रयोगको प्रतिरोध

छैटौं परिच्छेद : सारांश र निष्कर्ष

# दोस्रो परिच्छेद

# नथिया उपन्यासमा महिला शरीरको सामाजिकीकरण तथा पितृसत्तात्मक सामाजिक व्यवहार

## २.१ विषयपरिचय

*नथिया* (२०७४) नेपाली समाज विशेषगरी पश्चिम नेपालको दाङ जिल्लामा स्थायी बसोबास गर्ने वादी जातिहरूको जीवन सङ्घर्ष जीविकोपार्जनका लागि अवलम्बन गर्नुपर्ने यौन व्यवसायलाई विषयवस्तु बनाएर लेखिएको उपन्यास हो । प्रस्तुत उपन्यासमा एकातिर जीविकोपार्जनका लागि वादी जातिका महिलाहरूले पुर्ख्यौली पेसाका रूपमा अवलम्बन गर्दै आएको यौन व्यवसायको चित्रण गरिएको छ भने अर्कातिर शक्ति र प्रभुत्वका आधारमा उनीहरू माथि भएको दमन शोषणको चित्रण गरिएको छ। पितृसत्तात्मक सङ्कीर्ण मानसिकता तथा महिलाको शरीरलाई उपभोग्य वस्तुका रूपमा प्रयोग गर्ने उपभोक्तावादी संस्कृतिका कारण वादी जातिका महिलाहरूले भोग्नुपरेका लैङ्गिक तथा यौनिक हिंसा अन्याय र अत्याचारलाई प्रस्तुत गरिएको छ । प्रस्तुत उपन्यासमा सामली, कोकिला, चन्द्रिका, अप्सरी, लछिमा, नयनतारा, रैतवी, सुक्मेलीलगायतका पात्ररूको प्रयोग भएको छ । सामली यस उपन्यासकी प्रमुख पात्र हो । आफ्नो इच्छा विपरीत कुमारीत्व भङ्ग गर्नु परेको, पेट पाल्नकै लागि यौन व्यवसायमा लाग्नु परेको तथा सुरक्षा र न्यानो छहारीको आसमा रेञ्जरसँग विवाह गर्नु परेको जस्ता परिस्थितिले सामलीको शरीर विभिन्न पुरुषबाट पटक पटक प्रयोग गरिएको छ । यस उपन्यासमा प्रयुक्त नारी पात्रहरूको शरीरप्रतिको सामाजिकीकरणको प्रक्रिया के-कसरी भएको छ भन्ने कुराको अध्ययन यसअन्तर्गत गरिएको छ ।

*नथिया* उपन्यासमा महिला शरीरप्रतिको पितृसत्तात्मक सामाजिक दृष्टिको अध्ययन गरिएको छ । पितृसत्तात्मक सामाजिक चिन्तनले यस उपन्यासमा प्रयुक्त नारी शरीरमाथि के कसरी प्रयोग गरेको छ र यो प्रयोगले उनीहरू के कस्तो शोषण र दमनमा परेका छन् भन्ने कुरा शरीर राजनीतिको अध्ययनको विषय हो । यिनै विषयमा केन्द्रित रहेर *नथिया* उपन्यासमा प्रयुक्त नारी पात्रका शरीरको प्रयोग र त्यसका कारण उनीहरूले भोग्नुपरेको शोषण र दमनको अध्ययन यस परिच्छेदमा गरिएको छ ।

## २.२ शरीर राजनीतिको सैद्धान्तिक पृष्ठभूमि

सांस्कृतिक अध्ययन पछिल्लो समयमा विकसित एक प्राज्ञिक समालोचना सिद्धान्त हो । शरीर राजनीति पनि सांस्कृतिक अध्ययनको एउटा क्षेत्र हो । शरीर राजनीति सांस्कृतिक अध्ययनकै क्रममा विकसित समालोचनाले समग्र जीवन पद्धतिलाई नै संस्कृतिका रूपमा हेर्दछ । सांस्कृतिक अध्ययनका विभिन्न मोडेलहरू विकसित छन् । तीमध्ये ब्रिटिस सांस्कृतिक अध्ययन र अमेरिकी सांस्कृतिक अध्ययन गरी दुईवटा मोडेलहरू प्रचलित छन् । अमेरिकी सांस्कृतिक अध्ययनले महिलाको शरीर र यौनिक दुरुपयोग कसरी भएको छ भन्ने कुराको अध्ययन गर्दछ । फुकोको मान्यतामा सिङ्गो समाज नै शरीर हो भन्ने अर्थ बुझिन्छ । उपभोक्तावादमा मानव शरीरको उपयोग गरिएको कुरालाई सांस्कृतिक अध्ययनमा अध्ययन गरिन्छ । शरीरमाथि कसको नियन्त्रण छ ? जसको शरीर उसले आफ्नो शरीर माथिको नियन्त्रण कसरी गुमाइरहेको छ भन्ने कुराको अध्ययन अमेरिकी सांस्कृतिक अध्ययनले गर्दछ ।

अमेरिकी सांस्कृतिक अध्ययन स्थानीयतामा आधारित रही प्रारम्भदेखि नै वर्गभन्दा लैङ्गिक तथा जातीय मुद्धामा केन्द्रित हेको छ । सन् १९९० को दशकसम्म आउँदा अमेरिकी सांस्कृतिक अध्ययनमा ग्राम्सी, आल्थुसर, जेन्सन लगातका मार्क्सवाद, नवमार्क्सवाद, उत्तरमार्क्सवाद, नारीवाद, जाति र जनजातीय सिद्धान्त, संरचनावाद, विशेषतः वाख्तिन र फुकोको उत्तर संरचनावाद, विनिर्माणवाद, लकानको मनोविश्लेषण लैङ्गिकता जस्ता विधि धारा र मान्यताको संयोजक भएको छ (भट्टराई, २०७३, पृ. ३१) । यसरी यिनै विविध वाद र मान्यता हुँदै अमेरिकी सांस्कृतिक अध्ययन अगाडि बढेको छ ।

यसरी विविध सिद्धान्त आफूमा समाविष्ट गरी अगाडि बढेको अमेरिकी सांस्कृतिक अध्ययनले साहित्यलाई पाठका रूपमा लिँदै कृतिमा रहेको शक्तिसम्बन्धको खोजी, परिधीय शक्तिको पहिचान, प्रतिनिधित्व र प्रतिरोधको क्षमतालाई प्रस्तुत गर्न थाल्यो र उपभोक्तावादी संस्कृतिको समेत अध्ययन गर्न थाल्यो । उपभोक्तावादी संस्कृतिले मानिसको वस्तुकरण र उसको स्वत्वको बजारीकरण गर्दछ । यसरी उपभोक्तावादी संस्कृतिले वस्तुलाई बढी उपभोग्य बनाउन मानिसको स्वमा प्रहार गर्दछ र मानिसलाई बजारीकरण गरेको हुन्छ । त्यसको पहिलो प्रयोग मानिसको शरीरमाथि हुन्छ । पितृसत्तात्मक समाजमा पुरुष शरीरभन्दा महिला शरीरको बढी उपभोग भएको हुन्छ । वस्तुलाई बढी उपभोग्य बनाउनका लागि मानिसको शरीर त्यसमा पनि विशेष गरी महिला शरीर र यौनिक दुरुपयोग कसरी भएको

छ भन्ने कुराको अध्ययन अमेरिकी सांस्कृतिक अध्ययनले गर्दछ । यस अध्ययनमा उपभोक्तावादी संस्कृतिका कोणबाट पनि शरीरको अध्ययन गरिन्छ ।

अमेरिकी सांस्कृतिक अध्ययनको अर्को पक्ष लैङ्गिक अध्ययन पनि हो । लैङ्गिक अध्ययन महिला र पुरुषप्रतिको सामाजिक व्यवहार र सांस्कृतिक निर्मिति हो । यसले पुरुष र महिलाले के गर्न हुने र के गर्न नहुने जस्ता सांस्कृतिक मान्यताको निर्माण गर्छ र विचारधारात्मक रूपमा पहिचानको निर्धारण गर्छ (भट्टराई, २०७३, पृ. ८७) । लैङ्गिक अध्ययन लिङ्गको जीव वैज्ञानिक अध्ययन नभई सांस्कृतिक निर्मितिका आधारमा पुरुष र महिलाको भूमिका र व्यवहारको अध्ययन हो । पछिल्लो समयमा यसले लिङ्ग यौनिकता तथा शरीर जस्ता पक्षहरूलाई अध्ययनको क्षेत्र बनाउँदै आएको छ । सांस्कृतिक अध्ययनमा समाजका शक्ति केन्द्र र त्यसको प्रतिरोधमा उभिएका परिधिको भूमिका के छ भन्ने कुराको अध्ययन हुन्छ ।

यसरी बेलायती सांस्कृतिक अध्ययन हुँदै अमेरिकी सांस्कृतिक अध्ययन र त्यसमा पनि उत्तर संरचनावाद, उत्तर आधुनिकतावाद, जाति, जनजातिको अध्ययन, उपभोक्तावादी संस्कृतिक, लैङ्गिक अध्ययन जस्ता विविध सांस्कृतिक समालोचनाबाट शरीरको अध्ययन गर्ने परम्परा निर्माण भएको छ । शरीर राजनीति अध्ययनको सुरु हुनुमा माथि उल्लिखित पक्ष कारक तत्त्वका रूपमा रहेका छन् ।

## २.३ शरीर राजनीतिका मूलभूत मान्यता

सांस्कृतिक सिद्धान्तको वर्तमानको विषय शरीर राजनीति पनि हो । शरीर राजनीति भन्नाले महिलाको शरीरमा महिलाकै अधिकार हुनुपर्छ र पुरुषको अधिनता र शोषणबाट शरीर मुक्त हुनुपर्छ भन्ने हो । यसरी महिलाको शरीरमा महिलाकै आधिकार हुनुपर्छ र पुरुषको अधीनता र शोषणबाट शरीर मुक्त हुनुपर्छ भन्ने मान्यताबाट नै शरीर राजनीतिको अवधारणा आएको हो । नारीको पुरुषसँगको सम्बन्ध, महिलाको शरीरको कामुकता, रजस्वला, गर्भाधान तथा बालबच्चाको हेरचाह जस्ता विषय नारीका विषय हुन् । त्यसैले नारीवादी चेतनाका दृष्टिले शरीर राजनीति व्यक्तिगत विषयका रूपमा देखापर्छ र व्यक्तिगत नै राजनीति हो भन्ने नाराका साथ यसले आफ्नो शरीरको अधिकार आफूमा नै हुने मान्यता

राख्छ । शरीरको प्रयोग गर्न व्यक्ति स्वयम् इच्छित वा इच्छा विपरीत शरीरको प्रयोग भइरहेको छ भन्ने विषयमा प्रस्तुत अध्ययन केन्द्रित छ ।

सरिता तिवारीले हाम्रो समाजमा लोउनी छोराले हुप (वर्कत)ले खानी हो, आइमाइले रूपले जस्ता आहान प्रचलित छन्, जसले स्थानीय ज्ञान र चेतना निर्माणको जग के हो भन्ने बताउँछ । त्यसबाट महिलालाई जबरजस्ती राम्री देखिनुपर्ने शरीरको छटनी कटनी गर्नुपर्ने, नखरा र उत्तेजनाले पुरुषलाई मोहित पार्नु पर्ने मनोविज्ञान थोपरेका छन् । अधिकांश महिला त्यही मनोवैज्ञानिक दासत्वमुनि खुसीखुसी सहिद भइरहेका छन् (तिवारी, २०७६, पृ. ६) भनेकी छन् ।

शरीर राजनीतिसम्बन्धी आफ्नो विचार राख्ने क्रममा तर्कना शर्माले शरीरको प्रयोग पनि सांस्कृतिक अध्ययनको एउटा क्षेत्र हो । पुँजीवादी समाजमा मानिसको शरीर माथि के कसरी राजनीति भइरहेको छ । शरीरधारीसँग आफ्नो शरीमाथिको अधिकार छ कि छैन ? छ भने कसरी छ र छैन भने किन छैन ? केका लागि मानिसले आफ्नो स्व गुमाइरहेको छ ? भन्नेजस्ता प्रश्नहरूको जवाफ शरीरको प्रयोगमा खोजिन्छ (शर्मा, २०७३ : पृ. १८५) भनेकी छन् ।

पितृसत्तात्मक समाजमा पुरुष शक्तिशाली र महिला कमजोर मानिने संस्कृति विद्यमान हुन्छ । यस्तो संस्कृतिमा पुरुषले महिलाको शरीरमा विभिन्न प्रयोग गर्दछ । यतिमात्र नभई शक्तिमा रहेकाले शक्तिमा नरहेका माथि पनि विभिन्न प्रयोग गर्दछन् । शरीर राजनीति शरीरप्रतिको सामाजिकीकरण, उपभोक्तावादी तथा पितृसत्तात्मक सामाजिक दृष्टि, शरीरमाथि शक्ति र प्रभुत्वको प्रयोग, उपभोक्तावादी सांस्कृतिक दृष्टिमा शरीर, शरीरप्रयोग प्रतिको प्रतिरोधको स्थिति आदि दृष्टिले अध्ययनीय विषय भएकाले यहाँ यिनै पक्षका बारेमा अध्ययन गरिएको छ ।

## २.३.१ शरीरप्रतिको सामाजिकीकरण

समाजको संस्कृति, धर्म, भाषा, मूल्य मान्यता, चालचलन व्यवहार, आदि सिक्ने प्रक्रिया नै सामाजिकीकरण हो । यही प्रक्रियाबाट नै बालबालिकाहरू समाजको चालचलन आत्मसात् गर्दै सामाजिक प्राणी बन्दै जान्छन् । यसै सामाजिकीकरणको प्रक्रियाबाट नै समाजमा बालक वा बालिकाले समाजअनुसारको लैङ्गिकता अपनाई एउटा महिला वा

पुरुषको भूमिकालाई आत्मसात् गर्दछ । सामाजिकीकरणको एक अभिन्न अङ्ग लैङ्गिक सामाजिकीकरण हो (भद्रा, २०७०, पृ. २०) । बालबालिकाले सानै उमेरदेखि आफू महिला वा पुरुष को हो भन्ने कुरा बुझी त्यसै अनुसारको मानसिकता र व्यवहारलाई स्वीकार गर्दछन् ।

पुरुष वा महिला भएकै कारण व्यक्तिलाई समाजले निश्चित भूमिकामा बाँधिदिन्छ र त्यो व्यक्तिबाट समाजले तिनै भूमिकाको अपेक्षा गरेको हुन्छ । उदाहरणका लागि परम्परागत नेपाली समाजमा छोरी घरायसी काममा पोख्त हुनुपर्ने, लजालु, सहनशील हुनुपर्ने आदि कुरा सिकाइन्छ । उसलाई योनी भएकै कारण फ्रक, घाँघर जस्ता लुगा लगाउन लगाइन्छ, लामो कपाल राख्न, सिँगार पटार गर्न सिकाइन्छ । पुतली, भाँडाकुटी जस्ता खेलौना दिइन्छ भने छोरालाई बहादुर, बलवान, जुझारु बन्न सिकान्छ । घरका भन्सा र सरसफाइका काममा उति लगाइन्न । सानैदेखि बन्दुक, गाडी, हवाइजहाज जस्ता खेलौना दिइन्छ (ढकाल, २०७०, पृ. ३२९) । परम्परागत पितृसत्तात्मक समाजको सामाजिकीकरणको सोचअनुसार अघि बढ्दै गएको सामाजिकीकरणको प्रक्रियाले महिला र पुरुषमा लैङ्गिक विभेद देखिएको छ । “धेरै जसो समाजमा छोरा छोरीको सामाजिकीकरणको प्रक्रिया यसरी अघि बढ्छ, छोरीलाई क्षमा, भय, लाज, सहनशीलता, समर्पण, सहिष्णुता, कमनीयताका गुणहरू आत्मसात गर्न प्रेरित गरिन्छ तर छोरालाई साहसिक, शक्तिशाली, तार्किक, आत्मविश्वासी, प्रतिस्पर्धी, स्वभावमा प्रवृत्त हुन उत्प्रेरित गरिन्छ” (भासिन, सन् २०००, पृ. ६) । यसरी समाजले छोरीहरूलाई हुर्कँदै जाँदा आफूमा सहनशील, धैर्यवान् बन्ने शिक्षा दिन्छ र यी गुणहरूलाई नारी सुलभ गुण भनेर छोरीहरूले स्वीकार गर्न बाध्य हुन्छन् । विनिर्माणवादीहरूका विचारअनुसार ‘नारीत्व’ को कुनै तात्विक सत्य हुँदैन । कुनै पनि नारी नारीत्वका गुणहरू लिएर जन्मदैन । तिनको ‘नारीत्व’ त पितृसत्तामा नियम उपनियमहरूको जालोभित्रै निर्मित भएको हुन्छ ( उप्रेती, २०६९, पृ. २४६) । पितृसत्ताले महिला र पुरुषको शरीरलाई अलगअलग तरिकाले सामाजिकीकरण गरेको हुन्छ ।

पुँजीवादले नारीलाई आदर्श गृहिणी हुन, देवी हुन, उनी स्वतन्त्र हुनुभन्दा पुरुषको शीतल छायामुनि सँगिनी र प्रेयसी भएर बस्न रुचाउँछिन् भनेको छ । उनी कोमल शरीर र नरम हृदयकी छन् । त्यसैले कठोर हुन चाहन्नन्, क्रान्तिभन्दा शान्ति रुचाउँछिन् घर बाहिरका अनेक प्रचलनमा बस्नुभन्दा घरलाई नै सजाई रमाइलो पारी त्यहीँ रमाउन चाहिन्छन् । उनी पति र नानीहरूको स्याहारसुसार गर्नमा गौरव मान्छिन् (प्रश्रित, २०६६, पृ.

७४) । यसरी पुँजीवादी समाजले पनि नारीको शरीरलाई पुरुषको छत्रछाँयामा उसकी प्रियसी वा पत्नी बनेर घरभित्रै बस्न मनपराउने पराधीन व्यक्तिका रूपमा अर्थ्याएको छ ।

सामाजिकीकरणको प्रक्रियाले नारी शरीरलाई सुन्दर हुनुपर्ने, सुशील हुनुपर्ने, शृङ्गारले युक्त हुनुपर्ने, मृदुभाषी र पुरुषलाई आकर्षित गर्न सक्ने गुणहरूले युक्त हुनुपर्ने भनेर सिकाएको छ । हाम्रो समाजमा छोरा र छोरीका लागि लागु हुने सुन्दरताको परिभाषा अलगअलग छ ।

## २.३.१.१ नथिया उपन्यासमा महिला शरीरको सामाजिकीकरणको प्रक्रिया

पितृसत्तात्मक समाजले नारी र पुरुषको सुन्दरताको मापदण्ड अलग अलग रूपमा निर्धारण गरेको छ । महिलाहरू सुन्दर हुन पातली, गोरी, ठुला आँखा आदि हुनुपर्ने कुरालाई समाजले स्वीकारेको छ । यदि पूर्वनिर्धारित यस्ता मापदण्ड पूरा नभएमा नारी सुन्दर हुँदैनन् भन्ने विषयलाई उपन्यासमा यसरी चित्रण गरिएको छ :

> अलिकति नराम्री होइन, साह्रै नराम्री थिई चन्द्रिका । वादी वस्तीमा जन्मनु र रूपले धोका दिनु, त्योभन्दा चर्को ठट्टा अरु हुनै सक्दैन । प्रकृतिले गरेको त्यही चर्को ठट्टा थिई ऊ । कालो अनुहार र अगाडिपट्टि उछिट्टिएका दाँतहरू, गाडिएका एकजोर आँखा, डल्लो ज्यान, अङगहरू बिगार्न मिल्ने जति बिगारेपछि जोरजाम पारिएकी एउटी पुतलीजस्ती थिई ऊ (पृ. १४) ।

पितृसत्तात्मक समाजमा नारीको शरीरलाई सौन्दर्यले भरिपूर्ण हुनुपर्ने, पुरुषलाई आकर्षित गर्ने रूपाकृति हुनुपर्ने तथा नारीको शरीर पुरुषलाई आकर्षित गर्ने वस्तुका रूपमा प्रयोगमा आउनुपर्ने भनेर सामाजिकीकरण गरिएको हुन्छ । नारी र पुरुषमा सौन्दर्यको परिभाषा अलगअलग निर्धारण गरिएको हुन्छ । यहाँ अनुहार कालो हुनु, दाँत उछिट्टिनु, गाडिएका आँखा हुनु, डल्लो जिउ हुनुलाई कुरूपताको संज्ञा दिइएको छ । कुरूप शरीरले पुरुषलाई आफूतर्फ आकर्षित गर्न नसक्ने हुनाले यहाँ चन्द्रिकाको सौन्दर्यलाई कुरुप भनेर उल्लेख गरिएको छ । चन्द्रिका कुरूप भएकै कारणले उसको नथिया नफुकालिएको अर्थात् यौन धन्दामा सक्रिय हुन नपाएको प्रसङ्ग उपन्यासमा यसरी वर्णित छ :

> १५ वर्षको उमेरमा त कसो ग्राहक नआउला ? अब १७-१८ वर्षको उमेरमा त कसो ग्राहक नआउला र नथिया उतार्न ? अहँ कोही पनि ग्राहक आएन । १९-२० वर्षको उमेरमा त कसो ग्राहक नआउला र नथिया उतार्न ? अहँ कोही ग्राहक आएन । उमेर फक्रियो । उमेरसँगै बैँस पनि पूरै फकियो । बैँससँगै रूप नफकिएबाट रूपमा भवरा, बास माग्नै आएनन् (पृ. १४) ।

वादी समुदायमा महिलाको शरीरलाई पुरुषको उपभोग्य वस्तुका रूपमा समाजिकीकरण गरिएको हुन्छ । पुरुषहरूले जुन महिला सुन्दर हुन्छन्, उसैलाई उपभोग गर्छन् र यौन सन्तुष्टि प्राप्त गर्छन् । यदि महिलाको शरीर कुरूप छ भने उसको शरीर उपभोग योग्य वस्तु समेत बन्दैन भन्ने दृष्टिकोण राखिएको हुन्छ ।

पितृसत्तात्मक समाजले छोरीलाई क्षमा, सहनशीलता, लाज तथा कमनीयताका गुण आत्मसात गर्न प्रेरित गर्छ । यी र यस्तै गुण भएका छोरीलाई आदर्श र असल पात्रका रूपमा अर्थ्याएको हुन्छ भन्ने उदाहरण उपन्यासमा यसरी आएको छ :

> ..... कतिको मन यसैयसै अद्भूत सौन्दर्यले जितेकी थिई । मृदुभाषी थिई, धेरै बोल्थिन । कतिको मन थोरै बोलेरै जितेकी थिई । कतिसँग त एक शब्द बोल्दिनथी कहिल्यै । मान्छेहरू उसले नबोलेको त्यही नबोलाईलाई मन पराइदिन्थे वा कतिको मन यसरी नबोलेरै जितेकी थिई (पृ. २०) ।

प्रस्तुत उदाहरणमा सामलीको शरीरलाई सौन्दर्यको पर्यायका रूपमा चित्रण गरिएको छ । मृदुभाषी हुनु, कम बोल्नु, सहनशील हुनु नै नारीको विशेषता हो भन्ने तथ्यलाई माथिको उदाहरणले पुष्टि गरेको छ । यहाँ महिलाको शरीर अर्काको मन जित्नकै लागि हो, महिलाको काम आफ्ना व्यक्तिगत रूचि, चाहना, र भावनालाईं वेवास्ता गरेर पनि अर्काको मन जित्नुपर्छ भन्ने पितृसत्तात्मक चिन्तनबाट ग्रसित छ । सामाजिकीकरणको प्रक्रियाले हामीलाई पुरुष भनेको कठोर हुनुपर्छ लजालुपन, कमनीयता, कोलम तथा भावुकता जस्ता गुण नै छोरी मान्छेका स्वभागगत विशेषता हुन् भन्ने कुरा सिकाएको हुन्छ जुन कुरा समाजमा अघोषित रूपमै स्वीकार गरिएको हुन्छ । पितृसत्तात्क समाजले नारीको बाह्य शरीरलाई मात्र नभएर भावनालाई पनि कसरी सामाजिकीकरण गरेको छ भन्ने कुराको उदाहरण उपन्यासमा यसरी आएको छ :

> स्वास्नी मान्छेको मन ओखरजस्तो न हो । बाहिरबाट कठोर हुनुको जति नै अभिनय गरे पनि भित्रभित्रै नरम भइजान्या यसै यसै .......... कहिल्यै प्रेम गर्दिन भन्ने केटी अलिकति प्रेमको कुराले पग्ली, अलि बढी विवाह र सुरक्षित भविष्यको चाहनाले पग्ली (पृ. २३) ।

पितृसत्ताको आइडियोलोजीले अवचेतनाको तहमा भन्छ- शारीरिक शक्ति प्रदर्शन पुरुषत्वको परिचायक हो । नारीहरू कोलम हुन्छन्, पुरुषहरू कठोर (उप्रेती, २०६९, पृ. २५६) । प्रस्तुत उदाहरणमा स्वास्नी मान्छे भएकै कारण लछिमालाई बाहिरबाट हेर्दा कठोर देखिन अनेक प्रयास गरे तापनि उसको मन भित्रभित्रै कोलम छ भन्ने स्वीकार गरिएको छ । पितृसत्तात्मक समाजले पुरुषलाई संरक्षक र महिलालाई संरक्षिताका रूपमा अर्थ्याएको हुन्छ । यहाँ लछिमा हवल्दारसँग विवाह गर्न तयार हुनुको मुख्य कारण लोग्नेका रूपमा उसले संरक्षकको खोजी गरेकी छ । यहाँ नारी आफैँले आफ्नो सुरक्षित भविष्यको निर्माण गर्नुभन्दा पनि विवाह गरेर लोग्नेको संरक्षण खोजेकी छ । हाम्रो समाजमा अहिले पनि लोग्ने छोराले हुपले खानी, आइमाईले रूपले जस्ता आहान प्रचलित छन्, जसले स्थानीय ज्ञान र चेतना निर्माणको जग के हो भन्ने बताउँछ । त्यसबाट महिलालाई जबरजस्ती राम्री देखिनुपर्ने, नखरा र उत्तेजनाले पुरुषलाई मोहित पार्नुपर्ने मनोविज्ञान थोपरेको छ । उपन्यासकी प्रमुख पात्र सामलीले आफ्नो रूप, अदा र नखराको प्रयोगबाट पुरुषहरूलाई आफूतर्फ आकर्षित गरेको विषय यसरी व्यक्त भएको छ :

> उता बाँसुरी, मादल, तबला, खैजरी र दमाहा बजाउन थाले वादी पुरुषहरूले । यता नाच्न तम्तयार सामलीको धड्कन रोकिएला जस्तो भइरहेको थियो । ....आज भने पूरै नाचको केन्द्रमा ऊ आफैं थिई । उमेरले, रूपले, कलाले  अदाले फकिएकी एउटी पूर्ण फूल ! (पृ. ३२) ।

महिलाको शरीर, रूप, सौन्दर्य आदि सबै पुरुषलाई खुसी बनाउन या सन्तुष्टि दिनका लागि निर्मित वस्तुका रूपमा महिलाको शरीरलाई समाजिकीकरण गरिएको हुन्छ । प्रस्तुत उदाहरणमा सामलीको सुन्दरता, यौवन, कला, अदा आदि पुरुष वर्गलाई आकर्षित गर्ने अस्त्रका रूपमा प्रयोग भएको छ ।

पुँजीवादले नारीलाई आदर्श गृहिणी हुन्, देवी हुन्, उनी स्वतन्त्र हुनुभन्दा पुरुषको शीतल छायामुनि सँगिनी र प्रियसी भएर बस्न रूचाउँछिन्, उनी क्रान्तिभन्दा शान्ति रूचाउँछिन् भन्ने मान्दछ। पुँजीवादले नारीको शरीरलाई पुरूषको छायामा प्रियसी र पत्नी बनेर बस्न मन पराएकै कारण सामलीले विवाहलाई स्वीकार गरेको प्रसङ्ग उपन्यासमा यसरी आएको छ :

> नजिकैको राम मन्दिरमा राम सीतालाई साक्षी राखेर सिन्दुर र पोते पहिराइदियो रेञ्जरले। 'हजुर नै मेरो पति परमेश्वर !' को मुद्रामा खुट्टामा ढोगी सामलीले (पृ. ११६)।

यहाँ सामलीले लोग्नेका रूपमा रेञ्जरलाई आफ्नो संरक्षक बनाएकी छ। सामलीमा भएको पितृसत्तात्मक चिन्तनका कारण ऊ पति र प्रियसी बन्न तयार छ। सामलीले आफूलाई संरक्षिता र रेञ्जरलाई संरक्षकका रूपमा स्वीकार गरेकी छ।

पितृसत्ताले स्वास्नी मान्छेलाई कोमललता, सहनशीलता तथा क्षमाशील व्यक्तिका रूपमा कसरी सामाजिकीकरण गरेको छ भन्ने प्रस्तुत उदाहरणबाट स्पष्ट भएको छ :

> लोग्नेले खुट्टै समातेर माफी मागेपछि सामलीले रातभरिको अनिन्द्रा, दिनभरिको उकुसमुकुस र घुटन एउटा दुस्वप्न मात्र थियो भनेर बिर्सिदिई। लोग्ने मान्छेले मायाले बोलेको एक वाक्यमा उनीहरूले गरेको अत्याचार सजिलै नजरअन्दाज गरिदिन्छन् स्वास्नी मान्छेहरू। करूणाको खानी भनेर जति नै भने पनि करूणा कोमलताको कारणले जन्मन्छन्। ....यही कोमलताकै कारण माफी गरिदिई रेन्जरलाई मानौं हिजो राति केही भएकै छैन झैँ गरेर। शरीरमात्र होइन आत्मा पनि सुम्पिदिई उसले (पृ. १३६-१३७)।

परिवार र समाजमा महिला र पुरुषले सामाजिकीकरणको प्रक्रियाअनुसार विभिन्न भूमिकाहरू पूरा गर्दछन्। उनीहरूलाई समाज र समाजका सङ्गठनमा गर्नुपर्ने भूमिकाहरू तोकिएको हुन्छ। परम्परागत नेपाली समाजमा छोरीमा लजालु, कोमल, सहनशील र क्षमाशील हुनुपर्छ भन्ने कुरा सिकाइन्छ भने छोरालाई साहसी, आक्रामक र कठोर बन्न सिकाइन्छ। त्यसैगरी छोरीलाई रक्षिता र छोरालाई रक्षक बन्न सिकाइन्छ। (पाण्डे, २०७६, पृ. २८) माथिको उदाहरणमा भौतिक यातना तथा मानसिक प्रताडना भोगेकी सामलीले

लोग्नेले माफी माग्नासाथ उसका सारा गल्तीहरू बिर्सिएर माफी दिएकी छ। उसले आफूलाई यसरी सामाजिकीकरण गरेकी छ मानौँ पीडक बन्नु लोग्नेको अधिकार हो र पीडा भोग्नु आफ्नो कर्तव्य । अघिल्लो दिन राक्षस रूप धारणा गरेर आफूलाई कुट्ने लोग्नेले भोलिपल्ट अलि नरम भएर बोल्दैमा उसमा करूणा जागृत भएको छ । लोग्ने भएपछि स्वास्नीको शरीर भोग्ने उसको अधिकार हो जसरी सामलीले शरीर र आत्मा लोग्नेलाई सुम्पिएकी छ। पितृसत्तात्मक सामाजिक चिन्तनमा महिला र पुरुषको शरीर मात्र नभएर स्वभावलाई पनि सामाजिकीकरण गरिएको हुन्छ कि लोग्नेले आफ्नी श्रीमतीको शरीरलाई जसरी मन लाग्यो त्यसरी उपभोग गर्न मिल्छ। उसलाई रिस उठ्यो तत्कालै पिट्यो, कुट्यो, अपमान गऱ्यो, मन लाग्यो तत्काल माफी माग्यो शरीर भोग्यो, मानौँ यो उसले वर्षौंदेखि पाउँदै आएको अधिकार हो। महिलालाईं सहनशील, क्षमाशील हुनुपर्छ भन्ने मानसिकता कै कारण लोग्नेले गरेका कर्तुत र यातना सहेर पनि उसलाई माफी दिनुपर्छ भन्ने मानसिकता सामलीमा विकास भएको छ। नारीमा यही कोमलता, क्षमाशीलता र सहनशीलताका कारण पुरुष झन्झन् पीडक र महिला झन्झन् पीडित हुन्छन् । यस्तो समाजमा महिला आत्मनिर्भर भन्दा पनि परनिर्भर बनेर पुरुषको संरक्षणमा बस्नुमा गौरवबोध गर्छन् भन्ने चिन्तन तलको उदाहरणबाट स्पष्ट हुन्छ :

> चाह्याको भए आफ्नो परिवारसँग मुलाई भेटाउन सक्नुहुँदोथ्यो। दुवै जनालाई मिलाइकन सँगै राख्न पन र सक्नुहुदोथ्यो नि। दुनियाँले मिलाईकन राख्याकै त छन् (पृ. १४२)।

माथिको उदाहरणमा सामली रक्षिताका रूपमा रहेकी छ। उसमा स्वतन्त्र भएर बाँच्ने अस्तित्ववादी चेतना छैन बरु उसले रेन्जरकी दोस्री पत्नी भएर परिचित हुनुमा गौरवबोध हुने भाव व्यक्त गरेकी छ। आफू दोस्री पत्नी बनेर रेञ्जरकै संरक्षकत्वमा रहनुमा उसलाई आपत्ति छैन। बरु दुनियाँले दुईवटी पत्नीलाईं मिलाएर राखेको उदाहरण दिएकी छ । सामलीले आफूलाई पालिने जात, परनिर्भर बनेर घरभित्रै रमाउन चाहेको प्रसङ्गले महिलाको सामाजिकीकरणको प्रक्रिया पुरुषको भन्दा फरक छ भन्ने देखाएको छ।

पितृसत्तात्मक समाजको सामाजिकीकरणको प्रक्रियामा महिलालाई रक्षिता, पालिने जात, अर्काको आश्रयमा बाँच्ने जात, घरभित्र बस्ने, परनिर्भर निष्क्रिय तथा पुरुषलाई रक्षक पाल्ने जात, आफ्नै भाग्यले खाने जात, आत्मर्भिर, घरबाहिर गएर कमाउने जात, सक्रिय

आदिका रूपमा अर्थ्याइन्छ : सँगै राख्ने कुरा आउँदैन । जहाँ राखे पनि म तिमीलाई सुखसँग पाल्छु भैहाल्यो त ! (पृ. १४३) ।

प्रस्तुत उदाहरणमा रेञ्जरलाई रक्षक तथा पाल्ने जातका रूपमा उभ्याइएको छ । यहाँ दुई वटा कोठा खोजेर सामलीलाई अलग राख्न तयार भएको रेञ्जर श्रीमतीलाई कहाँ राख्ने कसरी राख्ने भनेर निर्णय गर्न सक्ने निर्णयकर्ता पुरुष हो । रेञ्जरकी श्रीमती सामली रेञ्जरले जहाँ राख्छ त्यही राखिने व्यक्तिका रूपम चित्रित छे । यहाँ रेञ्जरले म तिमीलाई सुखसँग पाल्छु भन्दा रेन्जर पाल्ने जात र सामली पालिने जातका रूपमा चित्रित भएका छन् ।

परम्परागत पितृसत्तात्मक समाजको समाजिकीकरणको प्रक्रियाले महिला र पुरुषले लगाउने वेषभूषा, गरगहना, शृङ्गार तथा शरीरको बनावट आदिमा सुन्दरताको अलग मापदण्ड निर्धारण गरेको छ । महिलाको लुगा लगाउने शृङ्गार गर्ने अधिकारमाथि पनि पुरूषको नियन्त्रण रहन्छ भन्ने तथ्य तलको उदाहरणबाट स्पष्ट हुन्छ :

> गाजल र लाली पो नलगाए हुन्छ भनेको । टीका, सिन्दुर र पोते पनि नलगाई बस भनेको त होइन नि ! झन् त्यहीँमाथि सेतै विधवाको जस्तो पहिरनमा बस्नु कल्ले भनेथ्यो र ? यति भन्दै रेञ्जरले आफैँले सामलीको निधारमा टीका लगाइदियो । सिउँदोमा सिन्दुर लगाइदियो । हातमा चुरा लगाइदियो । गलामा पोते लगाइदियो भन्यो, “बल्ल तिमी मेरी दुलहीजस्तै देखियौ” (पृ. १४६) ।

जब एउटा शिशुको जन्म हुन्छ त्यो बेला उसको जनेन्द्रिय (Sexual organ) छोपिदिने हो भने त्यो शिशु छोरो हो कि छोरी हो भन्ने कुरा पटक्कै ठम्याउन सकिँदैन किनकि त्यो एउटा कुराबाहेक जन्मँदा छोरो र छोरीमा बाहिर दखिने अरू कुनै भिन्नता हुँदैन । लैङ्गिक विभेदको कुरा मानव समाजमा सामाजिकीकरणको सिलसिलामा विकसित व्यवहार हो (पाण्डे, २०६९, पृ. ९) । माथिको उदाहरणमा गाजल, लाली, टीका, सिन्दुर, पोते आदि शृङ्गारका प्रसाधन लगाउने काम सामलीको हो भन्ने पूर्वनिर्धारित मान्यता जस्तै बनेको छ । सिन्दुर, टीका र पोते नलगाउँदा विधवा जस्तो देखियो भेनेर रेञ्जरले आफ्नी पत्नीलाई दिएको प्रतिक्रियाबाट महिला र पुरुषले लगाउने लुगा, गहना र शृङ्गारमा भएको भिन्नताको बारे स्पष्ट भएको छ । रेञ्जरले सिन्दूर, टीका, पोते आदि लगाइदिएर सामलीको

स्वतन्त्रतामाथि समेत नियन्त्रण गरेको छ। पितृसत्तात्मक सामाजिक चिन्तनको सामाजिकीकरणको प्रक्रियाले महिलाको शरीर, लवाइ, खवाइ, स्वतन्त्रता तथा आत्मनिर्णयको अधिकारमा समेत पुरुषको नियन्त्रण रहने कुरा यस उदाहरणबाट स्पष्ट भएको छ। महिला आफैँ पनि स्वतन्त्र भएर आत्मनिर्णय गरेर बाँच्नुभन्दा पुरुषको संरक्षकत्वमा बाँच्न चाहन्छन् भन्ने विषय तलको उदाहरणबाट स्पष्ट हुन्छ :

> त्यसै दिन मिलनचोकको कोठा सधैँका लागि छोडेर आई उसले र मोहम्मदको कोठामा भित्रिई, उसको स्वास्नी बनेर। अघिल्लो दिनसम्म रेञ्जरकी स्वास्नी थिई। भोलिपल्ट मोहम्दकी स्वास्नी बनिसकेकी थिई ऊ (पृ. १५८)।

प्रस्तुत उदाहरणमा रेञ्जरकी स्वास्नी बनेर अनेक अपमान र यातना भोगेकी सामली रेञ्जरसँग छुट्टिएर अलग त भई तर उसले तत्कालै मोहम्मदलाई लोग्नेका रूपमा स्वीकार गरेकी छ। उसले लोग्नेका रूपमा संरक्षक खोजेकी छ र आफू पत्नी तथा प्रेमिका बनेर पुरुषको शितल छहारीमा सुस्ताउन चाहेकी छ। यसबाट लेमहिला संरक्षिका हुन् भन्ने चेतनाले ग्रस्त सामलीले लोग्नेका रूपमा पुरुषलाई संरक्षक बनाउन चाहेको स्पष्ट भएको छ।

हाम्रो समाजको सामाजिकीकरणको प्रक्रियाले छोरालाई साहसी, आत्मविश्वासी, शक्तिशाली, निडर, प्रतिस्पर्धी आदि स्वभावले युक्त व्यक्तिका रूपमा चित्रण गरेको छ। यदि यस्ता स्वभावले युक्त नभएमा उक्त पुरुषलाई कमजोर मानिन्छ। जुन तलको उदाहरणमा यसरी स्पष्ट भएको छ :

> प्रेमले मान्छेलाई बलियो बनाउनुपर्ने 'आफूले चाहेको प्रेम पाएपछि शक्ति झनै भरिएर आउनुपर्ने, प्रेमले मोहम्मदलाई दिनदिनै लाचार र निरीह बनाउँदै लग्यो। आफ्नो लोग्नेको लोग्नेमान्छेपनमाथि एक रात सामलीले प्रश्न उठाएपछि उसले त्यसपछिका रातहरूमा लोग्ने धर्म त निभायो तर लोग्ने कर्म निभाउन सकेन। सामलीलाई कहिल्यै जगाउनै सकेन, कहिलेकाहीँ आफैँ जागी भने पनि त्यसलाई शान्त बनाउनै सकेन। एक लोग्नेको रूपमा स्वास्नीलाई शान्त बनाउनै सकेन। एक लोग्नेको रूपमा स्वास्नीलाई तृप्ति र खुसी दिन सकिन भन्ने कुराले ऊ आफैँ यति दुखित भयो कि त्यो दु:खको भुमरीबाट कहिल्यै बाहिर निस्कनै सकेन (पृ. १७५)।

प्रस्तुत उदाहरणमा मोहम्मदमा परम्परागत पितृसत्तात्मक समाजको सामाजिकीकरणको प्रक्रियाले परिभाषित गरेका पुरुषोचित गुणहरू छैनन् । शक्ति, सौर्य, बहादुरी जस्ता गुण नभएकै कारण उसलाई कमजोर पुरुषका रूपमा चित्रण गरिएको छ । यहाँ मोहम्मदलाई सामलीको यौन आवश्यकता पूरा गर्न नसक्ने, लाचार र निरीह पात्रका रूपमा चित्रण गरिएको छ । मोहम्मदले स्वास्नीलाई तृप्ति दिन नसकेकाले ऊ मानसिक रूपमा कमजोर हुँदै गएको छ ।

प्रस्तुत उदाहरणबाट पुरुषमा सौर्य, पराक्रम नभएको तथा महिलालाई सन्तुष्ट बनाउन र उसका आवश्यकता पूरा गर्न नसक्ने पुरुषलाई कमजोर पुरुषका रूपमा चित्रण गरिएको छ जुन महिलाको शरीरको सामाजिकीकरणभन्दा भिन्न अवधारण हो ।

हाम्रो समाजले महिलाको शरीर, रूप र उनीहरूको स्वभावलाई कसरी सामाजिकीकरण गरेको हुन्छ भन्ने दिइएको उदाहरणबाट बुझ्न सकिन्छ :

> सामलीका निम्ति आजको साँझ नथियाविहीन साँझ थियो । कोरीबाटी चिटिक्क परेर बसेकी थिई । यसै त राम्री, झन् आँखामा गाजल र ओठमा लाली लगाउँदा झनै राम्री देखिएकी थिई । ग्राहक खोज्ने र खोजेका ग्राहकमध्ये सबैभन्दा बढी रकम तिर्न तयार कोही एक जनालाई भित्र पठाइदिनु भनेर भाइ बुधेलाई जिम्मा लगाएकी थिई (पृ. १८३) ।

प्रस्तुत उदाहरणमा सामलीलाई श्रृङ्गारले चिटिक्क परेकी, कोरीबाटी गरेकी, आँखामा गाजल र ओठमा लाली लगाएर झन् राम्री देखिएकी भनेर उसको शरीरको वर्णन गरिएको छ । पितृसत्ताको सामाजिकीकरणको प्रक्रियाले नारी देहको सौन्दर्य उसको शरीरको गठन, क्रियाशीलता, शक्ति,स्फूर्ति एवम् लचकतामा छ (बुभायर, २०७५, पृ. ९९) । हाम्रो परम्परागत सामाजिक चिन्नअनुसार शरीरको बनावट वेशभूषा, शृङ्गार प्रसाधनका साधन तथा गरगहनाले सुन्दरताको परिभाषा दिन्छ । माथिको उदाहरणमा सामलीलाई नथिया लगाउने जातका रूपमा चित्रण गरिएको छ । उसलाई कपाल पाल्ने, कोरीबाटी गर्ने, आँखामा गाजल लगाउने, ओठमा लाली लगाउने जातका रूपमा चित्रण गरिएको छ । यहाँ महिलाका वस्त्र, गहना, शृङ्गारलाई पुरुषको भन्दा भिन्नै रूपमा सामाजिकीकरण गरिएको छ ।

### २.३.२ पितृसत्तात्मक संस्कृतिमा शरीर

पितृसत्ता भन्नाले समाज व्यवस्थाका सम्पूर्ण क्षेत्रमा पिताको अधिकार भन्ने बुझिन्छ । अर्थात् सम्पूर्ण साधन र स्रोतमाथि पुरुषको स्वामित्व रहनु हो । पुरुषको अधिपत्य वा वर्चस्व रहने परिवारहरू मिलेर बनेको समाज नै पितृसत्तात्मक समाज हो । सत्ता वा शक्ति पुरुषमा रहने परम्परा पितृसत्ता हो । पितृसत्तामा पुरुष अधिकार सम्पन्न हुन्छ भने महिला अधिकार विहीन हुन्छिन् । पुरुषप्रधान समाजमा महिला र पुरुषको भिन्न जैविक लिङ्गलाई आधार बनाएर उनीहरूको फरक सामाजिक छवि, भूमिका र सम्बन्ध निर्धारण गरिन्छ र फरक सामाजिक परिचय पनि दिइन्छ जुन असमानतामा आधारित हुन्छ । यही असमानताले गर्दा नै पुरुषले महिलाको शरीरमाथि अधिकार जमाउन खोज्छ ।

पितृसत्तात्मक समाजमा महिलाहरू सापेक्षित रूपमा पुरुषभन्दा शक्ति, इज्जत र आम्दानीका हिसाबले तल्लो स्तरमा रहेका हुन्छन् । पितृसत्ताले महिलाको शरीरमा, श्रममा, प्रजननमा, यौनिकतामा, हिँडडुलमा र विचारधारामा समेत नियन्त्रण गर्दछ । शरीर तथा प्रजननमा नियन्त्रण भएको कारणले सानै उमेरमा विवाह गरिदिने, बच्चा पाउनै पर्ने, धेरैवटा बच्चा जन्माउनु पर्ने वा छोरा पाउनै पर्ने बाध्यताहरू सृजना हुन्छन (भद्रा, २०७०, पृ. २५) । पितृसत्तात्मक समाजमा महिला पूर्ण रूपमा पुरुषको अधीनमा रहने हुँदा आफ्नो इच्छाअनुसार केही गर्न सक्दैनन् । महिलाको आफ्नो शरीरसँग सम्बन्धित प्रजनन् अधिकार र यौनिकतामा समेत पुरुषको नियन्त्रण रहन्छ ।

सञ्जीव उप्रेतीले *सिद्धान्तका कुरा*मा पितृसत्तासम्बन्धी निर्माणवादीहरूका विचारअनुसार 'नारीत्व' के कुनै तात्विक सत्य हुँदैन । कुनै पनि नारी 'नारित्वका' गुणहरू लिएर जन्मिदैनन् । तिनको नारीत्व त पितृसत्ताका नियम उपनियमहरूको जालोभित्रै निर्मित भएको हुन्छ । पितृसत्ताको आइडियोलजीले अवचेतनको तहमा भन्छ - शारीरिक शक्ति प्रदर्शन पुरुषत्वको परिचायक हो । नारीहरू कोमल हुन्छन्, पुरुषहरू कठोर (उप्रेती, २०६९, पृ. २५६) भनी व्याख्या गरेका छन् ।

"पितृसत्तामा महिलाको प्रजनन् शक्तिमाथि पनि पूर्ण मात्रमा पुरुषको नियन्त्रण रहन्छ । कहिले र कति बच्चा जन्माउने, जन्मान्तर कति राख्ने, गर्भमा आएको बच्चालाई राख्ने कि नराख्ने जस्ता सवालमा पुरुषको इच्छामुताविक चल्नुपर्छ । पुरुषको इच्छाबिना महिलाले यी

कुरामा स्वनिर्णय गर्न सक्तिन । यसरी पितृसत्ताले महिलालाई उसको आफ्नै शरीर माथि पनि अधिकार जनाउन हक दिएको छैन । मनौ महिला मान्छे नै होइन, उसको शरीर पतिको निजी वस्तु हो, त्यसलाई ऊ आफ्नो इच्छाअनुसार जसरी पनि उपयोग गर्न सक्छ" (पाण्डे, २०६९, पृ. १५) । पित्तृसत्तामा यौनिकता र यौनिकतासम्बद्ध सम्पूर्ण अधिकारमा पुरुषको नियन्त्रण रहन्छ । पित्तृसत्तात्मक समाजमा विवाहित महिलाको हैसियत पतिका अगाडि यौनदासी सरह हुन्छ ।

पितृसत्ताले नारीको सौन्दर्यसम्बन्धी धारणालाई स्त्रीवर्गको आत्मसम्मान र स्वतन्त्र अस्तित्वमाथि अङ्कुश लगाउन प्रयोग गर्दछ । "सुसज्जित एवम् आभूषणहरूले अलङ्गकृत नारीमा प्रकृतिको उपस्थिति सीमित रूपमा परिलक्षित हुन्छ । उसको साज शृङ्गार पुरुषको इच्छा अनुकूल हुन्छ । त्यो नारी जो प्राकृतिक रूपलाई कृत्रिम नबनाई त्यसैलाई राम्रोसँग सजाउँछे, पुरुषलाई अधिक प्रिय हुन्छे, कृत्रिमताको आवरण धारण गरेकी नारी वासनाको वस्तु बन्न जान्छे" (बुभाएर, २०७५, पृ. १००) । यसरी महिलाको शरीरमाथि महिलाकै स्वतन्त्रता तथा स्वनिर्णयको अधिकार नहुने कुरा शरीर राजनीतिको अध्ययनको विषय हो ।

समाजमा नैतिकताको बार लगाएर वा विभिन्न आक्षेप लगाएर पितृसत्ताको बन्धन तोड्न प्रयास गर्ने महिलाहरूमाथि दमन गरिने कुरालाई सञ्जीव उप्रेती यसरी उल्लेख गर्छन् : "समाजले स्त्रीलाई सांस्कृतिक परम्पराको संरक्षकका रूपमा लिइन्छ भने पुरुषलाई आधुनिकताको सक्रिय कर्ताका रूपमा । त्यसै गरी नारीलाई घरभित्रको आन्तरिक स्थलसँग जोडिइन्छ भने पुरुषलाई घरबाहिरको संसारसँग .... समसामयिक संसारमा घरबाहिर गएर काम गर्ने नारीहरूको सङ्ख्या बढ्दै गए तापनि "पुरुषको क्षेत्र" भित्र पसी ती सरह नै अफिस, अड्डा अदालतमा गएर काम गर्ने नारीलाई 'यस्ता नारी चरित्रहीन भइसके कि' भन्ने शङ्काको दृष्टिले हेर्ने चलन छ" (उप्रेती, २०६९, पृ. २३८) । यसरी पितृसत्ताले नारीको वैयक्तिक स्वतन्त्रता र आत्म पहिचान माथि समेत नियन्त्रण गर्ने कुरा स्पष्ट हुन्छ ।

मानव सभ्यता र समाजको इतिहासमा पितृसत्ताको स्थापना र विकासपछि नारीलाई सीमान्तकृत बनाइँदै आएको छ । उनीहरूको पहिचानलाई पुरुषमा आधारित बनाइएको छ र पुरुषका यौन सुखको परितृप्तिको साधन बनाइएको स्थितिले उनीहरूलाई शक्तिहीन र सीमान्त अवस्थामा पुऱ्याएको छ । ज्ञान र शक्तिदेखि वञ्चित गरिएका महिलाहरू अन्य उपभोग्य वस्तु झैँ उपभोग्य बन्न पुगे र तिनको बजारीकरण भयो । सामन्ती पुँजीवादी

आर्थिक संस्कृति एउटा विचारधारा हो जसले पैसाका निम्ति मान्छे बेच्ने कुरालाई अस्वाभाविक वा अमानुषिक ठान्दैन ।

### २.३.२.१ नथिया उपन्यासमा शरीरप्रतिको पितृसत्तात्मक सामाजिक व्यवहार

*नथिया* (२०७४) उपन्यास नेपालको पश्चिम क्षेत्रमा चलेको वादी प्रथामा आधारित कथावस्तुमा लेखिएको उपन्यास हो । अधिकांश व्यक्तिहरू अशिक्षित यो समाजमा उनीहरूको व्यवहारमा के कस्तो पितृसत्तात्मक सोच व्यक्त भएको छ । पितृसत्तात्मक सोच बोकेका पुरुष र महिलाले पनि महिलाको शरीर र अस्तित्वमाथि कसरी दमन गरेका छन् ? भन्ने कुराको अधययन यहाँ गरिएको छ । यस उपन्यासमा समाजमा व्याप्त पितृसत्तात्मक सोचले गर्दा त्यस समाजका नारीहरूले भोग्नु परेको लैङ्गिक र यौनिक हिंसा, शारीरिक र मानसिक हिंसा, अन्याय र अत्याचारलाई प्रस्तुत गर्दै समाजमा त्यस विरूद्धको सचेतना र नारी सशक्तीकरण आवश्यक रहेको कुरा प्रस्तुत गरिएको छ । *नथिया* उपन्यासका अधिकांश पुरुष पात्र र केही महिला पात्र समेत पितृसत्तात्मक सोचबाट ग्रस्त भएका कारण यस उपन्यासका नारी पात्र अनेक मानसिक र शारीरिक यातना भोग्न बाध्य भएका छन् । समाजमा छोरा र छोरीबिचको विभेद व्याप्त छ । त्यसमा पनि छोरीका लागि केही सामाजिक मापदण्डहरू छन् र ती मापदण्डहरू कसरी छोरी जन्मने बित्तिकैबाट उसको परीक्षणका लागि तयार हुन्छन् भन्ने कुराको उदाहरण यसरी प्रस्तुत भएको छ : एक त घरमा छोरी जन्मनु, त्यहीँमाथि जन्मँदै परीजस्ती गोरी, चिटिक्क परेकी छोरी जन्मनु (पृ. १६) ।

प्रस्तुत उदाहरणले प्रकृतिको जैविक नियमभन्दा पर गएर पितृसत्तात्मक सोचले कसरी एउटी नारीको सौन्दर्यलाई उसको जीवनसँग जोडेको हुन्छ भन्ने कुरा प्रकट भएको छ । जन्मदैमा गोरो, कालो र सुन्दर, असुन्दर हुने छनौट मानवीय छनौट होइन यो प्राकृतिक पक्ष हो भन्ने सन्दर्भलाई बिर्सेर यहाँ पितृसत्तात्मक चिन्तनले छोरी गोरी र राम्री हुनुपर्छ भन्ने सामाजिक दवाव सिर्जना गरेको देखिन्छ ।

पितृसत्तात्मक समाजमा महिला भनेका कोमल सुकुमारी हुन्छन् । उनीहरू पुरुष सरह कठोर काम गर्न सक्दैनन् वा त्यस्ता कामका लागि पुरुषमा आश्रित हुन्छन् भन्ने भाष्य निर्माण गरिएको छ । “महिलाहरू छोरी भएर जन्मिएकै कारणले तिनलाई शक्ति र पहुँचको

काममा संलग्न हुने अवसरको उपलब्धता नहुनु" (पाण्डे, २०६९, पृ. २२) । यस कुरालाई दिइएको उदाहरणले पुष्टि गरेको छ : कताकता भीरमा पुगेर सामलीका लागि प्याउली फूल टिपेर ल्याइदिन्थ्यो (पृ. २०) ।

यस उदाहरणले महिला भीरमा वा अप्ठ्यारोमा जान सक्दिन र यो काम उसका निम्ति पुरूषले गरिदिनु पर्छ भन्ने मान्यता स्थापित भएको देखिन्छ । यो पितृसत्तात्मक समाजको सोचको निर्मिति हो । महिलाले चुनौतिपूर्ण काम गर्न सक्दिन भनी निर्माण गरिदिएको मानसिक दवाव हो ।

पितृसत्ताको सामाजिक चिन्तनले महिलालाई कोमल हृदय र सजिलैसँग फकिइने वस्तुका रूपमा लिएको हुन्छ । महिला थोरै उपहारमा पनि खुशी भई पुरुषप्रति समर्पित हुन्छे भन्ने मान्यता अनुरूप नै *नथिया* उपन्यासको पुरुषपात्र हवल्दार लछिमालाई केही थोरै उपहारमा फकाउँछ भन्ने उदाहरण यहाँ प्रस्तुत भएको छ :

> प्रत्येक पटक लक्षिमालाई भेट्न आउँदा आँप, केरा, स्याउ जस्ता फलफूल बोकेर आउँथ्यो । कहिलेकाहीँ मेक्सी र फरिया उपहार लिएर पनि आउँथ्यो (पृ. २२) ।

यस उदाहरणमा महिलालाई थोरै उपहारमा आफ्नो वशमा पार्न सकिने वा भोग्न सकिने वस्तुका रूपमा लिइएको देखिन्छ । चन्द्रा भद्राका अनुसार पितृसत्तात्मक समाजमा महिला र पुरुषका स्वभावलाई लाई यसरी चिनाइएको छ :

| महिला | पुरुष |
|---|---|
| कोमल | कठोर |
| सहनशील | आक्रामक |
| निरीह | साहसी |
| कमजोर | बलवान् |
| पालिने जात | पाल्ने जात |

(भद्रा, २०६६, पृ. ९-१०) ।

यसरी महिला पालिने जात भएका कारण केही दिएर सजिलै खुशी तुल्याउन सकिन्छ भन्ने पितृसत्तात्मक मानसिकताका कारण हगवल्दार फलफूल र फरियाजन्य उपहारबाट लछिमालाई प्राप्त गर्न उद्यत् देखिन्छ भन्ने तथ्य स्पष्ट भएको छ ।

पुरुष पाल्ने जात र महिला पालिने जात हो भन्ने पितृसत्तात्मक चिन्तनमा महिलालाई पुरुषको सुरक्षा चाहिन्छ, पुरुषको सुरक्षाबिना महिला असुरक्षित हुन्छे भन्ने धारणा समाजमा सथापित भएको पाइन्छ । *नथिया* उपन्यासकी एक महिला पात्र लछिमा पनि यो सोचबाट बाहिर निस्कन सकेकी देखिँदैन । यसको उदाहरणका रूपमा “कहिल्यै प्रेम गर्दिन भन्ने एउटी केटी अलिकति प्रेमको कुराले पग्ली, अलि बढी विवाह र सुरक्षित भविष्यको चाहले पग्ली” (पृ. २३) । भन्ने कथन देखिन्छ । यहाँ लछिमा कुनै पुरुषसँग विवाह गरी बस्दा एक्लै बस्दा भन्दा सुरक्षित भइन्छ भन्ने भावले ग्रस्त छ । यो भावना लछिमामा हाम्रो सामाजिक मान्यताअनुरूप पितृसत्तात्मक सोचकै उपजका रूपमा आएको हो ।

पितृसत्ताको सामाजिक चिन्तनले महिला भनेका पुरूषका खेलौना हुन् वा यौन उपभोगका साधन हुन्, उनीहरूको रूपरङ्ग र सीप पुरुषको यौन सन्तुष्टिका लागि प्रयोग हुन्छ भन्ने मान्यता राखेको देखिन्छ । नथिया उपन्यासको पुरूष पात्र रत्नमानले पनि यस उपन्यासकी प्रमुख पात्र सामलीप्रति यस्तै भाव प्रस्तुत गरेको छ । ऊ सामलीउसँग भन्छ :

> तिमी साह्रै राम्री छ्यौ । तिम्रो नाचको त झन् के कुरा गर्नु । यति राम्री मान्छे र यति राम्रो नाच जीवनमा पहिलो पटक देखेको हुँ मैले । म तिमीलाई भेट्न छिट्टै आउँछु (पृ. ३५) ।

यहाँ सामलीको रूप र नृत्यसँग मुग्ध रत्नमानले त्यो रूप र कलालाई आफ्नो यौनवासना तृप्तिको साधन ठानेको छ । उसले सामली के चाहन्छे भन्ने कुरा सोध्न जरुरी नै ठानेको छैन किनभने समाजमा व्याप्त पितृसत्तात्मक मान्यतामा महिला भनेका पुरुषको यौन तृप्तिका साधन हुन् र यसमा महिलाको स्वीकारोक्ति वा अस्वीकारको कुनै महत्त्व रहँदैन भन्ने मान्यता राखिन्छ ।

पितृसत्ताले महिलाको शरीरमाथिको अधिकारमा पनि उसको अधीन रहँदैन भन्ने मान्यता राखेको हुन्छ । महिला शरीरमाथि पुरुषको अधीन र अधिकार रहेको हुन्छ । “

पितृसत्ताले महिलालाईं उसको आफ्नो शरीरमाथि पनि अधिकार जनाउन हक दिएको छैन ( पाण्डे, २०६९, पृ. १५) । यसै भनाइलाई पुष्टि गर्ने उदाहरणका रूपमा *नथिया* उपन्यासमा सामलीकी साथी सुक्मेलीले भनेको कथनलाई लिइएको छ :

> यस्तो लाग्दोछ, हाम्रो शरीरका पाटपुर्जा हाम्रा होइनन् । यिनका मालिकरू अरू नै हुन्, हामी त बस, रखवाली गर्दाछौँ यिनलाई आफ्नै सम्झीकन (पृ. ५६) ।

यहाँ पितृसत्तात्मक चिन्तनले कसरी महिलाको आफ्नै शरीरको अधिकारमाथि बन्देज लगाएको छ र यो बन्देजले महिलालाईं कति पीडामा पार्छ भन्ने कुराको पुष्टि भएको छ तर पितृसत्तात्मक चिन्तनवादी समाजमा महिलामाथि हुने यस्ता शोषणले महिलालाई दिने पीडाको कुनै वास्ता गरिँदैन ।

पितृसत्तात्मक चिन्तनले महिलाको पीडालाई वास्ता नगर्ने मात्र होइन त्यो पीडाबाट मनोरञ्जन प्राप्त गर्दछ भन्ने तथ्यलाई सामलीकी साथी कोकिलाको अभिव्यक्तिले पुष्टि गरेको छ :

> पहिलो पटक आफ्नो योनि च्यातिँदा बदिनीको मुखबाट निस्कने "ऐयाको आवाज संसारको सबैभन्दा सुन्दर सङ्गीतमय आवाज लाग्छ" (पृ. ५७) ।

यस उदाहरणमा आफ्नो ग्राहकका रूपमा आएको एउटा बौद्ध भिक्षुले कोकिलासँग गरेको यो संवादले पितृसत्तात्मक चिन्तन महिलाबारे कति क्रुर र निर्दयी हुन्छ भन्ने कुराको पुष्टि गरेको छ । यहाँ भिक्षु पितृसत्तात्मक चिन्तनको प्रतिनिधि पात्रका रूपमा आएको छ । उसले महिलाको पीडामा रमाउने अभिव्यक्ति दिएको छ ।

पितृसत्तात्मक चिन्तनमा महिलाको स्वनिर्णयको अधिकार खोसिएको हुन्छ । यदि पुरुषको चाहना विपरीत कार्य गर्न खोजेमा विभिन्न डरधम्की देखाई महिलालाई पुरुषको चाहनाअनुरूप कार्य गर्न विवश बनाइन्छ भन्ने कुराका उदाहरणका रूपमा उपन्यासमा सामलीलाई भोग्न चाहने मेजर मानुको यस अभिव्यक्तिबाट पुष्टि भएको छ :

> म भरे ठीक सात बजे आइपुग्छु । त्यतिन्जेलसम्म तिमीहरूले आफ्नी छोरी मेरो निम्ति तयार गरेनौ भने म पहिले तिमीहरूको छोरीको गला रेट्छु । त्यसपछि यो

घरमा आगो लगाइदिन्छु । मेजर मानुको प्रस्ताव अस्वीकार गर्ने एउटी वदिनीको कत्रो आँट त ! (पृ.. ६२) ।

यस उदाहरणमा मेजर मानुले जसरी पनि सामली आफ्नो भोग्या बन्न तयार हुनुपर्ने र नभएका खण्डमा उसको बाँच्ने अधिकार नै समाप्त गर्ने अभिव्यक्ति दिएको छ । उसले यहाँ आफ्नो पुरुषवादी हैकम कायम गर्दै एउटी महिलाको इच्छा विपरीत कार्य गर्न विवश गरेको देखिन्छ ।

पितृसत्तात्मक चिन्तनमा पुरुष महिलामाथि आफ्नो एकल अधिकार कायम गर्न चाहन्छ । यसका निम्ति पुरुष महिलालाई अनेक प्रलोभन दिन्छ भन्ने कुराको उदाहरणका रूपमा *नथिया* उपन्यासको एक पात्र रत्नमानको अभिव्यक्तिलाई लिन सकिन्छ : तिमीलाई बिहे गरेर लैजान्छु । तिमीलाई आफ्नो बनाएर राख्छु । तिमीलाई रानी बनाएर राख्छु केवल मेरी मात्र रानी (पृ. ८४-८५) ।

यस उदाहरणमा रत्नमानले सामलीप्रति एकलौटी अधिकार स्थापित गर्न चाहेको कुरा पुष्टि भएको छ । ऊ सामलीलाई रानी बनाउन तयार छ तर त्यो केवल उसकी मात्र रानी हुने कुरा यहाँ अभिव्यक्त गर्दछ । रानी शब्दको अर्थ कुनै राजाकी पत्नी भन्ने हुने र त्यो रानी पद केवल राजाका निम्ति मात्र नभएर सम्पूर्ण जगका लागि हुने गर्दछ तर यहाँ पितृसत्तात्मक सोचले ग्रस्त रत्नमान सामलीलाई केवल आफ्नी मात्र रानी बनाउने उद्गार अभिव्यक्त गर्दछ । यसरी पितृसत्तात्मक चिन्तनले कसरी महिलालाई ललाईफकाई प्रयोग गर्दछ भन्ने कुरा यहाँ पुष्टि भएको छ ।

महिलालाई भोग्याका रूपमा प्रयोग गर्ने परंपरा प्राचीन कालदेखि नै चलेको भन्ने सन्दर्भमा उपन्यासमा चर्चा भएको छ :

> सृष्टिको आरम्भदेखि नै नारीहरूलाई दुई वर्गमा बाँडिएको देखिन्छ । एउटा वर्ग जो धर्मपत्नीको नाममा पारिवारिक परिवेशभित्रै सीमित रहन्छन् र अर्को वर्ग साझा नारीको रूपमा गणिका वा वेश्याको रूपमा रहेको देखिन्छ । देवलोक र मनुस्यलोकको प्राचीनतम् संस्कृतिमा धर्मपत्नीका अतिरिक्त भित्रेनी, उपपत्नी खरैल राख्ने प्रथा चलेको देखिन्छ (पृ. ९३) ।

बादी समुदायको उत्पत्तिको इतिहास युक्फुङ सरको मुखबाट सुनेर सामलीलाई सुनाउने क्रममा जयनेपाल नामक पात्रले बोलेको प्रस्तुत संवादले पितृसत्तात्मक सोचको प्राचीनतालाई पुष्टि गरेको छ । पितृसत्तात्मक चिन्तनकै कारण नारीहरूले वर्तमानमा मात्र नभई परापूर्व कालदेखि नै शोषण सहनु परेको कुरा यहाँ पुष्टि भएको छ । यति मात्र नभएर यस संस्थाले नारीको वर्ग वर्गीकरणमा पनि पुरुषहरू नै हाबी हुन्थे भन्ने कृरा स्पष्ट पारेको छ । 'नारीलाई दुई वर्गमा बाँडिएको देखिन्छ' भन्नुको तात्पर्य यहाँ उक्त वर्गीकरणमा नारी सरिक नभएर पुरुष सरिक हुन्थे भन्नु हो ।

पितृसत्तात्मक चिन्तनले महिलालाई रोजाइको स्वतन्त्रतामा पनि बन्देज लगाएको हुन्छ । महिलाको सम्पूर्ण स्वतन्त्रतामाथि पुरुषले नियन्त्रण गरेको हुन्छ । महिलाका कुनै पनि इच्छा वा रोजाइ पितृसत्तात्मक समाजमा मान्य हुँदैन । महिलाले पुरुषकै रोजाइअनुरूप आफ्नो रोजाइलाई बदल्नु पर्दछ भन्ने सोच पितृसत्तात्मक चिन्तनले अगाडि सारेको हुन्छ । महिलाको यौनिकतामा पितृसत्तात्मक चिन्तनको नियन्त्रण भएका कारणले महिला विरुद्ध यौनिक हिंसा व्याप्त रहेको र यही कारण देखाई घरपरिवारमा महिलाको स्वतन्त्रतामा रोक लगाएको हुन्छ (भद्रा, पृ. २०७० ) । यस भनाईबाट महिलाको व्यक्तिगत स्वतन्त्रता पुरुषको अधीनमा निहित हुन्छ भन्ने स्पष्ट भएको छ ।

> जब आफूले लगाउनु पर्ने लुगा आफ्नो रोजाइको हुन्थेन, आफूले लगाउने लुगाको रङ आफ्नो रोजाइको हुन्थेन, आफूले लगाउने गहनाको डिजाइन आफ्नो रोजाइको हुन्थेन, केवल रेञ्जरको रोजाइको हुन्थ्यो, त्यो प्रेम प्रेम होइन शरीरको सौदाबाजी मात्र हो जस्तो लाग्थ्यो (पृ. १०६-१०७)

प्रस्तुत उदाहरण सामलीले रेञ्जरसँग बिहे गरिसकेपछि पनि जीवन आफूले चाहेजस्तो नभएको गुनासोका क्रममा आएको हो । रेञ्जरले सामलीका कुनै पनि रोजाइलाई महत्व दिँदैन केवल एकतर्फी रूपमा आफ्ना रोजाइहरू सामलीमा थोपार्छ । यसो हुनुमा रेञ्जरको महिलाको कुनै स्वतन्त्र रोजाइ वा चाहना हुँदैन वा हुनु हुँदैन भन्ने पितृसत्तात्मक चिन्तनले काम गरेको देखिन्छ ।

पितृसत्तात्मक चिन्तन केवल पुरुषमा मात्र निहित रहने चिन्तन होइन । समाजमा रहने बस्ने र एउटै सामाजिक नियमको पालना गर्ने क्रममा जानी नजानी महिलामा पनि

पितृसत्तात्मक चिन्तन  हावी भएको हुन्छ । यो सामाजिक मूल्य र मान्यताका रूपमा समाजमा रहने भएकाले महिला स्वयम् नै पनि पितृसत्तात्मक व्यवहारको अभ्यासबाट अलग रहन सकेको देखिँदेन :

> नजिकैको राम मन्दिरमा राम, सीतालाई साक्षी राखेर सिन्दुर र पोते पहिराइदियो रेञ्जरले । 'हजुर नै मेरो पति परमेश्वर !' को मुद्रामा खुट्टामा ढोगी सामलीले" (पृ. ११६) ।

प्रस्तुत साक्ष्यमा हिन्दु धर्मले व्याख्या गरेको लोग्ने परमेश्वरको रूप हो भन्ने विश्वासका आधारमा सामलीले रेञ्जरलाई परमेश्वर मानेर खुट्टामा ढोगेकी छ तर प्राकृतिक र जैविक रूपमा एउटै प्रक्रिया पूरा गरेर जन्मने महिला र पुरुषमा पुरुषलाई पूज्य र महिला पूजकका रूपमा स्थापित गराउने काम भने समाजमा विद्यमान लैङ्गिक विभेदअन्तर्गत पितृसत्तात्मक सोचले गरेको देखिन्छ ।  पितृसत्तात्मक समाजमा पुरुषहरू सापेक्षिक रूपमा महिलाभन्दा बढी शक्तिशाली, बडी इज्जतदार र बढी साधनस्रोतले सम्पन्न भएका हुन्छन् । पुरुषले महिलामाथि आफ्नो प्रभुत्व कायम गर्दछ तथा दमन र शोषण गर्न छुट पाउँछ ( पाण्डे, २०६९, पृ. ११) भन्ने पाण्डेको कथन यहाँ सामलीमार्फत स्पष्ट भएको छ ।

पितृसत्तात्मक समाजमा पुरुषको चरित्र हैकमवादी हुने गर्दछ । ऊ आफूलाई उच्च स्थानमा र महिलालाई निम्न स्थानमा राखेर महिलामाथि हैकम चलाउने कार्य गर्दछ । पितृसत्ताले पुरुषलाई मालिक र महिलालाई सेवकको दर्जामा राखेको हुन्छ । यसरी ऊ महिलामाथि नियन्त्रणकारी रूपमा प्रस्तुत हुन्छ । पत्नीलाई नियन्त्रण गर्ने नाममा पतिले लातबात जे पनि गर्न सक्छ (पाण्डे, २०६९, पृ. १४) । यो उपन्यासको पुरुष पात्र रेञ्जर पनि यस्तै पितृसत्तात्मक चिन्तन अनुरूप चलेको पात्र हो । ऊ आफ्नी पत्नी सामलीमाथि आफ्नो हैकम ठान्दछ र नियन्त्रणकारी व्यवहार गर्दछ । साथै ऊ पत्नीमाथि आफ्नो हैकम कायम राख्न गाली गलौज र कुटपिट समेत गर्दछ । यो तथ्यलाई पुष्टि गर्ने केही उदाहरण हेरौँ :

> थर्काउनलाई कुनै ठूलो कुरा नै चाहिन्थेन । कहिलेकाहीँ चिया ल्याउँदा गिलासबाट एक थोपा चिया छचल्किए त्यही कफी हुन्थ्यो । कहिलेकाहीँ निधारमा लगाएको टीका

अलिकति छड्के भए पनि त्यही काफी हुथ्यो । चर्कोचर्को आवाजमा थर्काइ हाल्थ्यो रेञ्जर (पृ. १२२) ।

यस उदाहरणमा रेञ्जरको हैकमवादी प्रवृत्ति उजागर भएको छ । ऊ आफ्नी पत्नीमाथि हैकम कायम राख्न चाहन्छ जसका निम्ति ऊ सानासाना कुरामा पत्नीलाई थर्काउँछ वा गाली गलौज गर्छ । यहाँ रेञ्जरको मानवीय संवेदना कठोरतामा परिणत भएको हुन्छ र पत्नीको संवेदनाको पनि ऊ ख्याल गर्दैन ।

एकाबिहानै तँलाई मैले माया गर्ने । तँलाई चाहिँ त्यो माया माया होइन दुःख लाग्ने ! लोग्नेको मायालाई दुःख भन्न सक्ने हिम्मत कसरी गरिस् (पृ. १२७) ।

यहाँ आफूले चाहेको समयमा पत्नी यौन सम्पर्कका लागि तयार नभएपछि रेञ्जरले पत्नीलाई गाली गर्दै आफ्नो हैकमवादी प्रवृत्ति देखाएको छ । यहाँ उसको विचार लोग्नेको चाहना भएपछि पत्नीको चाहना भए पनि नभए पनि तयार हुन पर्दछ भन्ने पितृसत्तात्मक सोचले ग्रस्त देखिन्छ : मर्द हुँ भन्ने भावमा कुट्नसम्म कुटयो । भाले हुँ भन्ने भावमा थिच्नुसम्म थिच्यो (पृ.१३५) ।

यस साक्ष्यमा पितृसत्ताले पुरुषको मनमा उब्जाउने मालिकपनको चिन्तनले काम गरेको छ । पुरुष आफूलाई महिलाको मालिक भन्ठान्छ र महिलाको शरीर र भावनामाथि आफ्नो प्रभुत्व कायम गर्न कुटपिटको तहमा ओर्लन्छ । यहाँ पनि रेञ्जरको मनमा त्यही मालिकपनको अनुभूतिको भावले काम गरेको देखिन्छ ।

पितृसत्तात्मक चिन्तनले महिलालाई वस्तु सरह ठानेको हुन्छ । यसले महिलालाई पुरुषको चाहनाअनुरूप प्रयोग गरेको हुन्छ । पितृसत्तात्मक चिन्तनमा महिला अस्तित्वको कुनै कदर गरिँदैन । पुरुषले आफ्नो चाहना तुष्टिका निम्ति महिला शरीरको प्रयोग गर्दछ र महिला शरीरमाथि आफ्नो अधिकार यसरी सिद्ध गर्दछ :

रेन्जरले सामलीको निधारमा टीका, सिउँदोमा सिन्दुर, गलामा पोते र हातमा चुरा सामलीका लागि लगाइदिएको थिएन, आफ्नो लागि लगाइदिएको थियो । यी सबमा आफूलाई खोज्न लगाइदिएको थियो । आफ्नो अस्तित्व र अधिकारको दावी गर्न लगाइ दिएको (पृ. १४६) ।

यस उदाहरणमा पनि पितृसत्तात्मक चिन्तनबाट ग्रसित रेञ्जरले आफ्नो मनोरञ्जन र सामलीमाथि अधिकारको हेतु राखेर सामलीको प्रयोग गरेको छ । यहाँ सामलीको इच्छा अनिच्छाको कुनै कदर गरिएको छैन र सामलीलाई वस्तुसरह प्रयोग गरिएको छ । मानौँ महिला मान्छे नै होइन, उसको शरीर पतिको निजी वस्तु हो त्यसलाई ऊ आफ्नो इच्छाअनुसार जसरी पनि उपयोग गर्न सक्छ (पाण्डे, २०६९, पृ. १५) भन्ने भनाई यहाँ सावित भएको छ ।

पितृसत्ताको सामाजिक चिन्तनले महिलाको अस्तित्वलाई नकारेको हुन्छ । एकातिर छोरीको जन्मलाई दुःखद घटनाका रूपमा लिइन्छ भने अर्कोतिर महिलालाई छोरो नै पाउनु पर्ने मानसिक दवाव दिइएको हुन्छ भन्ने उदाहरण उपन्यासमा यसरी आएको छ :

> लगातार तिनवटी छोरी जन्मेपछि भर्खरै एउटी आमाले अर्की छोरी पाइछिन् । फेरि पनि छोरी जन्मिई भन्दै सँगै आएका सासु र लोग्नेले अस्पतालमै अलपत्र छोडेर गएछन् । 'फेरि पनि छोरी जन्मी । अब मलाई मेरी सासु र बुढाले घर बस्न दिँदैनन् भन्दै छोरी जन्मनासाथ रुवाबासी सुरू भएछ आमाको (पृ. १६६) ।

यहाँ एउटी महिलाले महिलालाई नै जन्म दिँदा भोग्नुपर्ने शारीरिक र मानसिक यातनाको स्पष्ट चित्रण भएको छ । एकातर्फ प्रसव पीडाको शारीरिक वेदना अर्कोतर्फ छोरी जन्माउँदा पितृसत्तात्मक समाजबाट भोग्नुपर्ने मानसिक पीडा । यस्ता दुई थरी पीडा खेप्न बाध्य छन् महिलाहरू । पितृसत्तात्मक चिन्तनले छोरो र छोरीको जन्मलाई नितान्त फरक ढङ्गले ग्रहण गरेको हुन्छ । 'छोरो जन्मे खसी छोरी जन्मे फर्सी', छोरा पाए हुरुक्क, छोरी पाए धुरुक्क', 'छोराको नाता हाडको छोरीको नाता पातको', छोरी मरी ठूला घर परी, आदिजस्ता उखानहरू त हाम्रै समाजमा पनि प्रशस्त प्रचलित पाइन्छन् । छोरो जन्मँदा दङ्ग परी खुसयाली मनाउँदै भोजभतरेर गर्ने तथा हर्षबढाई स्वरुप पैसासमेत बाँड्ने अनि छोरी जन्मँदाचाहिँ त्यस्तो केही नगर्ने मात्र होइन, सुत्केरी आमाको स्याहारमा कम ध्यान दिने प्रचलन संसारका धेरै ठाउँमा अझैसम्म पनि विद्यमान रहेको तथ्य हामी कसैबाट पनि छिपेको छैन (पाण्डे, २०६९, पृ. १०) । समालोचक पाण्डेको यो अभिव्यक्तिलाई यस उपन्यासमा माथिको उदाहरणको घटनाले पुष्टि गरेको छ ।

## २.४ निष्कर्ष

परम्परागत पितृसत्तात्मक समाजको सामाजिकीकरणको प्रक्रियाले महिला र पुरुषको शरीर, स्वभाव वेशभूषा जीवन जिउने तरिका, चिन्तन आदिमा अलग-अलग मापदण्ड निर्धारण गरेको छ। यसै कारणले गर्दा समाजका सबै तहमा महिला सहभागिता कम देखिएको छ। प्रस्तुत *नथिया* उपन्यास यौन व्यवसायलाई नै जीविकोपार्जनको माध्यम बनाउने वादी समुदायका महिलाहरूको जीवन चरित्रमा केन्द्रित छ। त्यसकारणले पनि उपन्यासमा पुरुषलाई सत्ता र शक्तिको केन्द्रमा रहने, साहसी, निडर, पालनकर्ता, संरक्षकका रूपमा र महिलालाई कमजोर, पालिने जात, संरक्षिकाका रूपमा सामाजिकीकरण गरिएको छ। प्रस्तुत *नथिया* उपन्यासमा महिला शरीरलाई सुन्दर, कोमल, प्रियसी, पत्नी, गृहिणी, घरभित्रको संसारमा रमाउने, सहनशील, भावुक, पालिने जातका रूपमा सामाजिकीकरण गरिएको छ। उपन्यासमा आएका महिला पात्रहरू कुनै न कुनै रूपमा पितृसत्तात्मक चिन्तनबाट ग्रस्त छन्। उनीहरूको शरीरलाई पुरुषको उपभोग्य वस्तुका रूपमा सामाजिकीकरण गरिएको छ। ती पात्रहरू पितृसत्तात्मक चिन्तनको प्रताडनालाई चिरेर स्वतन्त्र अस्तित्व निर्माण गर्न सक्षम छैनन् । जेहोस्, यस उपन्यासमा आएका सबै नारी पात्रहरूको शरीरलाई पुरुष शरीरलाई भन्दा भिन्नै रूपमा सामाजिकीकरण गरिएको छ।

*नथिया* उपन्यासमा पितृसत्तात्मक सोचका कारण महिलाको शरीर प्रयोग भएको छ। यस उपन्यासमा आएका बेखामान, रत्नमान, हवल्दार मानु, रेञ्जर, गुमानसिंह जस्ता पात्रले हरेक तरहले महिला शरीरको पितृसत्तात्मक चिन्तनअनुरूप प्रयोग गरेका छन् । यस क्रममा उपन्यासकी प्रमुख महिला पात्र सामली तथा चन्द्रिका, लछिमा, सुक्मेली, कोकिला, रैतवी, रन्जिता जस्ता पात्रले शारीरिक साथै मानसिक शोषण र दमनयुक्त जीवन बिताउन बाध्य भएका छन् । यी महिला पात्रको शरीरमाथि पितृसत्तात्मक सामाजिक चिन्तनका कारण राजनीति भएको छ। उपन्यासकी प्रमुख पात्र सामलीले त आफ्नो चाहना विपरीत यौनिक र शारीरिक हिंसाको चरम रूप भोगकी छ तर पनि पितृसत्तात्मक समाजमा उसले त्यसका विरुद्ध बोल्ने कुनै आधार भेटेकी छैन। यहाँसम्म कि समाजको रक्षार्थ खटिएका पुलिस वर्ग नै पितृसत्ताको पक्षपोषण गर्दै सामली र सामली जस्ता अन्य महिलाको शारीरिक र मानसिक शोषण गर्न उद्यत् छन् । यस उपन्यासमा महिलाका वैयक्तिक अधिकार तथा स्वतन्त्रताको हनन् भएको छ । वास्तवमा यो उपन्यासमा आएका सबैजसो महिला

पात्रहरूको यौनिकता, प्रजनन्, स्वतन्त्रता, विचारधारा र स्वनिर्णय आदि कुरामा नियन्त्रण गर्दै पितृसत्ताले उनीहरूको शरीरमाथि प्रयोग गरेको छ ।

# तेस्रो परिच्छेद

# नथिया उपन्यासमा महिला शरीरमाथि शक्ति र प्रभुत्व

## ३.१ विषयपरिचय

सरस्वती प्रतीक्षाको उपन्यास *नथिया*मा महिला शरीरमाथि शक्ति र प्रभुत्वको प्रयोग शीर्षकअन्तर्गत यस अध्ययनमा *नथिया* उपन्यामसा शक्ति र प्रभुत्वको अवस्था के कस्तो रहेको छ र त्यसका कारणले निर्वासनले महिला शरीरमाथि कस्तो प्रभाव पारेको छ भन्ने अध्ययन गरिएको छ। शक्ति भनेको सामान्य रूपमा एक व्यक्ति वा समूहले अर्को व्यक्ति वा समूहमाथि आफ्नो अधिकार जमाउन खोज्ने अवस्था हो। शक्तिद्वारा व्यक्तिलाई शारीरिक, मानसिक, राजनैतिक र वैचारिक रूपमा अधीनमा राख्न सकिन्छ (भद्रा, २०७०, पृ. १५)। शक्ति र प्रभुत्वका कारण उपन्यासका महिला पात्रहरू के कस्तो दमन र शोषणमा परेका छन् भन्ने कुराको अध्ययन यस परिच्छेदअन्तर्गत गरिएको छ। शक्ति र प्रभुत्वकै कारण उपन्यासमा आएका महिलाको शरीर निर्वासित भएको अवस्था देखिन्छ। निर्वासन शरीर राजनीतिको महत्वपूर्ण पक्ष हो। उपन्यासमा आएका महिलाहरू कुनै न कुनै रूपमा निर्वासित भएका छन्। उपन्यासमा आएका महिलाहरूले आफ्नो शरीरलाई कतै स्वेच्छिक र कतै बाध्यात्मक रूपमा निर्वासित गराएका छन्। यस परिच्छेदमा महिला शरीरमाथि शक्ति र प्रभुत्वको प्रयोग कसरी गरिएको भन्ने विषयलाई विभिन्न साक्ष्यहरूका माध्यमबाट अध्ययन तथा विश्लेषण गरिएको छ।

## ३.२ शक्ति र प्रभुत्वका रूपमा शरीरको प्रयोग

शक्ति सत्तासँग सम्बन्धित पक्ष हो। सामान्यतः सत्ता कुनै व्यक्ति वा समूहलाई अर्को व्यक्ति वा समूहमाथि बल प्रयोग गर्ने वा नियन्त्रण गर्ने माध्यम हो। सत्ताको सम्बन्ध बल र विचारधारासँग हुन्छ । विचारधारा विभिन्न पक्षसँग सम्बद्ध हुन्छ । समाज, राजनीति र अर्थव्यवस्था विचारधाराका आधार हुन्। यिनले नै सत्ताको निर्माणमा पनि भूमिका खेल्दछन्। सत्तालाई दमन् र दमित शक्तिहरूको सम्बन्धमा रूपमा अर्थ्याइन्छ। यसरी हेर्दा सत्ता शक्ति सम्बन्धमा आधारित हुन्छ । शक्ति अरूमाथि गरिने वा देखाइने वर्चश्वमात्र होइन, यो सामाजिक संरचनाका विविधस्तरमा गरिने सामाजिक क्रियाकलाप, गतिविधि, त्यसले निर्माण गर्ने भूमिका, प्रभाव आदि सबै हो । "शक्ति पछि परेकाहरूलाई सशक्तिकरण गर्ने र

साधनसम्पन्न बनाउने कुरासँग सम्बन्ध राख्दछ । सांस्कृतिक अध्ययनले सामान्यतः शक्तिलाई आम सन्दर्भमा हेरे पनि विशेषतः यसले पछाडि परेको वर्ग, जाति लिङ्ग राष्ट्र आदिका बारेमा अध्ययन गर्छ" (गिरी, २०७०, पृ. २९) । शक्तिकै आडमा शक्तिहीनमाथि गरिने वर्चश्व वा शोषणका माध्यमबाट पनि शरीरको अध्ययन हुन्छ । शक्तिमा रहेकाले शक्तिभन्दा बाहिर रहेका वर्ग, जाति, लिङ्गलाई शोषण गर्ने र आफूले चाहेअनुसारका कार्य गर्न लगाउने गर्दछन् ।

प्रभुत्वको अवधारणा पाश्चात्य चिन्तक ग्राम्सीद्वारा विकसित भएको हो । ग्राम्सीका विचारमा शोषक वर्गले शोषित वर्गलाई शक्तिको प्रयोगमात्र होइन सांस्कृतिक साधनद्वारा पनि उत्पीडन गर्छ । उसले उत्पीडित वर्गमाथि प्रभुत्व कायम गर्नका लागि वैचारिक, शैक्षिक, धार्मिक, सांस्कृतिक रूपमा नै बढी जोड दिएको हुन्छ (चैतन्य, २०७०, पृ. १५८) । ग्राम्सीका चिन्तनको मुख्य पद नै प्रभुत्व हो । यसको केन्द्रीय सार बिना बलप्रयोग पनि समाजभित्रका विभिन्न वर्गलाई प्रभुत्वले बाँधेको हुन्छ भन्ने हो । प्रभुत्वमा वार्ता र सहमति ( निगोसिएसन र कन्सेन्ट) आधारभूत तत्त्वका रूपमा रहन्छन् । प्रभुत्व भौतिक र विचारधारात्मक उपकरणहरूको गठजोड हो । जसका माध्यमबाट प्रभुत्वशाली वर्गले आफ्नो सत्ता कायम गर्छ । यसकै माध्यमबाट कानुन, अदालत, धार्मिक, शैक्षिक संस्था आदिमा आफ्नो विचारधारा स्थापित गराउँछ । त्यसका लाग बौद्धिक वर्गहरूको नियुक्ति गर्छ अनि शाषितहरू शाषित भइरहन स्वीकार गर्छन् (पाण्डेय, २०७३, पृ. १७९) । सत्ताद्वारा नियुक्ति पाएका बुद्धिजीविहरूले सत्ता शोषक छैन । ऊ स्वतन्त्र छ भन्ने भ्रम सिर्जना गर्दछन् । यसका आधारमा शोषितहरू सधैँ तल परिरहन्छन् वा शक्तिभन्दा बाहिर रहन्छन् । उनीहरूको उपयोग सत्तामा रहेकाले चाहेअनुरूप गर्दछन् ।

पुरुषले आफ्नो शक्ति र प्रभुत्वका माध्यमबाट नारी शरीरलाई केवल आफ्नो हितमा उपयोग गर्दछ भन्ने कुरालाई बुभायरले यसरी उल्लेख गरेकी छन् : "पुरुषले जब नारीलाई आफ्नो सम्पत्तिको रूपमा प्राप्त गर्दछ भने उसको यही इच्छा यो रहन्छ कि उसको देह केवल देह मात्र रहोस् । पुरुष नारीको शरीरमा नारीको व्यक्तित्वको विकास देख्न चाहँदैन । ऊ आफूमा सीमित रहोस्, संसारमा अन्य कुनैसँग संलग्न नरहोस् उसले जुन कामनालाई जागृत गर्दछ, त्यसलाई तृप्त गरोस" (बुभायर, २०७५, पृ. ९९) । शक्ति र प्रभुत्वका कारण शक्तिहीनहरूको शरीरमाथि के कसरी शासन गरिरहेका छन् । ती शक्तिहीनले आफूमाथि

भएको शोषण वा आफ्नो शरीरको प्रयोग भएको थाहा पाएका छन् कि छैनन् । आफ्नो उपयोगिताको आधारमा उनीहरूको शरीर के कस्ता कार्यमा प्रयोग भइरहेको छ भन्ने कुराको विश्लेषण गरिएको छ ।

शरीर राजनीतिको एउटा महत्त्वपूर्ण पक्ष निर्वासन हो । सांस्कृतिक अध्ययनले शरीरलाई जीव वैज्ञानिक रूपमा मात्र नभई सामाजिक सांस्कृतिक सन्दर्भमा मानवीय शरीरको प्रयोग के कसरी भइरहेको छ, कस्तो खालको सामाजिक संरचनामा कसरी शरीरको प्रयोग भएको छ, कुन विमर्शात्मक संरचनामा शरीरको प्रयोग कुन रूपमा भएको छ भन्ने विषयमा अध्ययन गर्दछ ।

मानवीय शरीर पहिचानको एउटा महत्त्वपूर्ण कारण निर्वासन पनि हो । निर्वासनलाई आत्म निर्वासन, आन्तरिक निर्वासन र बाह्य निर्वासन गरी अध्ययन गर्न सकिन्छ । आत्म निर्वासन भन्नाले आफैभित्र हराउनु भन्ने हुन्छ (शर्मा, २०७३, पृ. १९६) । परम्परागत समाजमा आत्म निर्वासनको अवस्था ज्यादा देखिन्छ । परम्रागत समाजमा महिलाहरू घर परिवार, छोराछोरी, खेती किसानी आदिमा व्यस्त रहँदा रहँदै आफ्नो पहिचान नै भुलेर पहिचानविहीन अवस्थामा पुगेको पाइन्छ ।

आन्तरिक निर्वासन भन्नाले परिवार, समुदाय, समाज र राष्ट्रभित्रको निर्वासन भन्ने बुझिन्छ । यस्तो निर्वासनका कारण पनि मानवीय पहिचानमा प्रभाव परेको हुन्छ । आन्तरिक निर्वासनका क्रममा पनि अर्काको पहिचान बोकेर हिँड्नुपर्ने अवस्था आउँछ । आन्तरिक निर्वासन पनि बाध्यकारी र स्वेच्छिक दुवै हुन्छ । विवाह रोजगारी आदि कारणले आन्तरिक निर्वासन हुन्छ । बाह्य निर्वासन भन्नाले आफ्नो देश छोडेर अन्यत्र निर्वासन हुनु भन्ने बुझिन्छ । बाह्य निर्वासनका विविध कारणहरू हुन्छन् । गरिबी, राजनीति, शिक्षा, स्वास्थ्य, अवसरको खोजी जस्ता कारणहरू मुख्य रूपमा आएका हुन्छन् । जसका कारण व्यक्तिले आफ्नो पहिचान गुमाएर अन्य पहिचान बोकेर हिँड्न बाध्य हुन्छ । बाह्य निर्वासन पनि बाध्यकारी र स्वेच्छिक दुवै किसिमको हुन्छ । निर्वासनका कारणले मानिसको शरीरको अझै विशेषगरी महिला शरीरको दुरूपयोग हुन्छ ।

### ३.२.१ नथिया उपन्यासमा महिला शरीरमाथि शक्ति र प्रभुत्वको प्रयोग

सरस्वती प्रतीक्षाद्वारा लिखित *नथिया* उपन्यासमा समाजको सत्ताको रूपमा पुरुष रहेको छ र उसले नारीका शरीरमाथि आफ्नो प्रभुत्व जमाएको छ । पुरुष शक्ति सम्पन्न भएकै कारण उसले महिलाको शरीरको दुरूपयोग गरेको छ । पुरुष सत्ताले महिलालाई शक्तिहीन र कमजोर बनाएको छ। उपन्यासमा आएका अधिकांश पुरुषले नारी शरीरलाई यौन उपभोग्य वस्तुका रूपमा प्रयोग गरेका छन् । यहाँ नारी शक्तिहीन भएकै कारण उसको शरीर पुरुषका यौन आवश्यकता पूरा गर्ने साधनका रूपमा प्रयोगमा आएको छ। पितृसत्ता, शक्ति सम्पति आदिले नारीको शरीरमाथि कुनै न कुनै रूपमा प्रभुत्व जमाएको छ । यस उपन्यासमा आएका अधिकांश पुरुषले पैसाको आडमा स्त्रीको शरीरमाथि प्रभुत्व जमाएका छन् । प्रहरी हवल्दारले पैसामा खरिद गरेर लछिमाको शरीरमाथि कसरी प्रभुत्व जमाएको छ भन्ने कुरा दिइएको उदाहरणबाट स्पष्ट भएको छ :

> पैसा तिरेर तनलाई सुम्सुम्याउन कुनै कसर बाँकी राखेन हवल्दारले। पैसा तिरेर मनलाई सुम्सुम्याउन पनि अनेक हतकण्डा अपनाइरह्यो। प्रत्येक पटक लछिमालाई भेट्न आउँदा आँप, केरा, स्याउजस्ता फलफूल बोकेर आउँथ्यो। कहिलेकाँही मेक्सी र फरिया उपहार लिएर पनि आउँथ्यो। कहिलेकाहीं टीका, काँटाजस्ता शृङ्गारका सामग्रीसमेत उपहार ल्याइदिन्थ्यो। र, प्रत्येक पटक बडो मायालु भएर बिन्ती बिसाउँदै भन्थ्यो, लछिमा मसँग बिहे गर् न है ! (पृ. २२) ।

प्रस्तुत उदाहरणमा हवल्दारले लछिमाको शरीरमाथि आफ्नो प्रभुत्व कायम गरेको छ । उपन्यासमा आएको हवल्दार नियन्त्रणकारी शक्तिका रूपमा उपस्थित भएको छ। उसले पैसा तिरेर लछिमाको शरीरलाई उपभोग्य वस्तुका रूपमा परिणत गरेको छ। सम्पति र शक्तिकै आडमा उसले लछिमालाई अनेक उपहार ल्याइदिएर उसको शरीरको भोग गरेको छ। पितृसत्तात्मक चिन्तनले ग्रस्त हवल्दारले लछिमालाई बिहे गरेर एकलौटी भोग गर्न चाहन्छ। ऊ लछिमाको शरीरलाई केवल आफ्नो एकलौटी उपभोग्य वस्तुका रूपमा प्रयोग गरेर प्रभुत्व जमाउन चाहेको छ। शक्ति सत्तासँग जोडिएको विषय भएकाले सत्तामा रहेको वर्गले सत्तामा नरहेको वर्गको शरीरमाथि विभिन्न प्रयोग गर्छ भने उदाहरण तलको साक्ष्यबाट स्पष्ट भएको छ :

> आज ट्रेलर देखाउने दिन, रूपको ट्रेलर। अब बिस्तारै पूरै फिल्म हेर्नलाई मान्छेहरू टिकट काट्ने छन्। आ-आफ्नो औकातअनुसारको मूल्य टक्र्याउने छन्। बढाबढमा जवानी बिकाउने तमासा चल्ने छ। आफैँ विकेको आफैँ दर्शक बनेर हेर्नुको पीडाको भागिदार बन्नुपर्नेछ (पृ. ३१)।

प्रस्तुत उदाहरणमा पुरुष शक्ति र सत्ताको केन्द्रमा रहेकै कारण ऊ महिलाको शरीर खरिद गरेर उपभोग गर्न तयार छ। समाजमा कुनै एक कालखण्डमा कुनै विमर्शको प्रभुत्व रहेको हुन्छ, समाजको निर्माणमा भएको विमर्शात्मक संरचनाले मान्छेको शरीरको पहिचान दिन्छ। समाजको शक्तिमा रहेको नियन्त्रणकारी शक्तिले मान्छेको शरीरलाई आफ्नो अनुकूल परिभाषित गर्दै लगेको हुन्छ। माथिको उदाहरणमा पितृसत्ता वा पुरुषवर्ग नियन्त्रणकारी शक्तिका रूपमा आएको छ। उक्त वर्गले समालीको शरीरलाई आफू अनुकूल बनाउन चाहन्छ र उसको शरीमा प्रभुत्व कायम गर्न चाहन्छ। सामलीको रूप सौन्दर्यबाट मोहित भएका पुरुषहरू उसको शरीर मोलमोलाइको वस्तुका रूपमा परिणत गरेर आफ्नो प्रभुत्व जमाउन चाहन्छन्। परम्परागत पितृसत्तात्क समाजमा पुरुष शक्तिको केन्द्रमा रहेको छ र उसले मनलाग्दी रूपमा महिलाको शरीरको प्रयोग गर्दछ भन्ने तथ्यलाई बुझ्न सामलीको कुमारीत्वलाई पैसामा खरिद गर्न चाहेको तलको अभिव्यक्तिबाट स्पष्ट हुन्छ :

> सहरका एकजना व्यापारीले मोटाइ रकम तिर्दोछु भन्याका छन्। नथिया खोल्न जति रकम माग्या पन दिदोछु भन्याका छन्। सोह्र पूरा भयार सत्र वर्ष लागिसक्याकीछेस् (पृ. ३९)।

माथिको उदाहरणमा समाजमा रहेको शक्तिको केन्द्रमा पुरुष छ। अर्थको परिचालक र वितरक पनि ऊ स्वयम् छ। त्यही सत्ता र शक्तिको आडमा ऊ महिलाको शरीर विशेष गरी कुमारी केटीको कुमारीत्व खरिद गरेर उसको स्वतन्त्रतामाथि प्रभुत्व जमाउन चाहन्छ। वादी समुदायका महिलाहरू नथिया खोल्ने अर्थात् कुमारीत्व बिक्री गर्नका लागि मोलमोलाइ गर्ने प्रचलनबाट उनीहरू आफ्नो शरीरलाई बिकाउको मालका रूपमा प्रयोग गरेका छन्। त्यही बिकाउको मालका रूपमा रहेको स्त्रीको शरीर यौन उपभोग्य वस्तुका रूपमा परिणत गरी पुरुषले आफ्नो प्रभुत्व जमाएको छ।

पैसा र शारीरिक शक्तिको केन्द्रमा रहेको पुरुषले महिलाको इच्छाबिना नै मनलाग्दी रूपमा उसको शरीरको प्रयोग गर्छ भन्ने तथ्यलाई बुझ्न सामलीप्रति बेखामानले यस्तो गरेको व्यवहारले स्पष्ट हुन्छ :

> "तिमीलाई थाहा छ, तिम्रो नथिया उतार्न मैले कति मूल्य चुकाएको छु ? अब मूल्य चुकाउने पालो तिम्रो" गर्जियो बेखामान....जब बेखामानले फेरि समात्यो सामलीलाई, उसले फुत्कने हरसम्भव प्रयास गरी....आफ्नो पटकपटकको प्रयासमा सामलीले गरेको प्रतिकारमा झनक्क झर्क्यो बेखामान अनि बढी नै बल लगाएर पछार्‍यो भुइँमा, (पृ. ४७) ।

शक्तिकै आडमा व्यापारी बेखामानले सामलीको शरीरमाथि नियन्त्रण गर्दै उसको बलात्कार गर्ने प्रयास गरेको छ। प्रस्तुत उदाहरणमा शारीरिक शक्तिकै कारण बेखामानले सामालीको शरीरलाई दमन गरेको छ । पितृसत्तात्मक चिन्तन, आर्थिक तथा शारीरिक शक्तिका कारणले ऊ पुरुष सर्वशक्तिमान् हुन् र उनले चाहने भने महिलामाथि जस्तोसुकै दमन र शोषण पनि गर्न सक्छ भन्ने चिन्तनले ग्रसित छ। प्राकृतिक रूपमा रहेको पुरुष शक्तिकै कारण उसले सामलीको शरीरलाई आफू अनुकूल प्रयोग गरी शारीरिक शोषण गरेको छ र महिला शरीरको दुरूपयोग गरेको छ। सामालीको शरीरमाथि भएको शक्ति प्रयोगको अर्को उदाहरण उपन्यासमा यसरी आएको छ :

> एउटा हातको बलमा सामलीलाई अँठ्याएर अर्को हातले जबरजस्ती लुगाहरू खोल्न थाल्यो....अहिलेसम्म सामली आफैँले बाहेक अरू कसैले नदेखेको, नछोएको उसको कुमारी लाजमा धावा बोल्न सुरु गर्‍यो । ओठ, छाती, पेट साँप्रा जताततै दाँत गाड्न थाल्यो .... जब नथिया खोल्ने प्रयासमा बेखामानले सामलीको शरीरका कोमलाङ्गमा निर्दयतापूर्वक प्रहार गर्‍यो पीडाले असह्य भएर चिच्याई ऊ आँतैदेखि । उसको चित्कार रोक्न बेखामानले मुखमा कपडाको बुजो हालिदियो । आवाज रोकिए पनि पीडाको त्यो शृङ्खला यसै रोकिएन, पटकपटकको प्रहारमा ऊ रगताम्य भई थिलोथिलो भई (पृ. ४८) ।

प्रस्तुत उदाहरणमा बेखामान पुरुष भएकै कारण ऊ शक्तिसम्पन्न छ। आफ्नो घर, परिवार, सामाजिक प्रतिष्ठा हुँदाहुँदै उसले आफ्नो यौन आवश्यकता पूरा गर्न वादी युवतीको

कुमारीत्व खरिद गरेको छ । उसमा म पुरुष हुँ, पुरुष भएकै कारणले आफूले चाहेको युवतीसँग शारीरिक सम्पर्क राख्न सक्छ भन्ने सोचबाट ग्रस्त छ। उसले शारीरिक शक्तिकै कारण सामलीको शरीरमाथि नियन्त्रण गरेको छ। सामलीको शरीरप्रतिको अधिकारमाथि नियन्त्रण गरेर सामलीको शरीरमाथि राजनीति गरेको छ । पुरुष भएकै कारण ऊ यौन शोषण गर्न उद्यत भएको र महिलाको शरीरको शोषण गरेको छ । माथिको उदाहरणमा बेखामानको समाजिक हैसियत सामलीको भन्दा माथि छ। यहाँ सामली लिङ्ग, सामाजिक हैसियत, वर्ग आदि सबै दृष्टिले सीमान्तकृत पात्र हो। सामली नचाहँदा नचाहँदै पनि आफ्नो शरीरलाई अर्काको उपभोग्य वस्तु बनाउन बाध्य छ। समाजको सामाजिक व्यवस्था र शक्तिहीनताका कारण ऊ निरीह बन्नु परेको छ । यसरी सत्ता र शक्तिको आडमा सामलीको शरीरलाई यौन तृप्तिको साधन बनाइएको घटनाले पुँजीवादी संस्कृतिले महिलाको शरीरलाई उपभोक्तीकरण गरेको र उसको शरीरमाथि प्रभुत्व कायम गरेको प्रस्ट हुन्छ। सत्ता र शक्तिले महिलाको शरीरको कसरी शोषण गर्छ भन्ने कुरा तलको उदाहरणले थप पुष्टि गरेको छ :

> ब्युभँदा शरीरमा लुगा थियान। शरीर भने तन्नाले छोपियाको थियो। घाँटी, पेट, तिघ्रा जतातत्तै दाँतका डामहरू थियो। जता छोयो, शरीर त्यतै भतभती चहराइरह्याको थियो। दुई तिघ्राको बिचबाट रगतै रगतका टाटा थियो (पृ. ५५)।

प्रस्तुत उदाहरणमा सुक्मेलीले आफ्नो शरीरमाथि अर्कैले नियन्त्रण गरेर प्रभुत्व जमाएको घटनालाई आफ्ना सराथीहरूका सामु व्यक्त गरेकी छ। बेहोसी अवस्थामा रहेकी सुक्मेलीको शरीरलाई पाँच हजार रकम, दुई किलो चिनी र दुई थान कपडामा खरिद गरेर उपभोग गरेको प्रसङ्गबाट वादी बस्तीका ममिलाहरूको शरीरलाई किनबेचको वस्तुका रूपमा उपभोग हुने संस्कृतिबारे स्पष्ट हुन्छ। यसबाट बिक्रीको मालका रूपमा प्रयोग हुने आफ्नै शरीर अधीनमा नभएको र पुरुषको यौन उपभोग्य साधनका रूपमा प्रयोगमा आएको तथ्य स्पष्ट भएको छ । महिलाहरूले आफ्नो शरीरको अधिकार गुमाउँदै गएको प्रसङ्ग सुक्मेलीले यसरी व्यक्त गरेकी छ :

> 'यस्तो लाग्दो छ, हाम्रो शरीरका पाटपुर्जा हाम्रा होइनन्। यिनका मालिकहरू अरू नै हुन्, हामी त बस रखवाली गर्दाछौं यिनलाई आफ्नै सम्भीकन (पृ. ५६)।

माथिको उदाहरणमा महिलाले आफ्नो शरीमाथिको अधिकार गुमाएको प्रसङ्‌ग उल्लेख छ। महिलाको शरीर आफ्नै अधीनमा नभएको र त्यसका चालक वा मालिक शक्तिशाली वर्ग भएको स्पष्ट पारिएको छ। यहाँ पुरूष शक्तिशाली छ, त्यसैले उसले महिलाको शरीरमाथि वार्ता र सहमतिका आधारमा नभई बल प्रयोग गरेर वा पैसामा किनेर प्रभुत्व जमाएको छ। पितृसत्ता तथा शक्तिकै कारण कसरी महिलाको शरीर उपभोग्य वस्तुका रूपमा प्रयोग हुन्छ र प्रभुत्व निर्माण हुन्छ भन्ने कुरा दिइएको उदाहरणबाट स्पष्ट भएको छ :

> मैले जतिजति दुखीकन ऐयाऐया भन्दिथेँ, उसको गति र रफ्तार उति नै बढ्दोथ्यो। पीडाले निस्लोट भइकन ऐया पन भन्न नसक्न्या हालमा पुग्यापछि बल्ल छोड्याको थियो, मुलाई त्यो राक्षसले (पृ. ५७)।

पितृसत्तात्मक समाजको चिन्तनमा महिला लैङ्‌गिक रूपले सीमान्तकृत वर्गमा पर्दछन्। त्यसमाथि वादी महिलाहरू लैङ्‌गिक, जातीय, वर्गीय, भौगोलिक आदि विभिन्न दृष्टिले समाजको सबैभन्दा पिँधमा रहेका वर्ग हुन्। शरीर राजनीतिमा शक्तिमा रहेको वर्गसित आफ्नो शरीरको अधिकार हुन्छ तर शक्तिहीन वर्गले आफ्नो शरीरप्रतिको अधिकार गुमाउँछ। शक्तिहीन वर्गको शरीर शक्ति सम्पन्न वर्गको मनोरञ्जनका लागि उपयोगमा आउँछ। प्रस्तुत उदाहरणमा कोकिलाको शरीरमाथि भिक्षुले शक्तिको प्रयोग गरेको छ। कोकिला शक्तिहीन भएकै कारण उसले आफ्नो शरीरप्रतिको अधिकार गुमाएकी छ।

उपन्यासमा पुरुष पात्रलाई शक्ति, पद, पैसाले युक्त व्यक्तिका रूपमा यसरी चित्रण गरिएको छ : त्यसो त मेजर मानबहादुरको नाम नै काफी थियो, भय सिर्जना गर्न। ज्यानको मामिलामा मात्र होइन, पद, शक्ति र पैसाको मामिलामा पनि अवतारी (पृ. ६१)।

पुरुष हुनुको अहङ्कार र शक्तिको उन्मादले कसरी महिलाको शरीरलाई अधिकारको विषय सम्झन्छन् भन्ने बुझ्न दिइएको उदाहरण हेरौँ : म भरे ठिक सात बजे आइपुग्छु। त्यतिन्जेलसम्म तिमीहरूले आफ्नी छोरी मेरो निम्ति तयार गरेनौ भने म पहिले तिमीहरूको छोरीको गला रेट्छु। त्यसपछि यो घरमा आगो लगाइदिन्छु। मेजर मानुको प्रस्ताव अस्वीकार गर्ने एउटी वदिनीको कत्रो आँट त (पृ. ६२)।

परम्परागत पितृसत्तात्मक समाजमा पुरुष हुनु आफैँमा शक्ति सम्पन्न हुनु हो। त्यसमाथि पञ्चायत कालमा शक्तिको केन्द्र मानिने सरकारी जागिरे, सेनाको उच्च अधिकारी मानबहादुरमा शक्तिको दम्भ छ। यही शक्तिको आडमा टेकेर ऊ वादी बस्तीका कलिला युवतीहरूलाई यौन उपभोग्य वस्तुका रूपमा प्रयोग गरेर प्रभुत्व जमाउने कोसिस गर्दछ। यसरी जमाइएको प्रभुत्व वार्ता र सहमति (निगोसिएसन र कन्सेन्ट) का रूपमा नभई बल प्रयोगद्वारा भएको छ । माथिको उदाहरणमा डर र धम्की देखाएर, बल प्रयोग गरेर सामलीको शरीरमाथि अधिकार जमाउन खोजेको छ।

शरीर राजनीतिको एउटा महत्वपूर्ण पक्ष निर्वासन हो । सांस्कृतिक अध्ययनले शरीरलाई जीववैज्ञानिक रूपमा मात्र नभई सामाजिक सांस्कृतिक सन्दर्भमा मानवीय शरीरको प्रयोग के कसरी भइरहेको छ भन्ने विषयमा पनि अध्ययन गर्दछ (पाण्डे, २०७६ पृ. ५५)। मानवीय शरीर पहिचानको महत्वपूर्ण आधार निर्वासन पनि हो। मानवीय शरीर स्वेच्छिक वा बाध्यकारी रूपमा निर्वासनमा परेको हुन्छ। *नथिया* उपन्यासमा पनि विभिन्न सन्दर्भमा महिलाको शरीर निर्वासनमा परेको छ। शक्ति र प्रभुत्वको दमनमा परेर शरीर प्रयोगको प्रतिरोधस्वरूप महिलाको शरीर निर्वासनमा परेको तथ्यलाई दिइएको उदाहरणले पुष्टि गरेको छ :

> भय, डर, त्रास, सन्त्रास, यी र यस्ता जति पनि शब्दहरू थिए, ती सबै एकसाथ घोप्टिएका थिए, सामली र उसको परिवारमाथि। मेजर मानुको सामु छोरीलाई ज्यूँदै बली चढाउने कि नचढाउने ? एउटा नैतिक सङ्कट मडारिइरहेको थियो, बाआमाको मनमा। त्यसैले बडो साहसका साथ निर्णय गरे, बेलुका सात बजे मानबहादुर आउनु अगाडि नै पकैया छाडीकन जान्या .... बुढा बाउले प्याच्च भनिहाले, “राजापुर जान्या” (पृ. ६३)।

प्रस्तुत उदाहरणमा आएको मानबहादुर सत्ता र शक्ति सम्पन्न पुरुष हो। उसले सामलीको शरीरलाई यौन उपभोग्य वस्तुका रूपमा भोग्न चाहेको छ । सामली र उसको परिवारको प्रतिरोधमा उसले डर र धम्की देखाएर सामलीको शरीरमाथि प्रभुत्व जमाउन चाहेको छ। मेजर मानबहादुरको शोषणबाट बच्नका लागि उनीहरू आफ्नो जन्मभूमि तथा थातथलो नै छाडेर राजापुर जाने निर्णयमा पुगेका छन्। प्रस्तुत उदाहरणमा मानबहादुरले शक्ति र सत्ताको आडमा सामलीको शरीरमाथि प्रभुत्व जमाउन खोजेपछि शक्तिहीनताका

कारण उनीहरू निरिह बन्नु परेको छ । फलस्वरूप सामलीको शरीर नै निर्वासनमा परेको छ । पितृसत्तात्मक सामाजिक चिन्तनको व्यवहारले महिलाको स्वतन्त्रता मात्र नभएर उसको नाम, थर तथा स्वमाथि पनि नियन्त्रण गर्छ भन्ने कुरा तलको उदाहरणले स्पष्ट पारेको छ :

> अबदेखि म तिमीलाई मोहिनी नामले बोलाउँछु ।" रत्नमानले यसरी घोषणा गऱ्यो, मानौं पैसा तिरेर सामलीको शरीरमाथिको अधिकार मात्रै होइन, उसको नाममाथिको अधिकार पनि किन्यो (पृ. ८२) ।

यस उदाहरणमा शक्ति सम्पन्न भएकै कारण रत्नमानले सामलीको शरीर खरिद गरेको छ र उसको शरीरमाथि प्रभुत्व कायम गरेको छ । उसले इच्छा र स्वीकृतिबिना नै उसको नाममाथि पनि अधिकार जमाएको छ । यहाँ शक्ति र प्रभुत्वकै कारण सामली आफ्नो पहिचान दबाएर, पहिचान परिवर्तन गरेर बाँच्न बाध्य छ ।

> स्वर्गकी कुनै अप्सराभन्दा कम छैनौ तिमी । त्यसैले म तिमीलाई अप्सरा नामले बोलाउँछु है ! (पृ. ९६) । प्रस्तुत साक्ष्यबाट सामलीको नाममाथि पटक पटक नियन्त्रण भएको स्पष्ट भएको छ ।

पितृसत्ताको शक्तिकै कारण महिलाको स्वतन्त्रता तथा यौनिकतामाथि पनि नियन्त्रण हुन्छ भन्ने कुरा रेञ्जरको अभिव्यक्तिबाट स्पष्ट भएको छ :

> म नआउन्जेल तिमी कसैसँग सुत्न पाउँदिनौ । यस बिचमा ग्राहकहरूले दिने पैसा मैले अहिले नै एकमुष्ट दिएर जाँदै छु । .... म चाहन्न, मेरो प्रेमलाई अरू कसैले छोओस् ।" आदेश होइन भन्दाभन्दै पनि आदेश दिए उनले (पृ. ९९) ।

प्रस्तुत उदाहरणमा सामलीको गतिशीलता, यौनिकता तथा स्वतन्त्रतामाथि रेञ्जरले नियन्त्रण गरेको छ । रेञ्जर सत्ता र शक्तिको केन्द्रमा रहेको पुरुष पात्र हो । त्यही सत्ता, शक्ति र सम्पत्तिको आडमा टेकेर उसले सामलीको शरीरमाथि प्रभुत्व जमाएको छ । शक्तिको केन्द्रमा रहेको रेञ्जरले सामलीको स्वतन्त्रता, विचारधारालगायतका कुरामा शोषण, दमन र नियन्त्रण गरी आफ्नो प्रभुत्व कायम गरेको छ ।

सामलीको विवाहपछि सामलीको शरीर निर्वासनमा परेको छ । विवाहअघिको जीवनशैली भन्दा फरक किसिमले उसको जीवनशैली विकसित भएको छ । विवाहअघि धेरै

पुरुषको यौन तृप्तिको साधन बनेको उसको शरीर विवाहपछि रेञ्जरको एकलौटी साधनका रूपमा प्रयोगमा आएको छ । आफ्ना पुराना स्वभाव, आनीबानी छोडेर नयाँ ढङ्गमा बाँच्नु परेको यथार्थलाई समाख्याताले यसरी व्यक्त गरेका छन् : ऊ रेञ्जरको दुनियाँमा भुल्ने प्रयास गर्थी । रेञ्जरसँगको दुनियाँमा पूरापूरा रमाउने, घुल्ने प्रयास गर्थी (पृ. १२३) । यस अनुभवलाई सामली आफैँले भने यसरी व्यक्त गरेकी छ : जिन्दगी भनेको केही नयाँ बानीहरू लाग्नु र केही पुराना बानीहरू छुट्नु जो रहेछ (पृ. १२३) ।

प्रस्तुत उदाहरणमा विवाहपछि सामलीको शरीर तथा स्वभाव भिन्न रूपले विकसित भएको छ । हाम्रो परम्परागत पितृसत्तात्मक समाजमा विवाहपछि श्रीमतीले लोग्नेको घरमा गएर त्यहाँका संस्कृति, चालचलन अवलम्बन गर्नुपर्ने प्रचलनले पनि महिलाको शरीरमाथि प्रयोग गरेको हुन्छ । विवाह आफैँमा निर्वासनको कारण हो (पाण्डे, २०७६, पृ. ६९) ।

वादी बस्तीको सीमित परिवेशमै भए पनि स्वतन्त्र जीवन बाँचेकी सामलीले रेञ्जरसँग विवाह गरेपछि आफ्ना पुराना स्वभाव, आनीबानी सबैलाई छोडेर रेञ्जरको स्वभावसँग घुलमिल हुने प्रयास गरेकी छ । उसले आफूलाई रेञ्जरको परिवेशमा ढाल्न धेरै परिवर्तन गरेकी छ । यसरी आफ्नो शरीरलाई निर्वासित गराइरहँदा उसले आफूले भने पुराना बानी छोड्दै नयाँ बानीमा आफूलाई रूपान्तरण गर्नुपरेको अनुभव गरेकी छ ।

शरीर राजनीतिमा शक्तिकै आडमा शक्तिहीनमाथि गरिने वर्चस्व वा शोषणका माध्यमबाट पनि शरीरको अध्ययन गरिन्छ । विवाहपछि सामलीको शरीर लोग्नेको नियन्त्रणमा रहेको प्रसङ्ग यसरी आएको छ :

> यताउता कसैसित छुट्टै बोल्न वा केही गर्ने समय नै दिन्थेन रेञ्जर । बस्, त्यहाँ जान्थ्यो र पैसाको मुठो सामलीकी आमको हातमा थमाएपछि फर्कन्थ्यो (पृ. १२६) ।

प्रस्तुत उदाहरणमा रेञ्जरको सामाजिक हैसियत र भूमिका सामलीको भन्दा माथिल्लो स्तरमा रहेको छ । पितृसत्तात्मक शरीर लोग्नेको नियन्त्रणमा रहन्छ र श्रीमतीले आफ्नै शरीरमाथिको नियन्त्रण गुमाउन पुग्दछे (पाण्डे, २०७६, पृ. ६१) । प्रस्तुत उदाहरणमा शरीरधारी सरामलीसँग आफ्नै शरीरमाथिको अधिकार छैन जुन अधिकार उसको लोग्नेको नियन्त्रणमा छ । शक्तिको आडमा सामलीको शरीरमाथि प्रभुत्व जमाएर उसले राजनीति

गरिरहेको छ । यहाँ सामलीको परिवारलाई भेट्ने, घुमफिर गर्ने या मन लागेका मान्छेसँग भेट्ने उनीहरूसँग बोल्ने अधिकारमाथि लोग्नेको नियन्त्रण छ ।

विवाहपछि निर्वासनको अवस्थामा पुगेर आफ्नो अस्तित्वसमेत गुमाउन पुगेकी सामलीको शररिमाथि रेञ्जरले पटकपटक अनेक प्रयोग गरेको छ । उसको शरीरलाई यौन उपभोग्य वस्तुका रूपमा प्रयोग गर्नुका साथै उसको पहिचान, स्वतन्त्रतामाथि समेत नियन्त्रण गरको छ । आफ्नो शक्तिकै आडमा सामलीको शरीरमाथि गरेको दमन, दिएको यातनालाई तलको उदाहरणबाट स्पष्ट पारिएको छ :

> जसरी स्यालले कुखुरा समात्छ, उसरी नै समात्यो रेञ्जरले पनि बाँधिरहेको कपालमा फुकालेर भताभुङ्ग बनाइदियो .... पहिलेपहिले त हातखुट्टाले मात्रै पिट्थ्यो । यसपटक कुचाले समेत पिट्यो । ढोका पछाडि राखेको आग्लो ल्याएर आग्लोले समेत पिट्यो (पृ. १५१) ।

विवाहपछि पतिकै इच्छा र निर्देशनअनुसार बाँच्न बानी परेकी सामलीको शरीरमाथि उसको पतिले नियन्त्रण मात्रै गरेको छैन दुरूपयोग पनि गरेको छ । लोग्ने भएकै कारण शक्तिको दुरूपयोग गरेर रेञ्जरले सामलीलाई शारीरिक यातना समेत दिएको छ ।

विवाहकै कारणले महिलाको शरीर निर्वासित हुने विषय उपन्यासमा यसरी आएको छ :

> यसरी त्यसै दिन मिलनचोकको कोठा सधैँका लागि छोडेर आई उसले मोहम्मदको कोठामा भित्रिई, उसको स्वास्नी बनेर । अघिल्लो दिनसम्म रेञ्जरकी स्वास्नी थिई । भोलिपल्ट मोहम्मदकी स्वास्नी बनिसकेकी थिई (पृ. १५८) ।

प्रस्तुत उदाहरणमा विवाहकै कारण सामलीको शरीर निर्वासनमा परेको छ । सामलीले स्वेच्छाले पहिलो लोग्ने रेञ्जरलाई त्यागेर मोहम्मदलाई लोग्नेका रूपमा अङ्गालेपछि उसको शरीर बाध्यकारी रूपमा नभई स्वेच्छिक रूपमा निर्वासित भएको हो । अघिल्लो दिनसम्म रेञ्जरकी श्रीमतीको सामाजिक हैसियतका रूपमा रहेकी सामलीले मोहम्मदसँग विवाह गरेपछि उसको सामाजिक हैसियत, जीवनशैली सबै कुरामा परिवर्तन आएको छ । यसरी

निर्वासनबाट महिलाको रहनसन, खानपान, लवाईखवाई सबै कुरामा परिवर्तन हुन्छ जुन प्रस्तुत साक्ष्यमा सामलीका माध्यमबाट व्यक्त भएको छ ।

सत्ता र शक्तिकै आडमा वादी महिलाहरूमाथि कसरी दमन तथा नियन्त्रण हुन्छ भन्ने उदाहरण यहाँ प्रस्तुत गरिएको छ : जो जो भाग्न सके, सके । भाग्न नसकेका वा भाग्न नभ्याएकाहरू घरभित्रै चुकुल लगाएर लुकेर बस्थे । पुलिसहरू प्रत्येकको घरको ढोकामा ड्यामड्याम लात्तीले हान्थे र ढोका उघारेर वदिनीहरूलाई घिसार्दै बाहिर निकाल्थे । कसैको कपालमा समात्दै, कसैको हातखुट्टामा समात्दै, कसैको लुगामा समात्दै जबरजस्ती गर्दै निकाल्थे (पृ. २०३) ।

प्रस्तुत उदाहरणमा सत्ता तथा शक्ति सम्पन्न पुलिसले वादी महिलाहरूमाथि गर्ने शोषण, दमन तथा नियन्त्रणलाई व्यक्त गरिएको छ । शक्ति सत्तासँग सम्बन्धित पक्ष हो । सत्ता कुनै व्यक्ति वा समूहलाई अर्को व्यक्ति वा समूहमाथि बल प्रयोग गर्ने वा नियन्त्रण गर्ने माध्यम हो । सत्तालाई दमक र दमित शक्तिहरूको सम्बन्धका रूपमा अर्थ्याइन्छ । शक्ति अरूमाथि गरिने वा देखाइने वर्चस्वमात्रै होइन यो त सामाजिक क्रियाकलाप, गतिविधि, त्यसले निर्माण गर्ने भूमिका प्रभाव आदि सबै हो । माथिको उदाहरणमा पुलिसहरू सत्ताकै आडमा शक्ति सम्पन्न भएका छन् त्यही सत्ता र शक्तिको उन्माद उनीहरूले वादी बस्तीका महिलाहरूमाथि प्रयोग गरेका छन् र उनीहरूको स्वतनत्रता तथा विचारधारामाथि नियन्त्रण गरेका छन् । सामलीलगायतका महिला पात्रहरूको हैसियत सत्ता, शक्ति र प्रभुत्वका अगाडि यौन दासीका रूपमा रहेको छ ।

## ३.३ निष्कर्ष

सरस्वती प्रतीक्षाको *नथिया* उपन्यासमा शक्ति र प्रभुत्वका आधारमा विभिन्न महिलाको शरीरमाथि प्रयोग भएको छ । यौन व्यवसायिका रूपमा रहेका वादी बस्तीका महिलाहरू आफ्नो शरीरलाई कमोडिफिकेसन गरेर बजारीया बिकाउको मालका रूपमा उपयोग गर्न विवश छन् । उनीहरूले आफ्नो शरीरलाई पुँजी सङ्कलनको वस्तुका माध्यमका रूपमा स्वीकार गरेका छन् । सिँगारपटार गरेर ग्राहक कुरेर बस्ने कुराले उनीहरूको शरीर आजको नाफाखोर, बजारको बिकाउ माल बनेको छ । उपन्यासमा अधिकांश महिलाको शरीरमाथि पितृसत्ता शक्ति र प्रभुत्व तथा उपभोक्तावादी संस्कृतिले पटकपटक प्रयोग गरेको

छ। उपन्यासकी नायिका सामलीको शरीरमा सबैभन्दा बढी शक्ति र प्रभुत्वको प्रयोग भएको छ। त्यस्तैगरी लछिमा, कोकिला, सुक्मेली, रैतवी, नयनतारालगायत महिलाहरूको शरीर यौन उपाभेग्य वस्तुका रूपमा प्रयोगमा आएको छ। उपन्यासकी नायिका सामलीको शरीर बेखामान, मानबहादुर, रत्नमान, रेञ्जरलगायतका पुरूषबाट पटकपटक प्रयोगमा आएको छ। शक्ति र प्रभुत्वकै कारणले उसको शरीर निर्वासित समेत भएको छ। 'शक्ति र प्रभुत्वकै कारण वादी बस्तीका महिलाहरूले आफ्नो शरीरप्रतिको अधिकार गुमाएका छन्। शरीरप्रतिको अधिकारमात्र नभई विचारधारा, स्वतन्त्रता गुमाएर बाँच्न विवश छन्। शक्तिको केन्द्रमा रहेका पुरूषले प्रेमी, लोग्ने या ग्राहकका भूमिकामा आएर महिलाको हिँडडुल, स्वतन्त्रता, विचारधारा, यौनिकता, लवाइखवाई जीवनशैली जस्ता कुरामा नियन्त्रण गरी आफ्नो प्रभुत्व कायम गरेका छन्।

## चौथो परिच्छेद

# नथिया उपन्यासमा महिला शरीरप्रतिको उपभोक्तावादी सांस्कृतिक दृष्टि

## ४.१ विषयपरिचय

यस परिच्छेदमा सरस्वती प्रतीक्षाको *नथिया* उपन्यासमा शरीरप्रतिको उपभोक्तावादी सांस्कृतिक दृष्टिले पारेको प्रभावको अध्ययन गरिएको छ । उपन्यासमा प्रयुक्त महिला पात्रहरूमा उपभोक्तावादी संस्कृतिले उनीहरूको शरीरमाथि के कसरी प्रभाव पारेको छ र पुँजी सङ्कलनमा महिलाको शरीरको उपयोग कसरी भएको छ भन्ने कुराको अध्ययन विश्लेषण गरिएको छ । उपभोक्तावादी संस्कृतिले महिला शरीर कसरी शोषण तथा दमनमा पारेको छ भन्ने कुरा यस परिच्छेदको अध्ययनको विषय हो ।

## ४.२ उपभोक्तावादी संस्कृतिमा शरीर

उपभोक्ता भनेको कुनै पनि वस्तु आफ्नो जीवनयापन वा दैनिक आवश्यकता पूरा गर्न बजारबाट किनेर उपभोग गर्ने भन्ने बुझिन्छ । उपभोक्तावादी संस्कृतिमा उपभोक्ता केवल किन्ने मात्र नभई ऊ संस्कृतिको निर्माता र शक्ति समेत बन्दछ । नवपुँजीवादी युगमा शरीरको प्रयोग गरेर उपभोक्तावादी संस्कृतिले धेरैभन्दा धेरै नाफा कमाउन चाहन्छ । यसमा उपभोक्ता, श्रमिक, वस्तु र मालिक रहन्छन् । उपभोक्ताको चाहनाअनुरूप मालिकले श्रमिक लगाई वस्तुको उत्पादन गर्दछ (खनाल, २०७५, पृ. १९) । उपभोक्तावादी संस्कृतिले शरीरको बढीभन्दा बढी उपयोग गर्छ जुन नाफा कमाउने उद्देश्यका लागि हुन्छ । “व्यक्ति मानिसको वस्तुकरण र उसको स्वत्वको सामुहिक बजारीकरण उपभोक्ता संस्कृतिको पहिलो लक्षण हो” (सुवेदी, २०७०, पृ. ३९६) ।

व्यक्तिमात्र नभएर विशिष्ट ऐतिहासिक कालखण्डको संरचनाले समाजभित्रका मानिसको स्व (Self) को निर्माणमा हस्तक्षेपकारी भूमिका खेलेको हुन्छ । त्यो विमर्शात्मक संरचनाले पनि मान्छेको शरीरलाई नयाँ ढङ्गले प्रयोग गर्दछ । त्यस विमर्शात्मक संरचनाले मान्छेको शरीरलाई लचिलो वस्तुका रूपमा स्वीकार्छ । समाजले जस्तो बनाउन चाह्यो मान्छेको शरीरको पनि त्यस्तै बन्न स्वीकार गर्छ । पुँजीवादले नारीको शरीरलाई उपभोग्य वस्तु मालका रूपमा प्रयोग गर्दछ भन्ने कुरालाई मोदनाथ प्रश्रित यसरी उल्लेख गर्छन् :

"पुँजीवादमा नारीलाई पुरुषको निजी सम्पत्ति सरह विलासको साधन, सिँगार पटार र लोग्ने रिझाउने, नखरा, विज्ञापनका साधनको रूपमा प्रयोग गरिन्छ । यसले नारी वास्तवमा 'ज्युँदो पुँजी' र 'माल' भन्दा अगाडि बढ्न नसकेको तथ्यलाई अहिलेका साहित्य, सिनेमा, विज्ञापन, क्लब, कलगर्ल, वेश्याबजार आदि तमाम विषयहरूमा गरिएको नारीको प्रयोगबाट प्रष्ट हुन्छ (प्रश्रित, २०६६, पृ. ७१) । उपभोक्तावादी समाजले ज्ञान र शक्तिदेखि वञ्चित गरिएका महिलाहरू अन्य उपभोग्य वस्तु झैं उपभोग्य बन्न पुगे र तिनको बजारीकरण भयो ।

पुँजीवादी र अझ उत्तरपुँजीवादी उपभोक्तावादी समाजमा पनि महिलाको शरीर कमोडिफिकेसन भएको छ । "महिलाको शरीर र शारीरिक सौन्दर्यलाई उपभोग्य वस्तुको पर्यायका रूपमा लिइएको छ (पाण्डेय, २०६८, पृ. ७-८) । सामन्ती पुँजीवादी आर्थिक संस्कृति एउटा विचारधारा हो जसले पैसाका निम्ति मान्छे बेच्ने कुरालाई अस्वाभाविक र अमानुषिक ठान्दैन । "पुजीवादले नारीलाई वासना तृप्तिको साधन र सन्तान जन्माउने मेसिनबाहेक केही रहन दिएको छैन ... नारीलाई शिक्षा दिँदा पनि सुरुदेखि नै मनोवैज्ञानिक तरिकाले हीन र कमजोर गराउने र रतिक्रियाको भूमिका कसरी पूरा गर्नुपर्दछ भन्ने कुरा बढी सिकाइन्छ । यसरी उपभोक्तावादले मानव शरीरको उपयोग के कसरी भइरहेको छ, शरीरको प्रयोग केका निमित्त भएको छ ? उपभोक्तावादले नाफाका लागि कसरी मानव शरीरको उपयोग गरिरहेको छ ? पेसाका माध्यमबाट शरीरमाथि कसरी अरुको नियन्त्रण रहेको छ । शरीरमाथिको नियन्त्रण कोसँग रहेको छ ? शरीर बाहकले कसरी आफ्नो शरीरमाथिको अधिकार गुमाइरहेको छ भन्ने जस्ता विषयको अध्ययन शरीर राजनीतिमा गरिन्छ ।

## ४.२.१ नथिया उपन्यासमा महिला शरीरप्रतिको उपभोक्तावादी सांस्कृतिक दृष्टि

उपभोक्तावादी संस्कृतिले वस्तुको प्रयोग गरी धेरै भन्दा धेरै नाफा कमाउन चाहन्छ । यो संस्कृतिमा मानव शरीरलाई वस्तुका रूपमा अर्थ्याइएको हुन्छ । मान्छे आफैं मालवस्तु सरह व्यावसायिक भौतिक कुरामा परिवर्तन भएपछि उसका आदर्श, मानवीय व्यापार आदिको पनि व्यावासायिक मूल्य र भौतिक बजारमा रुपान्तरण भयो (सुवेदी, २०७० पृ. ३९४) । उपभोक्तावादले वस्तुको मात्रै नभएर मानव शरीरको पनि वस्तुकरण गरेर नाफा कमाउने उद्देश्य राखेको हुन्छ ।

उपभोक्तावादी संस्कृतिमा व्यक्तिको शरीरलाई आफैँद्वारा र अरू प्रभुत्वशाली वर्गद्वारा वस्तुका रूपमा प्रयोग गरी त्यसबाट भौतिक फाइदा लिने प्रयास गरिन्छ । सरस्वती प्रतीक्षाको *नथिया* उपन्यासका पात्रहरू अझ विशेष गरी महिला पात्रहरूको शरीरलाई पनि वस्तुका रूपमा बारम्बार प्रयोग गरिएको छ भने कतै कुनै प्रभुत्वशाली वर्ग वा प्रभुत्वशाली वर्गको प्रतिनिधि पात्रद्वारा पुरुष शरीरको पनि वस्तुकरण गरिएको छ । फुकोको मान्यतामा सिङ्गो समाजलाई पनि शरीरका रूपमा लिएको देखिन्छ (शर्मा, २०७३, पृ. १९१) । *नथिया* उपन्यासमा पनि सिङ्गो वादी वस्तीलाई शरीरको रूपमा हेर्दै त्यहाँको उपभोक्तावादी संस्कृतिमाथि चर्चा गरिएको छ :

> उति बेलाको हुरी खोलाको बगर अब बगर रहेन । अघोषित मुकाम बन्यो शरीरका सौदागरहरूको (पृ. १२) ।

दाङ जिल्लाको पक्रैया भन्ने ठाउँको वादी बस्तीलाई मुख्य स्थानिक परिवेश बनाएर लेखिएको प्रस्तुत उपन्यासमा लेखकले सिङ्गो बस्तीलाई व्यापारिक केन्द्रका रूपमा प्रस्तुत गरेकी छन् । माथिको उदाहरणअनुसार पक्रैया बस्ती एउटा सामाजिक एकाइको शरीरका रूपमा प्रस्तुत गरिएको छ जहाँ शरीरको सौदाबाजी गरिन्छ । यहाँ पुरै बस्तीलाई उपभोग्य वस्तुका रूपमा प्रस्तुत गर्दै त्यहाँ सरिक महिला शरीरको उपभोग हुने कुरा चित्रण भएको छ ।

उपभोक्तावादी संस्कृतिले मानव शरीरलाई पनि वस्तुका रूपमा हेरेको हुन्छ । अझ पितृसत्तात्मक चिन्तनले त महिला शरीरलाई नै उपभोग्य वस्तुका रूपमा अर्थ्याएको हुन्छ । सरस्वती प्रतीक्षाको प्रस्तुत उपन्यासमा पनि उपभोग्य वस्तुका रूपमा नारी शरीरको बारम्बार र फरकफरक ढङ्गले प्रयोग गरिएको छ । यो कुराको पुष्टि गर्न तलका केही उदाहरणहरू हेरौँ :

> वादी बस्तीमा उमेर पुगेपछि एउटी केटी मान्छेको मूल्य उसले नाकमा लगाएको नथियाको मूल्यले निर्धारण गर्छ । पहिलो पटक नथिया उतार्ने बेलामा पहिलो ग्राहकले जति बढी मूल्य दिन्छ, समाजमा त्यो केटीको हैसियत र महत्व त्यही मूल्यको आधारमा तय गरिन्छ (पृ. १४) ।

वादी समुदायको प्रचलन अनुरूप कुनै पनि महिलाले पहिलो रजस्वला भएपछि पहिलो ग्राहकसँग शारीरिक मिलन नभएसम्म नथिया (नाकमा लगाउने गहना विशेष) लगाउँछे । जब ऊ यौन धन्दाका लागि तयार हुन्छे उसले नाकको नथिया फुकाल्दछे र धन्दा सुरू गर्दछे। यसरी हेर्दा वादी महिलाको नथिया उतार्नुको अर्थ हुन्छ उसको कुमारीत्व भङ्ग गर्नु। माथिको उदाहरणमा एउटी महिलालाई वस्तुको रूपमा लिँदै उसको कुमारीत्वको मूल्य निर्धारण गर्ने कार्य गरिएको छ । यहाँ उपभोक्तावादी संस्कृतिमा पैसा तिरेर महिलाको कुमारीत्व खरिद गर्न सकिने कुरा गर्दै महिला शरीरलाई पुरुषको उपभोग्य वस्तुका रूपमा यसरी प्रकट गरिएको छ :

> १५ वर्षको उमेरमा त कतै कोही ग्राहक नआउला र नथिया उतार्न ? अहँ, कोही ग्राहक आएन। ठीक छ अब १६ वर्षको उमेरमा त कसो कोही ग्राहक नआउला र नथिया उतार्न ? अहँ, कोही ग्राहक आएन ।..... उमेर पुगेपछि पनि नाकमा लगाएको नथिया उतार्न समेत कोही ग्राहक आएन (पृ. १४)।

माथिको उदाहरणमा महिलाको रूप र बैँसलाई वस्तुका रूपमा अर्थ्याउँदै बैँस सँगसँगै सुन्दर रूप हुनुले महिला शरीरको मूल्य बढ्नु हो भन्ने कुरा प्रकट भएको छ । चन्द्रिका रूपकी नराम्री भएका कारण उसले ग्राहक पाएकी छैन। ग्राहक नपाउनुको मतलब उसको शरीरले मूल्य नपाउनु हो भन्ने स्पष्ट भएको छ।

उपभोक्तावादी संस्कृतिमा महिलाको शरीरलाई प्रयोग गरी फाइदा लिने प्रयोजन राखिएको हुन्छ । *नथिया* उपन्यासमा पनि वादी महिलाहरू आफ्नो शरीरलाई उपभोग्य वस्तुका रूपमा विक्री गरी त्यसबाट आर्थिक उपार्जन गर्छन् । उक्त समाजमा छोरी जन्मनु भनेको कमाउने भाँडो बढ्नु हो भन्ने मान्यता रहेको हुन्छ : छोरीमान्छे पछिको आम्दानीको स्रोत (पृ. १८)।

प्रस्तुत उदाहरण *नथिया* उपन्यासकी प्रमुख पात्र सामलीको जन्मको सन्दर्भमा आएको हो। आफू रूपमा नराम्री भएका कारण कमाई गर्न नसकेकी चन्द्रिका रूपवती छोरी जन्मेकोमा खुसी हुन्छे किनभने छोरी जन्मनु त्यसमा पनि रुपवती छोरी जन्मनु वादी परिवारमा त्यो छोरी ठूली भएर आम्दानी भित्र्याउनु हो भन्ने मान्यता रहेको हुन्छ । यहाँ

सामलीको शरीरलाई वस्तुकरण गरी त्यसबाट अर्थ उपार्जन हुने कुरा प्रकट भएको छ । भरखरै जन्मिएको सामलीको शरीरलाई उपभोग्य वस्तुका रूपमा प्रस्तुत गरिएको छ ।

उपभोक्तावादी संस्कृतिमा मान्छेको शरीर आर्थिक रूपमा खरिद गरिएको हुन्छ । पितृसत्तात्मक चिन्तनले महिलालाई आफ्नो प्रयोगको वस्तु त ठानेको हुन्छ नै त्यसमा पनि उपभोक्तावादी संस्कृतिले पैसा तिरेर महिलाको शरीर प्रयोगमा अझ बढी बल प्रदान गरेको हुन्छ ।

पैसा तिरेर तनलाई सुम्सुम्याउन कुनै कसर बाँकी राखेन हवल्दारले । पैसा तिरेर मनलाई सुम्सुम्याउन पनि अनेक हतकण्डा अपनाइरह्यो (पृ. २२) ।

माथिको उदाहरणमा महिला शरीरमाथि उपभोक्तावादी चिन्तन राख्ने हवल्दारले महिला शरीरमात्र होइन भावना (मन)लाई समेत वस्तुका रूपमा हेरेको छ । यहाँ पितृसत्तात्मक चिन्तनले प्रभुत्वशाली मानेको पुरुष वर्ग महिलाको शरीर र भावनालाई पैसा तिरेर पाइने वस्तुका रूपमा प्रयोग गर्छ भन्ने कुराको पुष्टि भएको छ ।

उपभोक्तावादी संस्कृतिमा महिलाको शृङ्गारलाई पनि महत्वपूर्ण दृष्टिले हेरिएको हुन्छ । शृङ्गारिक प्रशाधनले रूपलाई सुन्दर तुल्याउनुको मतलब शरीरको मूल्य बढ्नु हो भन्ने मान्यता उपभोक्तावादी संस्कृतिले बोकेको हुन्छ : सामलीलाई थाहा थियो यो शृङ्गार र सौन्दर्यले चर्कै मूल्य चुकाउनुपर्छ अब छिट्टै (पृ. ३१) ।

यहाँ सामली सुन्दर हुनुको अर्थ उसमाथि धेरै पुरुषको नजर पर्नु र धेरै पुरुषले उसको शरीरलाई वस्तुकरण गरी खरिद गर्न चाहनु भन्ने हुन्छ । धेरै पुरुषले सामलीमाथि पैसा खर्च गरी खरिद गर्नुको मतलब सामलीले आफ्नो अस्मिता बारम्बार गुमाउनु र त्यो कुरा सामलीको दृष्टिमा धेरै नै चर्को मूल्यको सौदावाजी थियो भन्ने कुरा यहाँ पुष्टि भएको छ ।

> आज ट्रेलर देखाउने दिन, रूपको ट्रेलर । अब बिस्तारै पूरै फिल्म हेर्नलाई मान्छेहरूले टिकट काट्नेछन् । आ-आफ्नो औकात अनुसारको मूल्य टक्र्याउनेछन् । बढाबढमा जवानी बिकाउने तमासा चल्नेछ । आफैं बिकेको आफैं दर्शक बनेर हेर्नुको पीडाको भागिदार बन्नुपर्नेछ (पृ. ३१) ।

यस उदाहरणमा महिलाको शरीरलाई वस्तुकरण गरी मोलतोल गरिने उपभोक्तावादी संस्कृतिले महिला शरीरलाई कस्तो पीडामा पुऱ्याएको छ भन्ने कुराको चित्रण भएको छ । महिला शरीर अनेक बाध्यतामा परेर उपभोग्य वस्तु बनेको हुन्छ । यस उदाहरणमा सामली पनि त्यस्तै पीडित पात्रका रूपम चित्रित भएकी छ । आफ्नो परिवारको आर्थिक जिम्मेवारी बोकेकी सामली नचाहेरै पनि आफूलाई वस्तुका रूपमा प्रस्तुत गरी आफ्नो शरीर बेच्न बाध्य बनेकी छ ।

उपभोक्तावादी संस्कृतिले मान्छेको शरीर मात्र होइन कला र सिपलाई पनि आर्थिक नाफासँग जोडेर हेरेको हुन्छ । 'कला अब माल वस्तुको विज्ञापनका लागि नियोजित र प्रायोजित भइसकेको छ । अब कुनै पनि सर्जक, गायक, लेखक, कवि वा चित्रकार कुनै न कुनै रूपमा अर्थ वा परिवेशमा व्यावसायिक विज्ञापनका मालवस्तु बनिसकेका छन् (सुवेदी, २०७०, पृ. ३९३) । नथिया उपन्यासकी मुख्य पात्र सामली पनि आफ्नो शरीर होइन बरु आफ्नो सीप कला वा श्रम बेच्न चाहान्छे :

> तमीलाई पैसा चाहियाको त हो । मु नाचीकन, गाईकन तमीलाई पैसा कमाईकन दिँदोछु । नभए अर्काको खेतमा काम गरीकन भयापन पैसा कमाईकन दिँदोछु तमीलाई (पृ. ३७) ।

उपभोक्तावादी संस्कृतिको मान्यताअनुरूप नै यहाँ सामलीले आफ्नो गायन, नृत्यकला वा श्रमलाई वस्तुकरण गरी उपभोग्य वस्तुका रूपमा बजारमा बेच्ने र त्यसबाट अर्थार्जन गर्ने कुरा आफ्नी आमालाई बताएकी छ । तर उसकी आमाले आफ्नो संस्कृतिको हवाला दिँदै श्रम बेच्नुभन्दा शरीर बेच्नु नै आफ्नो धर्म वा परम्परा रहेको कुरा बताएकी छ :

> खेतबारीको काम गरीकन कमाउँछु नभनेस् । कुलमै कसैले पन नगऱ्याको काम गरीकन दुनियाँ किन हँसाउदीछस् ? (पृ. ३९ ) ।

उपभोक्तावादी संस्कृतिमा महिला शरीरलाई वस्तुकरण गरी उक्त शरीरमाथि उनीहरूको नियन्त्रणको अधिकार पनि खोसिएको हुन्छ । विभिन्न बहानामा उनीहरूको शरीरमाथि अरू कसैले कब्जा जमाएको हुन्छ :

वादी बस्तीमा कि रूपले धोका दिए हो, कि अपाङ्ग नै जन्मे अर्को कुरा होइन भने ठीकठाककी एउटी केटी मान्छेलाई धन्दामा लाग्दिन भन्ने छुट छँदै थिएन (पृ. ३८)।

प्रस्तुत उदाहरणमा वादी बस्तीमा प्रचलित शरीर सौदाको अत्यन्त क्रुर सत्य प्रस्तुत भएको छ । यहाँ महिला शरीरलाई उनीहरूको इच्छाबिना पनि आफ्नो शरीर बेच्नै पर्ने कुराको दवाव सिर्जना गरिएको छ । यस उदाहरणले महिलाको आफ्नै शरीरमाथि आफ्नै नियन्त्रण नहुने कुरा पुष्टि गरेको छ।

उपभोक्तावादी संस्कृतिमा मानव शरीरका साथै कला श्रम र सीपलाई पनि वस्तुकरण गरिएको हुन्छ तर यस उपन्यासमा प्रयुक्त वादी समुदायमा भने शारीरिक श्रम बेच्नुलाई आफ्नो कुलको परम्पराभन्दा प्रतिकूल र गर्न नहुने काम तर शरीर र कला बेच्नुलाई चाहिँ परम्पराअनुकूल काम भनी परिभाषित गरिएको छ :

जहाँ जहाँ सामली गई, ती सबै नाचगानका कार्यक्रमहरूको केन्द्रमा ऊ नै रही केही पैसा कमाई पनि। ती पैसा आमालाई ल्याएर जस्ताको तस्तै बुझाई तर सामलीकी आमालाई किनकिन त्यो पैसा चित्त बुझाउन काफी भइरहेको थिएन। .... शहरका एकजना व्यापारीले मोटाइ रकम तिर्दोछु भन्याका छन्। नथिया खोल्न जति रकम मागे पन दिँदोछु भन्याका छन् (पृ. ३८-३९)।

माथिको उदाहरणमा सामलीकी आमाको सामलीको शरीरलाई वस्तुकरण गरी बढीभन्दा बढी मोलमा बजारमा बिक्री गर्ने मानसिकता प्रकट भएको छ । त्यस्तै गरी सामलीको कुमारीत्वका लागि भनेजति मोल तिर्न तयार ग्राहक पनि बजारमा तयार रहेको कुरा व्यक्त भएबाट उपभोक्तावादी चिन्तनले कसरी महिलाको शरीरलाई वस्तुका रूपमा बुझ्दछ भन्ने तथ्य स्पष्ट भएको छ ।

उपभोक्तावादी संस्कृतिमा शरीरको वस्तुकरण गरी त्यसको बढीभन्दा बढी मोल उठाउन खोजिएको हुन्छ । यस उपन्यासमा सामलीकी आमा चन्द्रिका वादी पनि सामलीको शरीरलाई बिकाउको मालका रूपमा बुझ्दै उसको शरीरको बढीभन्दा बढी मोल उठाउन चाहन्छे जसका निम्ति उसले छोरीलाई 'शरीर बेच्नु भनेको शरीरको मासु बेच्नु नभएर सीप बेच्नु हो (पृ. ३९) । भनी फकाउने प्रयास गरेकी छ । यसरी उपोक्तावादी समाजमा

महिलाको शरीरमाथिको आफ्नो नियन्त्रणलाई फकाएर फुल्याएर भए पनि खोस्ने प्रयास गरिन्छ भन्ने तथ्य उपन्यासमा पुष्टि भएको छ ।

उपभोक्तावादी संस्कृतिमा महिला शरीरको नियन्त्रण र प्रभुत्वको अधिकार महिलामा नहुने कुराको पुष्टि गर्न अर्को पनि उदाहरण आएको छ : तिमीलाई थाहा छ, तिम्रो नथिया उतार्न मैले कति मूल्य चुकाएको छु ? अब मूल्य चुकाउने पालो तिम्रो (पृ. ४७) ।'

यहाँ प्रभुत्वशाली वर्गको मानिने पुरुष बेखामानले सामलीको आफ्नै शरीरमाथिको नियन्त्रणमा चुनौति दिँदै सामलीको शरीरलाई वस्तु सरह किनेर प्रयोग गर्न चाहेको छ र बदलामा सामलीबाट थप फाइदा उठाउन खोजेको छ ।

> कसौडीमा पाकिरहेको खसीको मासुको गन्ध । चुलामा भकभक उम्लिरहेको भैँसीको खाट्टी दूध । सधैँ पाक्ने मन्सुली चामलभन्दा फरक बासमती चामलको भातको सुवास । नाङ्लो भरिभरि पकौडा नै पकौडा (पृ. ५१) ।

यस उदाहरणमा सामलीको शरीरलाई वस्तुका रूपमा प्रयोग गरेर अर्थार्जन गरी परिवारले भौतिक खुसी किनेको छ । यहाँ शरीरको वस्तुकरण र बजारीकरणको प्रकृयाको स्पष्ट चित्रण भएको छ । यहाँ बजारीकरणमा सामलीको शरीर बेचिनु मात्र हैन बजारबाट खाद्य वस्तु किनिनु पनि रहेको छ ।

उपभोक्तावादी संस्कृतिले शरीरलाई वस्तुकरण गर्ने क्रममा उक्त शरीर धारणकर्ताको भावनाको ख्याल गरेको हुँदैन । केवल शरीरलाई उपभोग्य वस्तुका रूपमा प्रयोग गरी त्यसबाट नाफा कमाउने उद्देश्यमात्र राखेको हुन्छ । यस तथ्यलाई तलको उदाहरणबाट पुष्टि गरिएको छ :

> बदिनीको छोरी हुनु भन्याको आफू मात्र दुःखी हुनु रह्याछ ! आफ्नो कारणले अरु सप्पै खुशी र सुखी हुनु रह्याछ (पृ. ५१) ।

यस उदाहरणमा सामली आफ्नो कुमारित्व गुमाएर दुःखी छ। उसलाई आफ्नै शरीरमाथि आफ्नै स्वामित्व प्राप्त नहुनुको पीडा छ तर उपभोक्तावादी समाजका रूपमा अवस्थित उसको परिवार र उसको कुमारीत्व भङ्ग गर्ने वा उसको शरीर उसकै इच्छा विपरीत किन्ने मान्छे भने सुखी र खुसी भएका छन् । यहाँ आफू उपभोग्य वस्तुको रूपमा

प्रयोग हुनु परेकोमा सामली दुःखी छ तर उपभोक्ता वर्ग उसको त्यो पीडा महसुस गर्दैन बरू उपभोग गर्न पाएकोमा खुसी हुन्छ । यसरी उपभोक्तावादी संस्कृतिले वस्तुको रूपमा महिलाको स्वामित्व र स्वको भावनालाई नकार्दै उसको शरीरमाथि शक्तिशाली वर्गले प्रभुत्व कायम गरेको हुन्छ। मानिसको वस्तुकरण र उसको सत्वको सामूहिक बजारीकरण उपभोक्ता संस्कृतिको पहिलो लक्षण हो (सुवेदी, २०७०, पृ. ३९६) ।

उपभोक्तावादी संस्कृतिमा महिला शरीरलाई वस्तुका रूपमा परिभाषित गर्दै उसको मूल्य तोकिन्छ र किनबेच गरिन्छ :

> बेखामानले सामलीको नथिया उतार्न दश हजार नगद, दुई तोला सुन, एक बोरा बासमती चामल, पाँच किलो चिनी, घरका सबै मान्छेलाई एक-एक थान कपडा र एउटा खसी दिएको कुरा भोलिपल्ट नै पक्रैयामा भुसको आगो फैलिए झैँ फैलिइसकेको थियो  (पृ. ५२) ।

यस उदाहरणमा कसरी उपभोक्तावादी संस्कृतिमा महिला शरीरको मूल्य निर्धारण गरिन्छ भन्ने कुरा स्पष्ट भएको छ । उपभोक्तावादी संस्कृतिमा महिलाको शरीरलाई नगद वा जिन्सी जुनसुकै चिजसँग पनि साट्न सकिन्छ भन्ने तथ्यको यहाँ उद्घाटन भएको छ :

> कसैले वदिनीको नथिया उतार्न यति धेरै रकम बुझाएको पहिलोपटक थियो । कसैले पनि आजसम्म चार पाँच हजारभन्दा बढी रकम बुझाएको थिएन । नथियाका निम्ति तिरिएको रकम र अन्य उपहारबारे सुनेर नथिया खोल्ने उमेर पुगेका युवतीहरूले इर्ष्याले जिब्रो टोके । ती युवतीका आमाहरूले 'ए जेइ, मेरी छोरी पन सामली जति नै राम्री जन्म्याको भया' भन्दै चुकचुकाएर जिब्रो टोके (पृ. ५२) ।....जम्मा पाँच हजार रूपैयाँ, दुई किलो चिनी र दुई थान कपडा । मेरो नथिया उतार्दाको मूल्य !" अलिकति भावुक हुँदै बोली सुक्मेली....त्यही बेलामा कोकिलाले पनि थपी, "बाहिरबाट हेर्दा त मेरो नथियाको कथा पन उइ चार हजार रूपैयाँ, दुई प्याकेट चकलेट र एउटा तन्नाको कथा हो (पृ. ५६) ।"

माथिका उदाहरणहरूमा उपभोक्तावादी संस्कृतिले महिलाका शरीरको कसरी फरक-फरक मूल्य निर्धारण गरेको हुन्छ भन्ने कुराको पुष्टि भएको छ। यहाँ उपभोक्तावादी चिन्तनसँग पितृसत्तात्मक चिन्तन पनि जोडिएर आएको छ। पितृसत्तात्मक चिन्तनले महिला

सुन्दर हुनुपर्छ भन्ने मान्यता राखेको पाइन्छ भने उपभोक्तावादी चिन्तनले सुन्दर महिलाको शरीरको मूल्य कम सुन्दर वा असुन्दर महिलाको तुलनामा ज्यादा तोकेको हुन्छ । यहाँ पनि सुन्दर भएकै कारण सामलीको शरीरले बढी मूल्य पाएको छ र कम सुन्दर भएकै कारण सुक्मेली र कोकिलाको शरीरले कम मूल्य पाएको छ ।

उपभोक्तावादी समाजमा महिलालाई कुनै पसलको रूपमा हेरिन्छ । जसरी केही अन्य उपभोग्य बस्तु किन्न मान्छे नगद लिएर जान्छ त्यसैगरी महिला शरीर उपभोग गर्न पनि नगदकै उपयोग गरिन्छ भन्ने तथ्यको उद्घाटन गर्न तलको उदाहरण उपयुक्त देखिएको छ :

केही समयपछि आउँदोथ्यो रकम बोकीकन र रकम रित्याइकन जाँदोथ्यो (पृ. ५६) ।

यो उदाहरण नथिया उपन्यासकी एक महिला पात्र कोकिलाको शरीर भोग गर्न पैसा लिएर आउने भिक्षुको प्रसङ्गमा आएको हो । भिक्षु कोकिलाको शरीरलाई दोकानबाट सामान गरिद गरे झैँ पैसाले खरिद गर्दथ्यो । उपभोक्तावादी संस्कृतिमा केवल महिलाको मात्र होइन पुरुषको शरीरलाई वा श्रमलाई पनि उपभोगको वस्तुका रूपमा प्रयोग गर्ने कुराको तथ्य पाइन्छ । व्यक्ति आफैले वा अरू कसैले मानव शरीर श्रम वा कलालाई पैसा कमाउने वस्तुका वा उपभोग्य वस्तुका रूपमा प्रयोग गर्नु नै सामान्यतया उपभोक्तावादी चिन्तन हो । यस सन्दर्भमा विमल सुवेदी भन्दछन्, हाम्रो दैनिक संसारको हरेक पक्षमा व्यावसायिक नाफा र नोक्सानको, भौतिक माल वस्तुताको, उपभोग उपभोग्यताको अनि नितान्त निजी शान्त सुखाय अभिप्रायको वर्चस्व छ र यी सबैको सम्पर्क भाषा हो पैसा (सुवेदी, २०७०, पृ. ३९३) । यस उपन्यासका केही पात्र पैसा आर्जनका निम्ति आफ्नो शरीर र कलाको प्रयोग गर्दछन् भने केही पैसा आर्जनका निम्ति अरूको शरीर र कलाको प्रयोग गर्दछन् भन्ने उदाहरण उपन्यासमा यसरी आएको छ :

> खासमा २५,३० फिट जति अग्लो र ठाडो बेलनाकार स्थान बनाएर त्यसैमा फनफनी बाइक घुमाउने एक प्रकारको रोमाञ्चक खेल थियो, मौतका कुआं । हेर्ने दर्शकहरू उक्त स्थानको सबैभन्दा माथि बसेर मोटरसाइकल चालकले अचम्मसँग मोटर साइकल घुमाएको हेर्थे । .... हात्ती, भालु, घोडा, सिंह आदि जनावरहरूको भेषमा जब मान्छेहरू अनेक चर्तिकला देखाउँथे । .... जल्दै गरेको रिडभित्र छिरेर मनोरञ्जन दिने डरलाग्दो खेल पनि चाख मानीमानी हेर्थे रमितेहरूले (पृ. ५९) ।

माथिको उदाहरणमा एकातिर मान्छे आफैँ आफ्नो शरीरलाई वस्तुका रूपमा प्रस्तुत गर्दै त्यसबाट पारिश्रमिक लिन उद्यत् देखिन्छ भने अर्कातिर सर्कस मालिक श्रमिकको शरीर प्रयोग गरी पैसा कमाइरहेको हुन्छ । यसरी उपभोक्तावादी संस्कृतिमा आफ्नो र अर्काको पनि शरीरलाई उपभोग गरेर पैसा कमाउने उद्देश्य राखिएको हुन्छ ।

उपभोक्तावादी संस्कृतिले एकातिर महिला शरीरलाई वस्तुको रूपमा लिएको हुन्छ र त्यसलाई नाफा कमाउन प्रयोग गरेको हुन्छ भने अर्कातिर उपभोक्तावादी चिन्तनयुक्त महिला स्वयं पनि आफ्नो शरीरको प्रयोग गरेर अधिकतम नाफा कमाउने उद्देश्य राख्दछे । किनभने पितृसत्तात्मक चिन्तनमा महिलालाई उसको शरीर उपभोग्य वस्तु हो भनी बुझाइएको हुन्छ । उपभोक्तावादी संस्कृतिमा शरीरलाई कमाउ वस्तुका रूपमा बुझिएको र बुझाइएको हुन्छ :

> जसरी उमेर पुगेपछि छोराहरू लाहुर जान्थे, त्यसरी नै उमेर पुगेपछि र आँट भएका वादीका केही छोरीहरू धेरै कमाउनका लागि राजापुर जान्थे । राजापुरमा पुगेर सबैले कमाउछन् नै भन्ने थिएन, तर जसले कमाएका थिए, वादी बस्तीमा तिनको हैसियत मलाया वा हङकङको लाहुरेको भन्दा कम हुन्थेन । पकैयामा नयनताराको हैसियत एक लाहुरेको हैसियत बराबर थियो । फरक यत्ति हो, लाहुरेहरू विदेशमा रगत र पसिना बगाएर कमाउँथे, नयनतारा र नयनताराहरू राजापुरमा रुप बगाएर कमाउँथे (पृ. ६६) ।

प्रस्तुत उदाहरणबाट उपभोक्तावादी संस्कृतिले कसरी महिला शरीरलाई मालवस्तुका रूपमा हेरेको हुन्छ र कसरी त्यसबाट फाइदा उठाएको हुन्छ भन्ने कुराको पुष्टि भएको छ । एकातिर पितृसत्तात्मक चिन्तनले मान्छेको प्रतिष्ठालाई उसको आर्थिक प्रगतिसँग जोड्दै धेरै अर्थउपार्जन गर्ने कार्यमा पुरुषहरू सक्षम हुने र उनीहरूकै सामाजिक प्रतिष्ठा उच्च रहने भाष्य तयार गर्दै महिलाको आर्थिक जीवनप्रति चुनौति खडा गरेको हुन्छ भने अर्कोतिर उपभोक्तावादी संस्कृतिले महिला शरीरकै प्रयोग गरेर अर्थआर्जन गर्न सकिने कुराको व्याख्या गरेको हुन्छ । *नथिया* उपन्यासकी महिला पात्र नयनतारा र नयनतारा प्रवृत्तिका अन्य महिला पात्र पनि यही विरोधाभाषी भाष्यका कारण आफ्नो शरीर प्रयोग गरी बढी भन्दा बढी अर्थ आर्जन गरी समाजमा प्रतिष्ठित जीवन जीउनकै लागि निर्वासित समेत हुन बाध्य भएका छन् ।

बिहान उठेर मुख धोइवरी पहिला सिंगारपटार गरेपछि मात्र चिया खान बस्थी । भन्थी, यो राजापुर हो, राजापुर ! यहाँ ग्राहक जुनसुकै बेला जहाँबाट पन टुप्लुक्क आउन सक्दछ । त्यसैले सधैं तयार भईकन बस्नुपर्दोछ (पृ. ५५) ।

यस उदाहरणमा नयनताराले आफ्नो शरीरलाई एउटा पसलको मालका रूपमा प्रस्तुत गरेकी छ । नयनताराको शरीररूपी पसलको सामान अर्थात् उसको यौवन खरिद गर्न जुनसुकै बेला ग्राहक आउने र उसले पैसा कमाउने हुनाले उक्त मौका नगुमाउने उपभोक्तावादी सचेत चेत यहाँ नयनताराका माध्यमबाट प्रकट भएको छ ।

उपभोक्तावादी संस्कृतिले मानव शरीरलाई विक्रीयोग्य मालवस्तुका रूपमा परिभाषित गरेको हुन्छ। त्यसैले पैसा तिरेर शरीर प्रयोग गर्न पाउने मान्यता उपभोक्तावादी संस्कृतिभित्रको एउटा पक्ष हो। *नथिया* उपन्यासका धेरैजसो पुरुष पात्र पनि यही चिन्तनबाट ग्रस्त भई महिला शरीरलाई मालवस्तु सरह पैसा तिरेर उपभोग गर्न चाहन्छन् :

पैसा तिरेपछि साग त ताजा किनेर खान पाइन्छ । पैसा तिरेपछि माल किन सधैं पुरानै चलाउने हामीले ? भने जति पैसा दिन्छौं तर माल नयाँ चाहिन्छ (प. ६९)।

यहाँ माल भनेर महिला शरीरलाई सङ्केत गरिएको हो । नयनताराका ग्राहकले यहाँ नयाँ मालका रूपमा सामलीको शरीर उपयोगको चाहना राखेका छन् ।

बल्ल पो सामलीले बुझी, माल भन्नु त अरु कोही होइन रहेछ, ऊ आफैं पो रहिछ । पसलमा राखिएको चामल पनि माल/दाल पनि माल। चिनी र चियापत्ति पनि माल । चुरोट र सलाई पनि माल । रक्सी र रमका बोटल पनि माल । मालहरूको लहरमा बेच्न राखिएका उसकी दिदी, दिदीका साथीहरू पनि माल । बेचिन तयार छैन भन्दाभन्दै पनि बेचिनै पर्छ भन्ने ढिपीमा लादिएकी ऊ आफैं पनि माल । दुनियाँको असुल उपरीको काइदा गजब, मासुले नबनेको माल भन्दा मासुले बनेको मालमा चासो सबैको (पृ. ७०) ।

माथिको उदाहरणमा उपभोक्तावादी संस्कृतिले कसरी महिला शरीरलाई वस्तुकरण गरी मालवस्तुका रूपमा हेर्दछ भन्ने कुराको स्पष्ट चित्रण भएको छ । यहाँ महिलाको

शरीरलाई मालको रूपमा हेर्दै उनीहरूको शरीरलाई कमाइको वस्तु बनाइएको छ । यस उदाहरणमा उपभोक्तावादी चिन्तनले कसरी महिलाको आफ्नो शरीरमाथिको नियन्त्रणको अधिकार पनि खोसेको हुन्छ भन्ने तथ्य पनि प्रकट भएको छ । महिलाले आफ्नो शरीरलाई वस्तुका रूपमा बेच्न नचाहँदा नचाहँदै पनि बेचिनु पर्ने बाध्यतालाई माथिको अभिव्यक्तिले प्रष्ट पारेको छ । यहाँ सामली तथा नयनतारालाई वस्तुका रूपमा किनबेच गरिने कुरा सामलीको अभिव्यक्तिद्वारा पुष्टि भएको छ ।

शरीर राजनीतिअन्तर्गतको उपभोक्तावादी संस्कृतिबाट आक्रान्त भएकी *नथिया* उपन्यासकी प्रमुख पात्र सामलीले आफ्नो शरीरलाई वस्तुकरण गर्दै आफ्नै शरीर उपभोगका निम्ति रत्नमानलाई निम्तो पठाएकी छ :

> बेखामानको छोरा रत्नमानलाई खबर पुऱ्याइदिई जस्तोको तस्तै, वादी वस्तीमा सामलीलाई भेट्न आउनू ! त्यो खबर थियो । तर, खबरभित्र खबरमात्र पक्कै थिएन । त्यो पहिलो निम्तो थियो । तर, पहिलो निम्तोभित्र पहिलो निम्तोमात्र पक्कै थिएन (पृ. ७९)

प्रस्तुत उदाहरणमा सामलीले रत्नमानलाई आफ्नो शरीर उपभोगका निम्ति निम्तो पठाएकी छ । यहाँ सामलीले आफ्नै शरीरलाई वस्तुकरण गरेकी छ र त्यसबाट नाफा कमाउन चाहेकी छ ।

शरीर राजनीतिको उपभोक्तावादी चिन्तनमा महिला शरीरलाई वस्तुकरण गर्दै त्यो शरीरको स्वनियन्त्रणको अधिकार पनि खोसिएको हुन्छ । यस चिन्तनमा शरीरलाई केवल मालवस्तुका रूपमा परिभाषित गरिएको हुन्छ भन्ने उदाहरण यसरी आएको छ :

> जब शरीरको व्यापार तल्लो विन्दुमा झर्छ तब शरीर शरीर नभएर माल बन्दोरहेछ । रत्नमानसँगको संसर्गमा आफ्नो शरीर सुम्पिरहँदा कसैलाई आफ्नो स्वामित्वको कुनै माल केही समयलाई चलाउन दिएको अनुभूति भइरह्यो । माललाई रूने अधिकार हुँदैन । यही सोचेर ऊ रोइन । माललाई दुख्ने अधिकार हुँदैन । यही सम्झेर ऊ दुखिन । माललाई मध्यरातमा उठेर झस्कने अधिकार पनि हुँदैन । यही सम्झेर ऊ झस्किन (पृ. ८१) ।

माथिको उदाहरणमा उपभोक्तावादी चिन्तनले महिला शरीरमाथि गरेको वस्तुकरण र स्वतन्त्रतामाथिको बन्देजको चित्रण गरिएको छ । यहाँ सामलीले आफूलाई उपभोक्तावादी समाजले केवल मालवस्तुका रूपमा लिएको र त्यसको विरोध गर्ने स्वतन्त्रतासमेत नभएको कुरा अभिव्यक्त गरेकी छ । उपभोक्तावादी चिन्तनमा कसरी प्रभुत्वशाली वर्गले कमजोर वर्गमाथि दमन गर्दछ भन्ने कुराको स्पष्ट चित्रण भएको छ । यस उदाहरणमा रत्नमान प्रभुत्वशाली वर्गको प्रतिनिधि पात्र हो भने सामली दमित वर्गकी प्रतिनिधि पात्र हो ।

शरीर राजनीतिको उपभोक्तावादी संस्कृतिले महिलाको शरीर सँगसँगै उसको भावनालाई पनि वस्तुकरण गर्न चाहेको हुन्छ :

मुलाई माफ गरदिनु हजुरले, वदिनी शरीर वेच्दिछे, भावना बेच्दिन (पृ. ८५) ।

यस उदाहरणमा रत्नमान नामक पात्रले पैसा तिरेर सामलीको शरीर सँगसँगै भावनामा पनि हस्तक्षेप गर्न चाहेपछि सामलीले प्रतिरोधात्मक अभिव्यक्ति प्रकट गरेकी छ। शरीर राजनीतिमा पुरुष उपभोक्तावादी चिन्तनले महिलाको शरीरलाई आफ्नो नियन्त्रण र अधिकार क्षेत्रभित्र राखेको हुन्छ यसमा महिला शरीरलाई आफूले चाहेको समयमा आफूले चाहेकै जसरी प्रयोग गर्न सकिन्छ भन्ने मान्यता रहेको हुन्छ :

> सामली तिम्रो स्वीकृतिवेगर तिमीलाई नङ्ग्याउनु मेरो गल्ती थियो । त्यसका निम्ति ज सजाय तोक्छौ तोक, म सजायको निम्ति तयार छु । तिमी कति रकम माग्छ्यौ माग । त्यति नै रकम बुझाउन तयार छु । .... अँ, साच्ची हजुरको छोराको मूल्य पो कति हो ? अमूल्य बाउको अमूल्य छोराको मूल्य तोक्न्या म को हुँ र ? मुलाई त जवरजस्ती खोलियाको मेरो आफ्नै नथियाको मूल्य पन थाहा छैन (पृ. ८५) ।

माथिको उदाहरणमा सामली र बेखामान बिचको संवादमा बेखामानले सामलीको शरीरलाई वस्तुकरण गर्दै फरक-फरक प्रयोजनका निम्ति बारम्बार मूल्य तोक्ने काम गरेको छ । यहाँ एकातिर पितृसत्तात्मक समाजको उपभोक्तावादी चिन्तनले महिलाको आत्मसम्मानको वास्ता नराखी कसरी उसमाथि शारीरिक शोषण र मानसिक दमन गर्छ भन्ने तथ्य प्रकट भएको छ । अर्कोतिर वस्तुकरण गरिएकी सामली भने आफ्नै कुमारीत्वको मूल्य तोक्न पनि प्रतिबन्धित छ भन्ने तथ्य पनि यहाँ प्रकट भएको छ ।

*नथिया* उपन्यासमा शरीर राजनीति अन्तर्गत उपभोक्तावादी चिन्तनको प्राचीन समयमा कस्तो प्रयोग रहेको थियो भन्ने तथ्य पनि उजागर भएको छ :

> देवता हुन् वा मान्छेहरू, स्त्री शरीरको रागबाट कहिल्यै कोही अछुतो रहनै सकेनन् भन्ने बुझी । स्वर्गमा अपस्राहरूको नाममा होस वा अहिले वदिनी सबै मनोरञ्जनका खातिर प्रयोग हुने मासुका ज्यूँदाजाग्दा नमूना हुन् भन्ने बुझी (पृ. ९५) ।

प्रस्तुत उदाहरणमा महिला शरीरलाई उपभोग्य वस्तुको रूपमा प्रयोग गरिने प्रचलन अहिलेको युगमा मात्र नभएर प्राचीन (देवताको) युगमा पनि रहेको र त्यही प्रचलन नै हालसम्म पनि कायम रहेको कुरा व्यक्त गरेको छ ।

त्यस्तै गरी उपन्यासमा महाभारत कालमा पनि उपभोक्तावादी दृष्टिकोणबाट महिला शरीरको प्रयोग हुने गरेको कुराको प्रसङ्ग उल्लेख गरिएको छ :

> वेश्याहरू लडाइँको मैदानमा पनि सहभागी हुन्थे । महाभारतको लडाइँमा आफ्ना सेनाहरूमा एकाकीपन नहोस् र उनीहरूलाई मनोरञ्जन प्राप्त होस् भन्ने उद्देश्यले महाराज युधिष्ठिरले केही कुलीन, अत्यन्तै सुन्दरी, सिँगारिएका र आनन्ददायी वेश्याहरूलाई फौजका साथ पठाएका थिए । यसैगरी शत्रुपक्षको दुर्योधनको फौजमा पनि व्यावसायिक गायिका, गुप्चतर, गणिका र वेश्याहरू सहभागी गराइएका थिए । वेश्याका विभिन्न श्रेणीहरू हुन्थे । निम्न श्रेणीका वेश्याहरू दरबारभित्र प्रवेश पाउँदैनथे । उनीहरू साझा वेश्याको रूपमा रहन्थे र प्राचीन दरबारहरूले ती वेश्याहरूलाई गुप्तचरको रूपमा प्रयोग गर्दथे (पृ. २४६) ।

यस उदाहरणले प्राचीन महाभारतकालमा पनि महिला शरीरलाई उपभोग्य वस्तुका रूपमा र गुप्तचरका रूपमा समेत प्रयोग गरिन्थ्यो भन्ने तथ्यलाई प्रष्ट पारेको छ ।

त्यस्तै गरी उपन्यासको अर्को प्रसङ्गमा प्राचीनकालमा महिलाहरूलाई मन्दिरमा देवदासीका रूपमा समेत प्रयोग गरिने गरेको चर्चा गरिएको छ ।

मेघदूतको एक प्रसङ्गमा मेघलाई भनिएको छ : "हे मेघ ! सन्ध्याकालमा महाँकालको मन्दिरमा नृत्य सङ्गीत गरिरहेककी, पाउमा चाँप र कम्मरमा रत्न सुसज्जित कमरपेटी

धारण गरेकी, रत्नजडित चमर डोलाएर थाकेकी देवदासी (वेश्याहरू) होलान् । .... ती देवनर्तकी र गायिकाहरू यथार्थमा वेश्या नै थिए (पृ. २४७) ।

यसरी उपन्यासमा कालिदासकालमा पनि महिलाहरूलाई सुसज्जित पारेर मन्दिरमा देवदासीका रूपमा प्रयोग गर्ने चलन रहेको देखिन्छ । त्यसकालमा उनीहरूको कला साथै शरीरको पनि उपभोग हुने गरेको देखिन्छ । "भारतमा प्रचलित यसै संस्कृतिको प्रभावले नेपलमा पनि धार्मिक वेश्यावृत्तिका रूपमा महिलाहरूको प्रयोग बढेको देखिन्छ । नेपालमा चलेको देवकी, देउकी, देउचेली प्रथा धार्मिक वेश्यावृत्तिका उदाहरण हुन्" (पृ. २४८) भनी उपन्यासकारले महिला शरीरको उपभोगको प्राचीन सन्दर्भलाई जोडेकी छन् ।

उपभोक्तावादी संस्कृतिमा महिलाको शरीर र यौनिकतामाथि मात्रै नभएर महिलाको रोजाइप्रतिको स्वतन्त्रतामा पनि बन्देज लगाइएको हुन्छ । यस चिन्तनमा महिलालाई केवल कठपुतलीका रूपमा हेरिन्छ जसको कुनै रहर हुँदैन, कुनै चाहना हुँदैन । ऊ केवल पुरुषको चाहना अनुरूप बाँच्दछे भन्ने मान्यता राखेको हुन्छ :

> उसलाई राम्री बनाउन महँगामहँगा कपडा, गहनाहरू उपहार ल्याइदिन्थ्यो । ती लुगागहनाहरू लगाएर फुरूङ्ग हुँदै सिनेमा हल वा कुनै मेलामा जान्थी, त्यो प्रेम हो जस्तो लाग्थ्यो । जब आफूले लगाउनुपर्ने लुगा आफ्नो रोजाइको हुन्थेन, आफूले लगाउने लुगाको रङ आफ्नो रोजाइको हुन्थेन, आफूले लगाउने गहनाको डिजाइन आफ्नो रोजाइको हुन्थेन केवल रेञ्जरको रोजाइको हुन्थ्यो, त्यो प्रेम प्रेम होइन, शरीरको सौदाबाजी मात्र हो जस्तो लाग्थ्यो (पृ. १०५-१०६) ।

माथिको उदाहरणमा उपभोक्तावादी समाजमा महिलाको रोजाई र आत्मनिर्णयको अधिकारलाई कसरी कुण्ठित गरिन्छ भन्ने कुरा प्रकटीकरण भएको छ । रेञ्जरले पैसाको प्रभावमा सामलीको आत्मनिर्णयको अधिकारमाथि पनि प्रभुत्व कायम गरेको छ ।

सरस्वती प्रतीक्षाको यस *नथिया* उपन्यासमा उपभोक्तावादी संस्कृतिमा कसरी प्रभुत्वशाली वर्गले शक्तिहीन वर्गमाथि कसरी शक्ति प्रयोग गरी नियन्त्रण गर्दछ भन्ने कुरालाई पनि दर्शाइएको छ :

हामी वादीहरूमाथि उपल्लो जातकाले बडो ठूलो राजनीति गरिरह्याका छन् । हामीहरू उनीहरूको उत्सवमा नाचीकन, गाईकन मनोरञ्जन दिन मात्र जन्म्याका हौँ । हामीहरू आफ्नो लागि आफ्नो जीवन बाँच्न जन्म्याका होइनौ रह्याछौं, अरुहरूका लागि आफ्नो जीवन बाँच्न जन्म्याका रह्याछौँ । हाम्रा दिदीबहिनीहरू उनीहरूको शरीरको प्यास मेटाईकन उनीहरूलाई खुशी बनाउन मात्र जन्म्याका रह्याछन् (पृ. ११२) ।

यस उदाहरणमा उपल्लो वर्गले तल्लो वर्गलाई उपभोग्य वस्तुका रूपमा प्रयोग गर्ने चलनको चित्रण भएको छ । यहाँ वादी समुदायभन्दा अन्य समुदाय समाजको उपल्लो वर्गका रूपमा रहेको छ भने वादी समुदायले तल्लो वर्गको प्रतिनिधित्व गरेको छ । उपल्लो वर्गले वादी समुदायलाई आफ्नो मनोरञ्जनका साधनका रूपमा उपभोग गरेको कुरा यहाँ वादी युवकका अभिव्यक्तिका रूपमा प्रकट भएको छ ।

शरीर राजनीतिअन्तर्गत उपभोक्तावादी चिन्तनमा व्यक्तिको शरीरलाई अन्यले मात्र होइन व्यक्ति आफैले पनि वस्तुकरण गरेको हुन्छ । व्यक्तिले आफ्नो शरीरलाई आफैले वस्तुकरण गरी अर्थाजनका लागि प्रयोग गरेको हुन्छ । यस उपन्यासकी नायिका सामलीले पनि अर्थार्जनका निम्ति आफ्नो शरीरलाई आफैले वस्तुकरण गरेकी छ :

थरीथरीका ग्राहकसँग थरीथरीका रूपमा प्रस्तुत हुन्थी ऊ । कोही कृष्ण बनेर आए राधा वा रूक्मिणी बनिदिन्थी । कोही राम बनेर आए सीता बनिदिन्थी । कोही महादेव बनेर आए पार्वती बनिदिन्थी । कोही फूललाई मन पराउने ग्राहक आए ऊ फूलमाया बनिदिन्थी । कोही जूनलाई मन पराउने ग्राहक आए ऊ जूनमाया बनिदिन्थी । कोही प्यासी, एकदमै प्यासी बनेर आए ऊ बेपर्वाह बबई नदी बनिदिन्थी । हर रूप र अवतारलाई यसरी पूर्णता दिन्थी, त्यही नक्कली रूप र अवतार नै उसको सक्कली रूप हो कि झैँ लाग्थ्यो (पृ. १८८) ।

यस उदाहरणमा उपन्यासकी प्रमुख पात्र सामलीको आफूलाई वस्तुकरण गरी अनेक अनेक रूप छर्दै त्यसबाट नाफा कमाउने उपभोक्तावादी चिन्तन प्रकट भएको छ ।

*नथिया* उपन्यासका पुरुष पात्रले उपन्यासका महिला पात्र वदिनीहरूको शरीरलाई उपभोग्य वस्तुका रूपमा प्रयोग गर्दा उनीहरूलाई मनोरञ्जनका साधन पनि मानेका छन् । पुलिस चौकीको पुलिसले वदिनीबारे गरेको टिप्पणीले यो कुराको पुष्टि गरेको छ :

> थानामा बस्दाबस्दा बोर हुन्छ अनि केही रमाइलो गरौँ भनेर वादी बस्तीमा छापा मार्न जाने हो हामीहरू । खासमा हामीहरू तिमीहरूलाई पक्रनलाई बादी बस्तीम जाने होइनौँ, नाङ्गैफुङ्गै आत्तिँदै तिमीहरू दौडेको, भागेको दृष्य बहुतै रमाइलो लाग्छ, त्यही हेर्न जाने हो । सेक्सी दृष्य भन्छन् नि, हो त्यही फरक खालको लाइभ सेक्सी दृष्य हेर्न जाने हो (पृ. २०८) ।

यस उदाहरणलाई अध्ययन गर्दा यहाँ पुलिसले महिलाको नाङ्गो शरीरलाई मनोरञ्जनको साधन ठानी त्यसबाट मनोरञ्जन लिन शक्तिहीन वर्गमाथि शक्ति प्रयोग गरेको देखिन्छ । उपभोक्तावादी चिन्तनमा पनि शक्तिशाली वर्गले शक्तिहीन वर्गमाथि शासन गर्दै उनीहरूको प्रयोग गर्दछन् । सत्तामा रहेको पुलिस शक्तिशाली वर्ग भएकाले सत्ता र शक्तिका आडमा कमजोर वादी महिलाहरूमाथि शक्ति प्रयोग गरी दमन गरेको छ । उनीहरूको शरीरलाई तमासाको वस्तु बनाएको छ ।

## ४.३ निष्कर्ष

*नथिया* उपन्यासमा शरीर राजनीतिअन्तर्गत उपभोक्तावादी संस्कृतिका आधारमा उपन्यासका पात्रहरू अझ विशेषगरी महिला पात्रहरूको शरीर प्रयोग भएको छ । उपन्यासमा धेरैजसो सन्दर्भमा पितृसत्तात्मक चिन्तनले प्रभुत्वशाली वर्ग मानेको पुरुष वर्गद्वारा महिला शरीरको प्रयोग भएको छ भने कतिपय सन्दर्भमा महिलाले नै आफ्नो शरीरलाई वस्तुकरण गर्दै बजारीकराण गरेका छन् । उपन्यासमा मुख्य पात्रका रूपमा आएकी सामलीको शरीर प्रयोग सन्दर्भ सबैभन्दा बढी आएको छ भने अन्य पात्रहरू जस्तै चन्द्रिका, लछिमा, सुक्मेली, कोकिला आदिका शरीर प्रयोगका प्रसङ्गहरू पनि उपन्यासमा उपभोक्तावादी चिन्तनअन्तर्गत आएका छन् ।

उपभोक्तावादी चिन्तनअन्तर्गत शरीर प्रयोगको सन्दर्भमा उपन्यासमा शरीरको सुन्दरता, सौन्दर्यकला, शरीर सज्जा, कलाको प्रयोग, प्रभुत्वका आधारमा शरीर र कलामाथिको दमन र प्रयोग जस्ता प्रसङ्गहरू उपन्यासमा प्रयुक्त विभिन्न पात्रका मार्फत्

उद्घाटित भएका छन् । उपन्यासमा उपभोक्तावादी चिन्तनमा शरीर प्रयोगको प्राचीन सन्दर्भहरू समेत समाविष्ट भएका छन् ।

# पाँचौं परिच्छेद

# नथिया उपन्यासमा महिला शरीर प्रयोगको प्रतिरोध

## ५.१ विषयपरिचय

पितृसत्तात्मक सामाजिक संरचनाले महिलाको शरीरलाई आफ्नो अधीन र नियन्त्रणमा राखेको हुन्छ । महिलाको शरीरमाथि महिला स्वयम्‌को अधिकार हुनुपर्छ । यो पुरुषको अधीन र नियन्त्रणबाट मुक्त हुनुपर्छ भन्ने मान्यता शरीर राजनीतिको एउटा महत्त्वपूर्ण पक्ष हो । पुरुषको अधीन र नियन्त्रणबाट आफ्नो शरीर मुक्त राख्न *नथिया* उपन्यासका महिला पात्रद्वारा गरिएको प्रतिरोधको स्थिति के कस्तो छ ? र प्रतिरोध कसरी गरिएको छ ? भन्ने कुराको अध्ययन यस शीर्षकअन्तर्गत गरिएको छ । *नथिया* उपन्यासका महिलापात्र अपठित हुँदाहुँदै पनि आफ्नो शरीरको प्रयोगविरूद्ध प्रतिरोध गर्न कोसिस गर्दछन् । उपन्यासका महिलापात्र शिक्षा र चेतनाबाट टाढा हुँदाहुँदै पनि पितृसत्तात्मक चिन्तनले अपनाएको शरीर प्रयोगविरूद्ध चुनौति दिँदै प्रतिरोध गरेका छन् ।

## ५.२ शरीर प्रयोगको प्रतिरोध

प्रतिरोध भनेको कुनै किसिमको आक्रमण बलप्रयोगलाई रोक्ने काम वा कसैले गर्न लागेको काममा बाधा ल्याउने काम हो । महिलाको शरीर र जीवन पुरुषहरूको अनावश्यक हस्तक्षेप नियन्त्रणबाट मुक्त गर्ने कुरा अघि आयो, जसलाई शरीर राजनीतिका सन्दर्भबाट हेर्न थालियो । महिलाको शरीरमाथि पुरुषको नियन्त्रण र प्रभुत्व त्यसको प्रयोग र उपयोग तथा दुरूपयोग र शोषणबाट मुक्त गरी पितृसत्ताको अन्त्य गर्ने धारणा विकसित भयो । महिलाको स्वतन्त्रता, आत्मनिर्णयको अधिकार, वैयक्तिक छनौटको अधिकारलाई पितृसत्ताले संस्थागत रूपमै दमन गर्ने हुँदा यस्तो पित्तृसत्ताको अन्त्य हुनुपर्ने चेतना प्रतिरोधी चेतना हो ।

महिलाको शरीरमा महिलाकै अधिकार हुनुपर्छ र पुरुषको हैकम स्वीकार्य छैन भन्ने दृष्टिकोण शरीर प्रयोगको प्रतिरोध हो । "अहिलेसम्मका सबै अवधारणा नारीका शरीर वरिपरि कोरिएका मात्र रहेछन् त्यसैले आजका नारी आफ्नो शरीर माथिको अधिकार फिर्ता लिँदै छन् । यो शरीर न पुरुषको हो न समाजको यो उनकै हो, त्यसकारण नारीहरू

शरीरमाथि निर्माण गरिएका संस्कृति पनि भत्काएर फिर्ता ल्याउन चाहन्छन् । आफ्ना नवीन संस्कृतिको निर्माण गर्न चाहन्छन् (भट्टराई, गोविन्दराज, २०७०, पृ. ५३) ।

नारीको शरीरप्रतिको प्रतिरोधसम्बन्धी लेखक बुभायरले अब पुरुषको अभिभावक बनिरहने यो एकाधिकार समाप्त हुँदै गइरहेको छ । अब स्त्री पनि संरक्षिका हुन सक्दछे । अब उसलाई घरमा सीमित राख्नु र बाहिर काम गर्न नदिनु उसलाई उसको मुक्तिबाट वञ्चित गर्नु हो (बुभायर, २०७५, पृ. ४६९) भनेकी छन् ।

पितृसत्ताको रक्षा पुँजीवादले गर्ने हुँदा पितृसत्ता र पुँजीवाद आपसमा समर्थक देखिन्छन् । “यौनलाई चरित्रको प्रमुख मानक तुल्याई त्यस मानकको पालना गर्न महिलालाई मात्रै बाध्य पारिने र महिलाको शरीरमा उसको पतिको एकाधिकार रहने पितृसत्तात्मक व्यवहारप्रति प्रहार गर्दै आफ्नो शरीरमाथि हकदावी गर्न सक्ने विद्रोही नारी चरित्रहरूको आविष्कार गरिन्छ” (पाण्डेय, २०६९, पृ. २३५) । लैङ्गिक विभेदपूर्ण अवस्थाको विरोध गर्दै आफ्नो शरीर तथा मातृत्वमाथि आफ्नै निर्णय र अधिकार हुनुपर्ने, यौनिक स्वतन्त्रता र सम्पत्तिको अधिकार नारीमा पनि उत्तिकै रहनुपर्ने तथा पुरुषशासित नारी जीवनबाट मुक्त हुनुपर्ने परम्परागत सामाजिक संरचनाले निर्माण गरेको परिवेश प्रति प्रतिरोध गर्ने कुरा शरीर राजनीतिको अध्ययनको क्षेत्र हो ।

शरीर राजनीति सांस्कृतिक अध्ययनको पछिल्लो समयमा विकसित एक प्राज्ञिक समालोचना सिद्धान्त हो । शरीर राजनीतिले शरीरप्रतिको अधिकार कसको नियन्त्रणमा छ ? शरीरधारीसँग आफ्नो शरीरको अधिकार छ कि छैन भन्ने कुराको अध्ययन गर्दछ । यसमा विशेष गरी महिलाको यौनिक दुरुपयोग, शरीरको सामाजिकीकरण, शरीरमाथि उपभोक्तावाद तथा पितृसत्ताको प्रभाव, शक्ति र प्रभुत्वको प्रभाव, शरीरप्रतिको लैङ्गिक दृष्टिकोण, फेसन संस्कृतिमा शरीर, शरीरले गर्ने प्रतिरोधलगायतका विविध विषयमा अध्ययन गरिन्छ । प्रस्तुत शोधकार्यमा शरीर राजनीतिका यिनै मूलभूत मान्यतामा आधारित रही सरस्वती प्रतीक्षाको *नथिया* उपन्यासको विश्लेषण गरिएको छ ।

### ५.२.१ नथिया उपन्यासमा महिला शरीर प्रयोगको प्रतिरोध

*नथिया* उपन्यास नेपालको पश्चिमी भेग विशेष गरी दाङ, बर्दिया, कैलाली जिल्लामा प्रचलनमा रहेको वादी समुदायमा आधारित रहेर लेखिएको उपन्यास हो। पितृसत्तात्मक चिन्तनका कारण वादी महिलाले भोग्नु परेका शारीरिक र मानसिक पीडाको चित्रण उपन्यासमा गरिएको छ। पितृसत्ताकै कारण अनेक शोषण र दमन सहन गर्नु परेपछि यस उपन्यासका महिला पात्रहरू आफ्नो शरीर प्रयोगविरूद्ध प्रतिकारमा उत्रिएको कुरा उपन्यासमा प्रकट भएको छ। उपन्यासकी प्रमुख पात्र सामली तथा अन्य महिला पात्रहरू पितृसत्तात्मक चिन्तनविरूद्ध प्रतिरोधमा उत्रिएका छन्। परम्परागत पितृसत्ताले निर्माण गरेको महिला शोषणको संस्कृतिलाई भत्काएर नयाँ महिलामैत्री संस्कृतिको निर्माण गर्न यस उपन्यासका महिला पात्रले गरेको प्रयास सान्दर्भिक देखिएको छ। पितृसत्तात्मक नेपाली समाजमा महिलालाई स्वतन्त्रताको अधिकार दिइएको छैन। महिलाको शरीर बाबु, दाजुभाइ वा पतिको नियन्त्रणमा रहन बाध्य पारिएको छ। यहाँसम्म कि महिलालाई आफ्नो शरीरप्रयोगको स्वतन्त्रता समेत प्राप्त छैन। पितृसत्ताले महिलालाई शारीरिक र भावनात्मक रूपमा दासीका रूपमा हेर्दछ। उक्त दासत्वबाट मुक्त भई लैङ्गिक रूपमा समानतासहित महिला सम्मानको कुरालाई यस उपन्यासमा प्रस्तुत गरिएको छ। यसै महिला सम्मानलाई कायम गर्ने यस उपन्यासका महिला (कतैकतै पुरुष पात्र पनि) पात्रहरू पितृसत्ताको पुरातन चिन्तनविरुद्ध प्रतिरोध गर्न अगाडि सरेका छन्।

वादी महिलाहरूले आफ्नो शरीर प्रयोगका विरूद्ध परम्परागत पितृसत्तात्मक चिन्तनविरुद्ध सामूहिक रूपमा प्रतिरोध गरेको कुरा उपन्यासको सुरूतिरै यसरी आएको छ :

> "वादी महिलाहरू जो फरक-फरक समयमा फरक-फरक पात्रहरूबाट नङ्ग्याइए। केही वर्षअगाडि उनीहरू आफैँले आफैँलाई नङ्ग्याएर लाजको परम्परागत परिभाषा भत्काउन खोज्दै थिए। विक्रमाब्ध २०६४, सिंदरबारको मूल ढोकारनेर पेटीकोट मात्र लगाएर एकहुल वादी महिलाहरूले आफ्नो हक अधिकार र वैकल्पिक पेशाका लागि अर्धनग्न जुलस निकालेका थिए" (पृ. ३)।

यस तथ्यमा वादी महिलाहरूले आफ्नो शरीर प्रयोगविरूद्ध सामाजिक रूपमा प्रतिरोध गरेका छन्। पितृसत्ताको सामाजिक चिन्तनले नै महिलाहरूलाई केवल भोग्याका रूपमा हेर्ने

दृष्टिकोणविरुद्ध वादी महिलाले यो प्रतिकार गरेको देखिन्छ । यहाँ उनीहरूले वैकल्पिक र सम्मानजनक पेसाको माग गर्दै सरकारको केन्द्रमै यो प्रतिरोध गर्नुले वादी महिलाको शरीर राजनीतिविरूद्धको सचेतना पुष्टि भएको छ ।

पितृसत्तात्मक चिन्तनले महिलाको प्रजनन् शक्ति र स्वतन्त्रतामाथि पनि अङ्कुश लगाएको हुन्छ । महिलाको प्रजननलाई मार्ने, शङ्का गर्ने आदि अधिकार पुरुषले पितृसत्तात्मक चिन्तनबाटै पाएको हुन्छ । यो महिलाको शरीरमाथिको राजनीति हो र आजका सचेत महिला यस राजनीतिविरूद्ध प्रतिरोधकारी रूपमा आफ्नो अधिकारको रक्षार्थ उभिएका छन् । *नथिया* उपन्यासकी महिला पात्र चन्द्रिकाको सन्तान जन्मप्रति पनि उसको लोग्ने देब्रेकान्छाले शङ्कालु अभिव्यक्ति दिएपछि चन्द्रिकाले त्यसको प्रतिरोध यसरी गरेकी छ :

> "थुइक्क हुतिहारा ! आफ्नै बीजमाथि पन आफैँले विश्वास गर्न नसक्न्या नार्मदै ? घिरम्लाको, रोगी बीजबटि त कस्तो रहरलाग्दो घिरम्लाको झाङ उम्रदोछ र त्यो भन्दा पन रहरलाग्दो भईकन घिरम्ला फल्दो छ । यहाँ मान्छलाई आफ्नै बीजमाथि पन शङ्का छ । थुइक्क पाजी ! (पृ. १७)) ।

यस उदाहरणमा नराम्रा आमाबाबुबाट कसरी राम्री छोरी जन्मिई भनेर चन्द्रिकाको लोग्नेले चन्द्रिकाप्रति शङ्काको दृष्टिकोण राखेपछि चन्द्रिकाको प्रतिकारमा यो अभिव्यक्ति आएको हो । यस उदाहरणमा चन्द्रिकाको लोग्नेप्रतिको प्रतिरोध केवल व्यक्तिसँगको प्रतिरोध नभएर समग्र पितृसत्तात्मक चिन्तनप्रतिको प्रतिरोध हो ।

पितृसत्तात्मक चिन्तनले महिलाको शरीरलाई केवल उपभोगको वस्तु ठानेको हुन्छ । *नथिया* उपन्यासका पुरुष पात्रले पनि कैयौँ पटक महिलालाई केवल उपभोगको वस्तुका रूपमा उनीहरूको शरीर प्रयोग गर्दै छोडेपछि उपन्यासका महिला पात्रहरू आफ्नो शरीर प्रयोगपछि गरिएको उपेक्षाविरुद्ध व्यवहारिक तथा वैचारिक प्रतिरोध व्यक्त गर्न बाध्य भएका छन् । प्रतिरोध भनेको के हो भन्ने सैद्धान्तिक पक्ष नबुझ्दानबुझ्दै पनि यस उपन्यासका महिला पात्रले प्रतिरोधी व्यवहार यसरी देखाएका छन् :

> बच्चा जन्मियो । थप एउटा बिना बाउको बच्चा जन्मियो । केही घृणा, केही रोष, केही रिस, केही माया सबै सबै मिलाएर लछिमाले बच्चाको नाम राखी, जयनेपाल । तुहिएको आफ्नो सपनाको शोकमा बच्चाको नाम राखी जयनेपाल ।

> झुक्याएर भाग्ने हवल्दारको यादलाई व्यङ्ग्य हान्न बच्चाको नाम राखी जयनेपाल (पृ.. २७)

यस उदाहरणमा लछिमाले प्रेम गरेको हवल्दारले उसलाई ललाईफकाई बिहे गर्ने लालच देखाई उसको शरीर उपभोग गरिसकेपछि धोका दिएर भागेको छ। पेटमा बच्चा आइसकेपछि भागेको हवल्दारको थेगो 'जयनेपाल' को प्रयोग गर्दै उसको छोराको नाम जयनेपाल राखेर यहाँ लछिमाले हवल्दारको पितृसत्तात्मक व्यहारप्रति वैचारिक प्रतिरोध प्रकट गरेकी छ।

वादी समुदायमा नथिया प्रतीकात्मक रूपमा रहेको हुन्छ। प्रथम रजस्वलापछि महिलालाई धन्दा गर्न योग्य भएको ठानी उसले नाकमा लगाउने नथिया खोल्ने एउटा उत्सव गरिन्छ, जुन वादीले नथिया खोल्न मान्दिन ऊ यौनधन्दाका निम्ति तयार छैन भन्ने बुझिन्छ। यस उपन्यासकी प्रमुख महिला पात्र सामली पनि आफ्नो नथिया खोल्न राजी छैन। उसलाई आफ्नो शरीर आफ्नो इच्छाबिना अरूले प्रयोग गरेको स्वीकार्य छैन त्यसैले उसले नथिया नखोल्ने कुरामा आमासँग यसरी प्रतिवाद गरेकी छ :

> आमाको कुराको आशय बुझिहाली सामलीले। भनी, आमा मुलाई नथिया एकदमै मन पर्‌दोछ। नथिया फुकालिकन बुच्चै नाक बस्नु छैन मुलाई। मु सधैँ लगाउँन्या हुँ है नाकमा, यो नथिया (पृ. ३७)।

यस उदाहरणमा सामलीले नथिया खोल्दिन भनी साङ्केतिक रूपमा आफू यौन धन्दामा लाग्दिन भनी प्रतिकार गरेकी छ। ऊ आफ्नो शरीर प्रयोगको अधिकार आफैसँग सुरक्षित राख्न चाहन्छे। यहाँ सामलीले उपभोक्तावादी संस्कृतिले निर्धारण गरेको महिला शरीर प्रयोगको सामाजिक नियमविरुद्ध प्रतिरोध अभिव्यक्त गरेकी छ।

वादी समुदायमा यौनधन्दा गरी घर चलाउने जिम्मा घरका महिला सदस्यको काँधमा हुने गर्दछ तर यस उपन्यासकी नायक सामली भने आफूले यौन धन्दा गरेर घर चलाउने कुराको विरूद्ध छ । बरू उसलाई अन्य शारीरिक श्रम गरेर अर्थोपार्जन गर्ने कुरा स्वीकार्य छ। यसै सन्दर्भमा सामली वादी आफ्नी आमासँग भन्दछे :

> तमीलाई पैसा चाहिएको त हो । मु नाचीकन, गाईकन तमीलाई पैसा कमाइकन दिँदोछु । नभए अर्कोको खेतमा काम गरिकन भया पन पैसा कमाईकन दिँदोछु तमीलाई । .... क्या सराप पर्याका हुन् र बदिनीका खुट्टाहरू, माटोलाई छुनासाथ माटामै केही नफल्न्या ? माटो पन बाँझो बनिजान्या ? (पृ. ३७) ।

माथिको उदाहरणमा पितृसत्ताले निर्धारण गरेको लोग्ने मान्छेले मात्र कठोर शारीरिक श्रम गरेर कमाउने महिलाले घरभित्रकै सानातिना काम गर्ने भन्ने पितृसत्तात्मक मन्यताविरुद्ध सामलीले प्रतिरोध गर्दै आफू पनि शारीरिक श्रम गरेर कमाउन जाने तर आफ्नो शरीर बेचेर पैसा नकमाउने भनी प्रतिरोधी अभिव्यक्ति दिएकी छ । त्यसको जवाफमा सामलीकी आमाले वदिनीले खेतमा काम गर्न हुँदैन वदिनीले कुल्चेको जमिनमा अन्न फल्दैन भनेपछि त्यसको प्रतिकारमा उत्रेकी छ सामली । समाजमा महिला र पुरुषको समान सामाजिक र सांस्कृतिक अधिकार रहन्छ भन्ने पक्षमा बोलिएको छ सामलीको माथिको अभिव्यक्ति । वादी महिलाको शरीरलाई फरक ढङ्गले व्याख्या गर्दै वदिनीले छोएको माटोमा अन्न फल्दैन भन्ने जातीय  र वर्गीय चिन्तनविरुद्ध सामलीको प्रस्तुत अभिव्यक्ति आएको छ ।

सामलीले आफ्नो शरीर प्रयोगविरुद्धको प्रतिरोध यहीँ टुङ्ग्याएकी छैन अझै कायम राख्दै आमासँग पितृसत्ताले निर्धारण गरेको महिला शरीर प्रयोगविरुद्धमा बहसका माध्यमबाट प्रतिरोध गरेकी छ :

> तमी जेलाई स्वर्ग भन्दिछौ, त्यो मेरो नर्क हो । तमी जेलाई नर्क भन्दिछौ त्यो मेरो स्वर्ग हो । आफ्नै शरीरको मासु बेचीकन खानु पनि कहीँ स्वर्ग हुँदोछ ? .... सीप नै बेच्न्या होभन्या मु जाल बुन्दोछु । माछा मार्न सिक्दोछु । माछा मार्दोछु र बेच्दोछु । हाम्रै जातका लोग्न्या मान्छले झैँ माटाका सुल्पा चिलिम बनाउँदोछु । काठ र छालाबाट मादल बनाउँदोछु । खान लाउन पुगिहाल्दोछ । त्यतिले पन खान नपुग्या खलो उठाईकन भया पन ख्वाउँदोछु तमीहरूलाई (पृ. ३९) ।

यस उदाहरणमा सामलीले आफ्नो शरीर प्रयोगका सन्दर्भमा पितृसत्तात्मक मान्यताहरूलाई चुनौति दिँदै प्रतिकार गरेकी छ । सामलीकी आमाले यौन धन्दालाई सुखको वा स्वर्गीय पेसाका रूपमा व्याख्या गरेपछि सामलीले त्यसविरूद्ध वैचारिक प्रतिकार गरेकी छ । उसले पितृसत्ताले स्थापित गरेको शारीरिक परिश्रमको काम गरी परिवार पाल्ने काम

लोग्ने मान्छेको हो । "यो व्यवस्था हावी भएको समाजमा पुरुषले महिलाद्वारा घरभित्र गरिने काम तथा घरबाहिर कमाउनको लागि गर्ने मजदुरी दुवैमा आफ्नो प्रभुत्व राख्दछ ।" (पाण्डे, २०६९, पृ. १३) भन्ने मान्यताविरुद्ध हाँक दिँदै आफू मजदुरी गरी परिवार पाल्ने प्रतिबद्धता व्यक्त गरेकी छ । यहाँ सामलीले आफ्नो शरीरको प्रयोग कसरी गर्ने भन्ने निर्णय अरूद्वारा होइन आफैँद्वारा गर्न चाहेकी छ ।

पितृसत्तात्मक चिन्तनले महिलाको शरीरलाई आफ्नो अधिकार क्षेत्रभित्र राखेको हुन्छ र त्यसलाई आफ्नो सहजता अनुकूल प्रयोग गरेको हुन्छ । पितृसत्तात्मक सामाजिक चिन्तनमा महिलाको स्वीकार वा अस्वीकारलाई कुनै महत्व दिइँदैन । पुरुषले केवल आफ्नो इच्छामुताविक महिलाको शरीर प्रयोग गर्न खोज्दछ । *नथिया* उपन्यासको बेखामान पनि यस्तै पितृसत्तात्मक सोचबाट ग्रस्त पात्र हो र ऊ सामलीको कुमारी शरीरलाई उसको मन्जुरीबिना नै प्रयोग गर्न उद्यत् भएको छ । यस क्रममा सामलीले बेखामानसँग भौतिक र वैचारिक प्रतिरोध गरेकी छ :

> तीन हात पर उछिट्टिँदै सामली चिच्याई, ब्वासो ! .... सुरूमा हातले हात समाउने प्रयास गऱ्यो, सेकण्डभरमै हात झट्कारेर फालिदिई । अर्कोपटक पाखुरामा समात्यो, कसेर । यसपटक दाँतले टोकेर बर्बर हातहरूबाट उम्काई आफूलाई (पृ. ४७) ।

यस उदाहरणमा सामलीको वैचारिक र भौतिक प्रतिरोध सँगसँगै देखा परेको छ । आफ्नो स्वीकरणबिना उसको शरीर प्रयोग गर्न खोज्ने बेखामान प्रवृत्ति पितृसत्तात्मक चिन्तनका विरुद्ध यहाँ सामलीले यथासक्य प्रतिकार गरेकी छ । सामली शक्तिको भरमा आफ्नो शरीरलाई प्रयोग गर्न खोज्ने बेखामानलाई ब्वासोको संज्ञा दिन्छे । यहाँ बेखामान व्यक्ति पात्रका विरुद्ध प्रतिकार गरिए पनि यो वास्तवमा समग्र पितृसत्तातमक शोषण र दमन विरुद्धको सचेत प्रतिरोध हो । आफ्नो शारीरिक सामर्थ्यका आडमा सामलीको शरीर प्रयोग गर्न खोज्ने बेखाममानविरुद्ध सामलीले भौतिक प्रतिकार पनि गरेकी छ । ऊ सकेसम्म आफ्नो शरीरलाई सुरक्षित राख्ने कोसिस गर्दछे । आफ्नो शरीरमाथि आफ्नै अधिकार रहन्छ वा रहनुपर्दछ भन्ने कुरामा यहाँ सामलीको पितृसत्ता विरुद्धको सचेत मानसिकताले काम गरेको छ । आफूले जति नै कोसिस गर्दा पनि बेखामानको शक्ति प्रयोगविरुद्ध लाचार बनेकी सामलीले वैचारिक प्रतिरोध गर्न भने छोडेकी छैन :

ब्वासो ! आफूले तिर्याको पैसा चिथोरीकन, कोपरीकन, निचोरीकन टोकीकन, घोचीकन पुग्याइन यसलाई । आँखाले हेरीकन समेत आफूले तिर्याको पैसा असुल गर्दोछ।" मुखभरि घृणाको थुक बोकेर सोची उसले (पृ. ४९) ।

यहाँ पितृसत्ताको महिलाको शरीरलाई उपभोग्य वस्तु ठान्ने सामाजिक चिन्तनका विरुद्धको सामलीको वैचारिक प्रतिरोध प्रस्तुत भएको छ । महिला भनेका उपभोग्य वस्तु हुन् र यिनको उपभोगमा उनीहरूको नामञ्जुरीको कुनै अर्थ रहँदैन भन्ने पितृसत्तात्मक सामाजिक चिन्तनले ग्रस्त बेखामानले सामलीमाथि जवरजस्ती बलात्कार गरेको छ । हरसम्भव भौतिक प्रतिकार गरेर पनि आफूलाई बचाउन असफल सामलीले यहाँ बेखामान प्रवृत्ति पितृसत्ताप्रति आफ्नो वैचारिक प्रतिरोध प्रकट गरेकी छ ।

पितृसत्तात्मक चिन्तनले महिलाका निम्ति मर्यादाका नियमहरू तय गरिदिएको हुन्छ जबकी पुरुष आफैँ भने ती मर्यादाका नियमहरूभित्र बाँधिनु नपर्ने स्वतन्त्रता राखेको हुन्छ । लैङ्गिक भिन्नताकै आधारमा महिलामाथि कतिपय नियमहरू थोपरिएको हुन्छ । "लैङ्गिक अध्ययन महिला र पुरुषप्रतिको सामाजिक व्यवहार र सांस्कृतिक निर्मिति हो। यसले पुरुष र महिलाले के गर्न हुने र के गर्न नहुने जस्ता सांस्कृतिक मान्यताको निर्माण गर्छ र विचारधारात्मक रूपमा पहिचानको निर्धारण गर्छ (भट्टराई, २०७३, पृ. ८७)। लैङ्गिक अध्ययनको यस विचारलाई हेर्ने हो भने महिला र पुरुषले गर्न हुने र नहुने मान्यताहरूको एउटै मानक देखिनु पर्दछ तर पितृसत्तात्मक समाजले पुरुषका निम्ति 'गर्नु हुने' मान्यताहरू महिलाका निम्ति 'गर्न नहुने'को सूचीमा राखेको देखिन्छ। यिनै फरक मानकहरूका कारण पनि महिलाहरू सामाजिक शोषण र दमन भोग्न बाध्य बन्दछन् र शोषणको उउटा चरम विन्दुमा पुगेपछि प्रतिरोधी व्यवहार प्रदर्शन गर्दछन्। *नथिया* उपन्यासकी महिला पात्र नयनतारा पनि पितृसत्तात्मक समाजले निर्धारण गरेको यस्तै मान्यताविरुद्ध आफ्नो प्रतिरोधी विचार यसरी प्रकट गर्दछे :

तमीहरू जस्ता आदमी रण्डा नभए हामीजस्ता औरत आफैँ कसरी रन्डी हुँदाछौ ? दशवटा रण्डीका मुतुना चाट्दै हिँड्न्या मान्छेले आफूले आफैँलाई चाहिँ सज्जन छु भन्नु पर्दोनइ (पृ. ७०)।

आफूसँग यौनकर्मका निम्ति आएको ग्राहकले आफू सज्जन र नयनतारा रण्डी भएको अभिव्यक्ति दिएपछि त्यसको प्रतिरोधमा नयनताराले यो अभिव्यक्ति दिएकी हो । वास्तवमा शारीरिक मिलन पुरुष वा महिलाको एकल अवस्थामा सम्भव नहुने कुरा हो र यदि पुरुषले परस्त्री गमन गर्छ भने उसले आफूलाई चारित्रिक स्वच्छताको प्रमाणपत्र दिँदै महिलालाई मात्र चारित्रिक लाञ्छना लगाउन नपाउने सचेत अभिव्यक्ति यहाँ नयनताराले दिएकी छ । पितृसत्तात्मक समाजले चारित्रिक बन्धनहरू केवल महिलाका लागि मात्र निर्धारण गरेको छ । पुरुष यो बन्धनबाट मुक्त देखिन्छ। यसै मान्यताविरूद्धको सचेत वैचारिक प्रतिरोध यस उदाहरणमा प्रस्तुत भएको छ ।

एकदिन ऐना हेर्दाहेर्दै झोँक चल्यो उसलाई । ऐनामा पुरै अँगार दलिदिई । अँगार दलिएको ऐना हेर्दा आफ्नो अनुहार पनि अँगारजस्तै देखियो। अँगार दलेको ऐनाको विरूपता देखेर आफैँ मख्ख परी .... अनि अनुहारमा कहिले ध्वाँसो दलेर बस्थी, कहिले अँगार (पृ. ७१-७२)।

यस उदाहरणमा सामलीको पितृसत्तात्मक सामाजिक चिन्तनप्रतिको वैचारिक प्रतिरोध व्यवहारगत रूपमा प्रकट भएको छ । महिलाको बाहिरी सुन्दरताको आधारमा उसको मापन गर्ने पितृसत्ताको सामाजिक चिन्तनप्रति सामलीको विरोध देखिन्छ । सुन्दर भएकै कारण सामलीले शोषण र दमन बेहोर्नु परेको छ जुन समाजमा विद्यमान पितृसत्ताले महिला शरीर उपयोगका निम्ति रचेको नियम हो। त्यसै नियमका विरुद्ध यहाँ सामलीले विरोध प्रकट गरेकी छ ।

पितृसत्तात्मक चिन्तन र व्यवहारले महिलालाई कसरी विरोधी बनाउँछ भन्ने कुराको उदाहरण सामलीले बेखामानको छोरालाई ग्राहक बनाउनुको घटनाबाट पुष्टि हुन जान्छ :

नथिया खोलिएपछि बेखामानको छोरालाई नै आफ्नो पहिलो ग्राहक बनाउनुका पछाडि बेखामानसँगको इख थियो, गहिरो इख .... बेहोस गराएर आफूलाई खोतलखातल पारेर जुन युद्ध जितेकोमा बेखामान मख्ख थियो, त्यो युद्ध पूर्ण होसहवासमा लडेर हराउन चाहन्थी (पृ. ८०)।

माथिको उदाहरणमा सामलीले आफूले नचाहँदा नचाहँदै पनि आफ्नो नथिया खोल्ने (कुमारीत्व लुट्ने) बेखामानसँग व्यवहारिक रूपमै प्रतिरोध गरेकी छ । आफूलाई

जबरजस्ती लुट्ने बेखामानको छोरालाई नै उसले आफ्नो पहिलो ग्राहक बनाएकी छ । यसरी यस उदाहरणमा सामलीको पितृसत्ताको महिला शरीरमाथि शक्ति प्रयोग गरी उपभोग गर्ने सामाजिक चिन्तनविरुद्धको प्रतिरोध प्रकट भएको छ ।

पितृसत्तात्मक चिन्तनले महिलालाई परम्परागत रूपमै प्रयोग गरेको हुन्छ । समाजका अनेक परम्पराका नाममा महिलामाथि पितृसत्ताले विविध प्रकारले शोषण गरेको हुन्छ । कतै परम्पराका नाममा, कतै धर्मका नाममा, कतै मर्यादाका नाममा पितृसत्तात्मक चिन्तन महिलामाथि हाबी भएको हुन्छ र महिलाको शरीरमाथि नियन्त्रण गरेको हुन्छ । प्रभुत्व भौतिक र विचारधारात्मक उपकरणहरूको गठजोड हो । जसका माध्यमबाट प्रभुत्वशाली वर्गले आफ्नो सत्ता कायम गर्छ । यसकै माध्यमबाट कानुन, अदालत, धार्मिक, शैक्षिक संस्था आदिमा आफ्नो विचारधारा स्थापित गराउँछ । त्यसका लागि बौद्धिक वर्गहरूको नियुक्ति गर्छ अनि शाषितहरू शाषित भइरहन स्वीकार गर्छन् (पाण्डेय, २०७०, पृ. १७९) । प्रभुत्वको यसै अवधारणा अनुरूप पितृसत्तात्मक चिन्तनले पतिलाई उच्चस्थानमा र पत्नीलाई निम्नस्थानमा राखी पत्नीद्वारा पतिका निम्ति गरिने अनेक कार्यहरूलाई पत्नी धर्मको नाम दिई महिला माथि शोषण गरेको हुन्छ । यसै पत्नीधर्मलाई आधार बनाई पतिले पत्नीलाई शारीरिक र भावनात्मक रूपमा प्रयोग गरेको हुन्छ । *नथिया* उपन्यासमा पनि सामलीलाई दोस्री पत्नीका रूपमा भित्र्याउने रेञ्जर फत्तेमान हमालले परम्परागत पितृसत्तात्मक चिन्तनका आडमा सामलीको शरीर र भावनाको प्रयोग गरेको छ । जब सामलीले आफूलाई रेञ्जरले केवल प्रयोगको साधन बनाएको बुझ्दछे तब त्यस विरुद्ध प्रतिरोधी विचार र व्यवहार प्रकट गदर्छे । यस क्रममा सामलीले कतै वैचारिक प्रतिरोध प्रकट गरेकी छ भने कतै भौतिक र व्यवहारिक प्रतिरोध प्रकट गरेकी छ : फेरि सोच्थी, छि : पत्नी धर्म । पत्नीको इच्छाको कुरै नहुन्या वाहियात पत्नी धर्म ! (पृ. १२५) ।

यस उदाहरणमा सामलीले पितृसत्तात्मक चिन्तनले परम्परागत रूपमा स्थापित गरेको मान्यताप्रति प्रतिरोध प्रकट गरेकी छ । लोग्नेले आफ्नो इच्छाको कुनै कदर नगरी शारीरिक र मानसिक रूपमा आफूलाई केवल प्रयोगको साधन बनाइ रहेपछि सामलीमा यो परम्परागत पितृसत्ताविरुद्धको प्रतिरोधी चेतको विकास भएको उदाहरण यसरी स्पष्ट भएको छ :

> एउटी वेश्या त आफ्नो इच्छा नहुँदा ग्राहकलाई नाइँ भन्दिछे। मु त हजुरकी स्वास्नी पो त । त्यति भन्दा गालामा चड्कन हान्नु पर्दोछ ?" रिसले कड्की सामली पनि । ...... लोग्नेले चाहिँ स्वास्नीको इच्छा र खुशीको ख्याल राख्नु पर्दो छ कि पर्दोनइ ? बलात्कार र मायामा फरक हुँदोछ, धेरै नै फरक ति कुरा नि बुझ्न सक्नु हुँदोनइ हजुर ?" रिसले मुर्मुरिँदै दाह्रा किटेर बोली सामली ((पृ. १२७-१२८) ।

यस उदाहरणमा आफ्नो शरीरमाथि रेञ्जरको शक्तिप्रयोगविरुद्ध सामलीको प्रतिरोध प्रकट भएको छ । यहाँ वैचारिक रूपमा सामलीले आफ्नो प्रतिरोध प्रकट गरेकी छ । मायाका नाममा आफ्नो शरीरले अनेकौं सास्ती खेप्न परेपछि सामली त्यस व्यवहारविरुद्ध सचेत रूपले प्रतिकार गर्न अगाडि सरेकी छ । सामलीको यो प्रतिकार व्यक्तिका रूपमा केवल रेञ्जरसँगको प्रतिकार नभएर समग्र पितृसत्तात्मक चिन्तनविरुद्धको प्रतिकारका रूपमा यहाँ प्रकट भएको छ :

> मुख छ भन्दैमा जे पायो त्यही नबोल्नुहोस् । आरोप लगाउन मन लाग्या भन्दैमा जे पायो त्यही आरोप नलगाउनुहोस्। ..... सामली पनि के कम उसले पनि अर्को चड्कन हानी यस पटक रेञ्जरलाई र भनी, "बिहे गरीकन घर भित्र्याइसक्यापछि वेश्या पन स्वास्नी बन्दिछे । मु हजुरकी स्वास्नी हुँ भन्न्या कुरामा हजुरलाई नै विश्वास छैन। थाहा थियो त, वेश्या हुँ भनीकन। त्यही वेश्यालाई बिहा गर्दोछु भन्दै हात धोइकन पछि लाग्ने हजुर नै होइन ? अहिले आइकन क्यार्न मुलाई गाली गर्नुहुँदोछ ? (पृ. १३५)।

यस उदाहरणमा रेञ्जरको आफूमाथिको अत्याचार विरुद्ध सामलीको भौतिक र वैचारिक प्रतिरोध प्रकट भएको छ। नारीको इञ्जत र सम्मानलाई आफ्नो हातको खेलौना ठान्ने हैकमवादी पितृसत्तात्मक चिन्तनका विरुद्ध सामली यहाँ कठोर रूपमा प्रस्तुत भएकी छ । उसले रेञ्जरको भौतिक शक्ति प्रयोगको विरुद्ध भौतिक रूपमै प्रतिकार गरेकी छ ।

कुट राक्षस ! अझै कति कुट्न सक्दोछस् कुट् ! पहिलो पटक रेञ्जरलाई तँ भनेर गाली गर्दै थिई ऊ। गाली गर्दै रिसले राता भएका आफ्ना आँखा तरेर हेरी रेञ्जरलाई । सुख्खासुख्खा राता आँखा । सुख्खासुख्खा डरलाग्दा आँखा । .... कुट्, राक्षस कति कुट्न

सक्दोछस् कुट !" जतिपटक कुट्थ्यो रेञ्जरले सामली उति नै पटक यही वाक्य दोहोऱ्याउँथी (पृ. १३९) ।

यस उदाहरणमा रेञ्जरले सामलीमाथि गरेको भौतिक शक्ति प्रयोगको सामलीले भौतिक रूपमै प्रतिरोध गरेकी छ । यहाँ पितृसत्तात्मक चिन्तनले कायम गरेको शक्ति प्रयोग गरी महिला शरीरमाथि प्रभुत्व कायम गर्ने चिन्तनको सामलीले सचेत रुपले प्रतिरोध गर्दै पितृसत्तालाई चुनौती दिएकी छ ।

पितृसत्ताको प्रभुत्ववादी चिन्तनले महिला शरीरमाथि शक्ति प्रयोग गरेर प्रभुत्व कायम गर्ने शैली अङ्गीकार गरेको हुन्छ । *नथिया* उपन्यासको पुरुष पात्र रेञ्जरले पनि सामलीलाई शक्ति प्रयोग गरेरै उसको शरीर र भावनामा प्रभुत्व कायम गर्ने चेस्टा गरेको छ तर रेञ्जरको शोषण र दमनबाट आफूलाई मुक्त गर्न चाहने सामली त्यस शक्तिप्रयोगविरुद्ध भौतिक र वैचारिक प्रतिरोधको प्रयास कायम नै राख्दछे :

> पिच्च थुकी निदाइरहेको रेञ्जरलाई । रेञ्जर सुतेको खाटलाई थुकी । डल्लफ, तन्ना, रिसक, सिरानी सबलाई थुकी (पृ. १३९-१४०) ।

यस उदाहरणमा सामलीको रेञ्जरप्रतिको घृणा स्पष्ट रूपमा प्रकट भएको छ । आफ्नो शरीरमाथि रेञ्जरले बारम्बार शक्ति प्रयोग गरेपछि सामलीमा त्यसका विरुद्ध चरम घृणा उत्पन्न भएको छ । यहाँ सामलीको घृणा र आक्रोश रेञ्जरका माध्यमबाट समाजमा विद्यमान पितृसत्तात्मक चिन्तनले प्रस्तुत गरेको शक्ति प्रयोग गर्दै गरिने प्रभुत्वमाथि पोखिएको देखिन्छ ।

'लोग्ने स्वास्नीको झगडा परालको आगो' सोचेर उसरले आफैलाई कमजोर बनाइन । सबै आगो परालको आगो हुँदैन । लोग्ने स्वास्नी बीचको झगडाको कुनै कुनै आगो चिताको आगो पनि हुन्छ । हिजोको आगोले सम्बन्धको आत्मा नै डढेर ह्वास्सह्वास्स गन्ध आइरहेको भुल्न सकिन उसले (पृ. १४०) ।

यस उदाहरणमा सामलीको वैचारिक प्रतिरोध सशक्त रूपमा प्रकट भएको छ । 'लोग्ने स्वास्नीको झगडा परालको आगो' भन्ने उखान समाजमा प्रचलित भए पनि यो पितृसत्ताले महिलाको अस्तित्व र अधिकारको आवाजलाई बन्द गर्न प्रयोग गरिने उखानका

रूपमा स्थापित भएको अवस्था छ। यस उपन्यासमा सामलीको तथाकथित लोग्ने रेञ्जरले पनि यही उखानलाई आधार बनाएर बारम्बार सामलीको शरीर र स्वाभिमानमा चोट पुऱ्याएको छ र अति भएपछि सामलीले यहाँ त्यस उखानले बहन गर्ने अर्थ र लोग्ने विरुद्ध वैचारिक प्रतिरोध प्रकट गरेकी छ ।

पितृसत्तात्मक सामाजिक चिन्तनले महिलाको शरीर मात्र होइन उसका इच्छा आकाङ्क्षा र जीवनशैलीमाथि पनि आफ्नो नियन्त्रण कायम गरेको हुन्छ । अनेक परम्परा, संस्कृति र अन्य बहानामा महिलामाथि अनेकौं नियमहरू लादिएको हुन्छ र तिनै नियमलाई आधार बनाएर पुरुषले महिलामाथि आफ्नो प्रभुत्व कायम गरेको हुन्छ । प्रस्तुत उपन्यासको पुरुष पात्र रेञ्जर पनि यही प्रभुत्ववादी नियमलाई आधार बनाउँदै सामलीमाथि आफ्नो हैकम र प्रभुत्व कायम गर्न खोज्दछ तर जीवन भोगाईका अनेक पीडाले खारिएकी सामली रेञ्जरका यस्ता हैकमवादी सोचमा सचेत रूपमा प्रतिरोध व्यक्त गर्दछे :

मेरो कपाल हो, मु बिहान कोरुँ कि साँझ वा राती, आफ्नै मर्जीले कोर्दोछु । आफ्नो कपाल आफूले कोर्न पन अरूलाई सोध्नु पऱ्या मुइले ? (पृ. १४४) ।

यहाँ सामाजिक नियमको हवाला दिँदै 'साझमा किन कोपाल कोरिस ? 'को ग्राहक आउन लागेको छ ? (पृ. १४४) भनी रेञ्जरले सामलीको जीवनपद्धतिमाथि आफ्नो नियन्त्रण कायम गर्न खोजेपछि सामलीले त्यसको प्रतिरोधमा माथिको वाक्य बोलेकी छ । महिलाको शरीर मात्र होइन उसको जीवनशैलीमाथि पनि उसको आफ्नै अधिकार रहनु पर्दछ भन्ने मान्यता यहाँ सामलीको प्रतिरोधमार्फत अभिव्यक्त भएको छ ।

दिक्क भएर एक बिहान नुहाएपछि बिना कुनै शृङ्गार बसिरही। झोक यति चल्योकि दिउँसो बजार गएर सेतो रङको फरिया किनेर ल्याई र त्यही फरियामा लपेटी आफूलाई । ऐना हेरी र धेरैपछि आफैसँग मुस्कुराई (पृ. १४५) ।

प्रस्तुत उदाहरणमा पितृसत्तात्मक चिन्तनले महिलाका निम्ति तय गरेको सामाजिक नियमविरुद्धको सशक्त प्रतिरोध उद्घाटित भएको छ। पितृसत्ताले महिलाले गर्न हुने वा गर्नुपर्ने कामको सूची तयार गरिदिएको हुन्छ र महिलाले त्यसै अनुरूप आफूलाई प्रस्तुत गर्नुपर्ने हुन्छ। जस्तै विवाहित महिलाले रातो लुगा, चुरा, पोते, सिँदुर, टीका लगाउनु पर्ने तर विधवा महिलाले रातो रङ र चुरा, पोते, टीका, सिँदुर लगाउन नपाउने नियम

पितृसत्ताले महिलाका लागि निर्धारण गरेको नियम हो । आफ्नो लोग्नले शृङ्गार गर्दा पनि र नगर्दा पनि सधैँ दुर्व्यवहार गरेपछि र लोग्नेले उसको जीवनमा कुनै सकारात्मक छाप छोड्न नसकेपछि सामलीले लोग्ने विरुद्ध यो प्रतिरोधको तरीका अपनाएकी छ । सामलीको जीवनमा महिलाका इच्छा चाहना नबुझ्ने र महिलाको अस्तित्वलाई स्विकार्न नसक्ने लोग्ने हुनु र नहुनुको कुनै तुक छैन त्यसैले सामली यहाँ लोग्नेको चाहना विरुद्ध गएर लोग्नेलाई र पितृसत्तात्मक चिन्तनलाई खुला हाँक दिन अघि सरेकी छ ।

भोलिपल्टबाट उसले कहिल्यै पनि सिन्दुर, पोते, चुरा र टीका लगाएर बसिन । फरिया पनि धेरैजसो खरानी रङको लगाएर बस्थी । .... ज्युँदै भएको लोग्नेलाई मार्ने यो काइदाले ऊ आफैँलाई बडो आनन्द दिन्थ्यो । रेञ्जरसँग बदला लिने यो तरिकाले उसलाई एकप्रकारको आत्मिक सन्तोष मिल्यो (पृ. १४६) ।

माथिको उदाहरणमा पितृसत्ताको महिला शरीरमाथिको नियन्त्रणकारी सोच र महिला शरीरको त्यसबाट मुक्तिका लागि भएको प्रतिरोध प्रकट भएको छ । यहाँ महिला शरीर प्रयोगका निम्ति पुरुषसत्ता कसरी उसमाथि नियन्त्रणकारी भएर प्रस्तुत हुन्छ र महिला त्यस नियन्त्रणबाट मुक्तिका निम्ति कसरी छटपटिन्छे भन्ने कुरा रेञ्जरको नियन्त्रणकारी व्यवहार र सामलीको त्यसबाट मुक्तिका लागि गरिएको प्रयासले स्पष्ट पारेको छ। रेञ्जर आफ्नी स्वास्नी आफ्ना लागि शृङ्गारिएर बसोस् भन्ने चाहन्छ भने सामली रेञ्जरको उक्त हैकमवादी र नियन्त्रणकारी व्यवहारबाट मुक्त हुन प्रतिरोधको फरकफरक अभ्यास गर्दछे। त्यही फरक अभ्यासका क्रममा सामलीको माथिको भौतिक प्रतिरोध अगाडि आएको छ ।

पितृसत्तात्मक चिन्तनले महिलालाई कोमल हृदया, सहनशील पात्रका रूपमा व्याख्या गरेको हुन्छ र यसै व्याख्याका आधारमा महिला शरीरमाथि अनेक शारीरिक र भावनात्मक अत्याचार गरेको हुन्छ । यस उपन्यासका खलपात्र मध्येको एक रेञ्जरले पनि सामलीलाई सहनशीलताको व्याख्या अनुरूप नै अनेक दमन गरेको छ र अत्याचार गरेको छ । यही व्याख्याका कारण सकेसम्म सहनशील बनेकी सामली अत्याचारको चरममा पुगेपछि भने प्रतिरोध गर्न बाध्य बनेकी छ :

सहनुको पन एउटा हद हुँदोछ । सहँदिछे भन्दैमा जहिले पनि मुखमा जे आयो बोल्याको छ, बोल्याको छ । खानलाउन दियाँ भन्दैमा जहिल्यै हेप्न पाइँदोछ ?

> जहिल्यै आरोप लाउन पाइँदोछ ? ...... सामली पनि पड्किई बम बनेर (पृ. १५०) ।

यहाँ सामलीले आफ्नो लोग्ने रेञ्जरका विरुद्ध वैचारिक प्रतिरोध प्रकट गरेकी छ । रेञ्जर एउटा व्यक्ति पात्रका रूपमा उपन्यासमा उपस्थित भएकाले प्रत्यक्ष रूपमा हेर्दा यो प्रतिरोध व्यक्तिविरुद्धको प्रतिरोध जस्तो लागे तापनि वास्तविक अर्थमा यो पितृसत्तात्मक चिन्तनको सामाजिक सोचले उत्पन्न गरेको नारीलाई आफ्नो अधिकार क्षेत्रभित्रको वस्तु ठानी दमन गरेर राख्ने चिन्तनप्रतिको प्रतिरोध हो। पितृसत्तात्मक सामाजिक चिन्तनले महिलालाई पालिने जात, कमजोर जात, शाषित जात, आश्रित जात...... भनी व्याख्या गरेको हुन्छ (भद्रा, २०६६, पृ. ९-१०) । यस उपन्यासका अधिकांश पुरुष पात्रले पनि महिला पात्रलाई माथि उल्लेखित रूपमै वस्तुकरण गरी व्यवहार गरेका छन् तर उपन्यासका केही सचेत नारी पात्रले यो सोचविरुद्ध प्रतिरोधको अवस्था सिर्जना गरेका छन् । उपन्यासकी प्रमुख पात्र सामलीले पनि आफ्नो प्रतिरोधी स्वभावलाई उपन्यासको लगभग अन्त्यसम्मै कायम राखेकी छ । आफूलाई पितृसत्तात्मक चिन्तनको शक्ति र प्रभुत्ववादी व्यवहारबाट टाढा राख्दै आफू सबल र आत्मनिर्भर बन्ने अठोट गरेकी छ :

> सामलीले धन लत्याई। शक्ति लत्याई। प्रभुत्व लत्याई। सामाजिक हैसियत लत्याई। परिवार लत्याई । निःशुल्क सुखसुविधा र सम्भावित सबै सुखसुविधा लत्याई। सबसब कुरा एक निमेषमै लत्याएर सधैंका लागि नाउसँग हिडी (पृ. १७४) ।

यस उदाहरणमा सामलीको पितृसत्तात्मक चिन्तनको महिला शरीरमाथिको शक्ति र प्रभुत्वविरुद्धको प्रतिरोध प्रकट भएको छ । सामलीले रेञ्जरबाट प्राप्त हुने सबै भौतिक र सामाजिक प्राप्तिहरू लत्याएर आफ्नै स्वतन्त्र अस्तित्वका निम्ति पित्तृसत्ताको नियन्त्रणकारी व्यवहारविरुद्ध प्रतिरोध प्रकट गरेकी छ ।

पितृसत्तात्मक चिन्तनमा वर्गीय चिन्तन पनि जोडिएर आएको हुन्छ । प्रभुत्वको अवधारणाका विचारक ग्राम्सीका अनुसार शोषक वर्गले शोषित वर्गलाई शक्तिको प्रयोग मात्र होइन साँस्कृतिक साधनद्वारा पनि उत्पीडन गर्छ। उसले उत्पीडित वर्गमाथि प्रभुत्व कायम गर्नका लागि वैचारिक, शैक्षिक धार्मिक साँस्कृतिक रूपमा बढी नै जोड दिएको हुन्छ

(चैतन्य, २०७०, पृ. १५८) । यसै मान्यताअनुरूप हेर्ने हो भने पितृसत्ताले महिलालाई शोषित वर्गमा राखेको हुन्छ । यस उपन्यासमा प्रयुक्त वादी समुदाय पनि वर्गीय चिन्तनअनुरूप शोषित वर्गभित्र पर्दछन् । उनीहरू आर्थिक, लैङ्गिक र जातीय रूपमा शोषणमा परेका वर्ग हुन् -

- "तल्लो जात भनीकन हामीलाई हेप्न्या सधैं !

- गरीब भनीकन हामीलाई पानी दिन पन सुनचाँदी नै दियाझैं गर्न्या सधैं ।

- तिनका लोग्ने रन्डो नभया हामी रन्डी कसरी हुँदाथ्यौ ? हामीले नै तिनका घरका मान्छे जबरजस्ती तानीकन ल्यायाझैं बात लगाउँदा हामीमाथि सधैं ! (पृ. १८२) ।

माथिको उदाहरणमा वादी महिलाहरूको वर्गीय समाजका कथित उपल्लोजाति र तिनका प्रभुत्वमाथिको प्रतिरोध प्रकट भएको छ । समाजको उपल्लो भनिने वर्गले तल्लो भनिने वादी जातिमाथि दमनकारी व्यवहार गरी अत्यन्त अपमानजनक ढङ्गले छोइछिटोसमेत गरेपछि यहाँ वादी महिलाहरूको प्रतिकार सचेत ढङ्गले प्रकट भएको छ ।

तमी र तमीहरूजस्ता हजारौं हजार लोग्ने मान्छेहरूको वीर्य र र्‍याल जम्मा गर्‍याको भया अहिलेसम्म एउटा बडेमानको ताल नै बनिसक्दथ्यो वादी बस्तीमा । हाम्लाई फोहर बनाउन्या र त्यही फोहरमा मजा मान्दै डुबुल्की मार्न्या तमीहरू चाहिँ सफा कसरी भयाकाछौ त ?

..... सक्दाछम् नि खान अरू पेशा गरीकन पन । के तमीहरू आफ्नो घरमा कुचो लगाउन्या, भाँडा माझ्न्या काम दिँदाछौं हामीलाई? पकाइकन खुवाउँदाछौं पन हामीहरू । क्या तमीहरू तल्ला जातले पकाईकन दियाको नभनीकन ढुक्कैले खान सक्दाछौ ? अधियाँमा आफ्नो खेतबारी दिँदाछौ ? भुई पुछ्न्या नै सही अफिसमा कुनै जागिर दिन सक्दाछौ ?

..... वयान त हामी दिँदाछौं तर पहिले भन्नु बयान तलबाट दिन सुरू गरन्या कि माथिबटि ? तलबटि बयान दिन सुरु गर्‍या तीन दिन, तीन रातमा पन बयान सकिँदोनइ । माथिबटि दिन सुरू गर्‍या तम्रो पुलिस चौकी होइन, पुलिस हेडक्वार्टरका

भित्ताहरू चर्किंदाछन् सबैभन्दा पहिले। छानाहरू खस्न सुरू हुँदाछन् ।.....देशमा प्रजातन्त्र आयो भनीकन रेडियोले दिनदिनै फुक्दोछ। जनताको शासन चल्न सुरु भयाको छ भनीकन रेडियोले दिनदिनै भन्दोछ । जनताकासामु राजाले पन घुँडा टेकिसक्याकाछने् रे। हाम्लाई निमुखा सम्झीकन अझै पनि यसरी अत्याचार गर्न तमीहरूलाई चै लाज लाग्दोनई ? थुक्क पाजीहरू ! (पृ. २०७)।

यस उदाहरणमा वादी महिलाहरूले तत्कालीन पुलिस प्रशासनविरुद्ध प्रतिकार गरेका छन्। पञ्चायत कालको लगभग अन्त्यतिरको समयलाई कालजन्य परिवेश बनाएर लेखिएको यस उपन्यासका वादी महिलाको चेतनाको स्तर वृद्धि हुँदै गएपछि उनीहरू आफ्नो इज्जत, सम्मान र अस्तित्वका निम्ति प्रतिरोधी बनेको अवस्था यहाँ चित्रण गरिएको छ । यहाँ वादी महिलाले समाजका तथाकथित उपल्लो वर्गले आफूलाई गरेको दमन र अत्याचारको विरूद्धमा सशक्त ढङ्गले सचेत प्रतिरोध प्रकट गरेका छन्।

सरस्वती प्रतीक्षाको यस उपन्यासमा महिला शरीर प्रयोग र त्यस विरुद्धको प्रतिरोध फरकफरक पात्रका माध्यमबाट प्रकट भएको छ । पितृसत्ताको पक्षपोषक पुरुष पात्रले महिला शरीरलाई आफ्नो प्रयोगको वस्तु ठान्दै उक्त शरीरमाथि प्रभुत्व कायम गर्न खोजिरहँदा यस उपन्यासका महिला पात्रले पनि सशक्त प्रतिरोध गर्दै आफ्नो शरीरमाथिको अधिकार सुरक्षित गर्न अग्रसर भएका छन् :

नछुनी भइकन बस्दा पन् जबरजस्ती गर्न आउन्या ? तु इन्सपेक्टर होलास् तर तु हाम्रो शरीरको मालिक होइस् नि ! हाम्रो शरीर तेरो दास त होइन नि ! (पृ. २११)।

यस उदाहरणमा महिला शरीर प्रयोगका निम्ति शक्ति प्रयोगका विरुद्धको सशक्त वैचारिक प्रतिरोध प्रकट भएको छ । महिलाको आफ्नो शरीरमाथि आफ्नै अधिकार र नियन्त्रण रहन्छ , पितृसत्ताको होइन भन्ने कुरा यहाँ यस उदाहरण मार्फत् प्रस्ट पारिएको छ।

पीडाको पराकाष्ठामा सामली चिच्याउँदै गर्दा बुधे अचानक हातमा खिया लागेको हँसिया बोकेर भित्र छिऱ्यो र इन्सपेक्टरको टाउकोमै छप्कायो ।

वादी बस्ती : धन्दाका लागि खुला क्षेत्र

वादी बस्ती : बलात्कारका लागि निषेधित क्षेत्र (पृ. २१३) ।

यस उदाहरणमा आफ्नी दिदीलाई इन्सपेक्टरले बलात्कार गर्न लागेपछि बुधे भौतिक प्रतिकारमा उत्रिएको छ । यहाँ एकातर्फ बुधेको 'पुरुष भनेका महिलाका रक्षक हुन्' भन्ने पितृसत्तात्मक चिन्तनले काम गरेको छ भने अर्कातर्फ वर्गीय चिन्तनमा उपल्लो वा शक्तिशाली वर्गले शक्तिहीन वर्गमाथि गर्ने शोषण र दमनविरूद्धको प्रतिरोधी भावनाले काम गरेको देखिन्छ ।

एक दिन हुरीखोलाको किनारमा रैतवी देखा परिन, उसको खुकुरी मात्र देखा पऱ्यो । खुकरीभरि रगत लतपतिएको थियो । खुकुरीसँगै असरल्ल पल्टिरहेको थियो, काटेर फालिएको कसैको रगताम्य लिङ्ग (पृ. २२५) ।

यस उदाहरणमा पितृसत्ताको दमनकारी चिन्तनविरुद्ध रैतवी वादीको प्रतिरोध प्रकट भएको छ । आफ्नै छोरी हो भन्ने जान्दाजान्दै छोरीकै नथिया खोल्ने (कुमारीत्व भङ्ग गर्ने) गुमानसिंहविरुद्ध रैतवीले भौतिक प्रतिकार गरेकी छ । गुमानसिंह जस्ता पितृसत्तात्मक सोचले ग्रसित भएर महिला शरीरमाथि शोषण गर्ने प्रवृत्तिविरुद्ध यस उपन्यासकी सामान्य महिला पात्र रैतवीको अत्यन्त सशक्त प्रतिरोधको चित्रण यस उदाहरणमा भएको छ ।

## ५.३ निष्कर्ष

*नथिया* उपन्यासमा महिला शरीरमाथि भएको राजनीतिको सशक्त प्रतिरोध गरिएको छ । यस उपन्यासमा प्रयुक्त महिला पात्रहरू चन्द्रिका, सामली, लछिमा, रैतवी जस्ता पात्रले महिला शरीरमाथि हुने राजनीतिविरुद्ध सशक्त भौतिक र वैचारिक प्रतिरोध गरेका छन् । उपन्यासकी प्रमुख पात्र सामली आफू सुशिक्षित नहुँदानहुँदै पनि आफ्नो शरीरमाथि भएको राजनीति बुझ्न र त्यसका विरुद्ध प्रतिरोध गर्न सक्ने सचेत पात्रका रूपमा उपन्यासमा उपस्थित छ । आफू वादी जातिकी भएर र यौनधन्दा वादी महिलाको पेसा हो भन्ने रूपमा चिनाइँदा चिनाइँदै पनि सामली आफ्नो शरीर प्रयोगको अधिकारको निर्णयप्रति सचेत देखिन्छे । बेखामान, मेजर, रेञ्जर जस्ता पुरुषपात्रले उसको शरीरमाथि बारम्बार राजनीति गर्दा पनि सामलीले सचेत प्रतिरोधको चेष्टा गरेकी छ । उपन्यासका अन्य महिला पात्र चन्द्रिका,

लछिमा, रैतवी, सुक्मेली आदि पनि प्रतिरोधको सैद्धान्तिक पक्षका बारेमा पूर्णतः अनभिज्ञ हुँदाहुँदै पनि आफ्नो शरीर प्रयोगको राजनीतिको प्रतिरोधमा उत्रेका छन् । आफ्नो शरीरमाथिको राजनीतिले आफूलाई जिउन नै कठिन बनाएपछि यी पात्रहरूले व्यक्ति र समाजविरुद्ध प्रतिरोध गरेका छन् ।

# छैटौँ परिच्छेद
# सारांश तथा निष्कर्ष

## ६.१ सारांश

*नथिया* उपन्यासमा शरीर राजनीति शीर्षकको प्रस्तुत शोधप्रबन्ध अमेरिकी समालोचनाका क्रममा विकसित शरीर राजनीति सिद्धान्तमा आधारित भएर सरस्वती प्रतीक्षाको *नथिया* उपन्यासमा आधारित रही छैटौँ परिच्छेदसम्मको बिस्तारमा सम्पन्न गरिएको छ ।

प्रस्तुत शोधको पहिलो परिच्छेदमा शोध परिचय रहेको छ । यस परिच्छेदमा शोध्य विषयको परिचय दिइएको छ । यसै शोध्य विषयसँग सम्बन्धित रहेर *नथिया* उपन्यासमा शरीर राजनीति भन्ने मूल समस्याअन्तर्गत रही समस्या समाधानका निम्ति *नथिया* उपन्यासमा महिला शरीरको सामाजिकीकरण कसरी गरिएको छ, पितृसत्ताको प्रयोगको अवस्था कस्तो रहेको छ ? यस उपन्यासमा महिला शरीरप्रतिको शक्ति र प्रभुत्वको प्रयोग कस्तो रहेको छ, उपन्यासमा शरीर राजनीतिअन्तर्गत शरीरप्रतिको उपभोक्तावादी सांस्कृतिक दृष्टि के कस्तो रहेको छ र महिला शरीरद्वारा गरिएको प्रतिरोधको अवस्था कस्तो छ भन्ने शोध प्रश्नहरू निर्माण गरी ती प्रश्नहरूको समाधान गर्नु नै शोधको उद्देश्य रहेको छ । यसरी शोध कार्य गर्दा यसभन्दा अगाडि प्रस्तुत विषयका बारेमा गरिएका अध्ययनलाई कालक्रमिक रूपमा प्रस्तुत गरी समीक्षासमेत गरिएको छ। यी अध्ययनबाट नथिया उपन्यासमा उपन्यासका कुनै पनि कोणबाट विश्लेषण नभएको तथ्य पत्ता लगाइएको छ । त्यसैले प्रस्तुत विषयमा अध्ययन गर्नु उपयुक्त छ भन्ने तथ्य पत्ता लगाई प्रस्तुत विषयमा अध्ययन गरी शोधको औचित्य र महत्व प्रष्ट पारिएको छ। *नथिया* उपन्यासको हालसम्म कुनै दृष्टिले अध्ययन नभएकाले विविध दृष्टिले अध्ययन हुनसक्ने भए पनि यहाँ शरीर राजनीतिका विभिन्न पक्षमध्ये महिला शरीरको सामाजिकीकरण, पितृसत्तात्मक सामाजिक व्यवहार, शक्ति र प्रभुत्व, उपभोक्तावादी संस्कृति र महिला शरीरद्वारा गरिएको प्रतिरोधमा मात्र केन्द्रित रही अध्ययन गरिएको छ, जसलाई अध्ययनको सीमाका रूपमा लिइएको छ । प्रस्तुत शोध पुस्तकालयीय सामग्री सङ्कलनको विधि अपनाई सामग्री सङ्कलन गरी अमेरिकी सांस्कृतिक समालोचनाका क्रममा विकसित शरीर राजनीतिलाई सैद्धान्तिक आधार मानी त्यसको अध्ययनका क्रममा प्रतिपादन भएको मान्यताका आधारमा अध्ययन विश्लेषण

गरिएको कुरा उल्लेख गरिएको छ । यसरी निर्माण गरिएको शोधप्रबन्धको रूपरेखा समेत पहिलो परिच्छेदमै निर्धारण गरिएको छ ।

यस शोधकार्यको दोस्रो परिच्छेदमा *नथिया* उपन्यासमा महिला शरीरको सामाजिकीकरणको प्रक्रिया तथा पितृसत्तात्मक सामाजिक व्यवहार रहेको छ। यस परिच्छेदमा शरीरको सामाजिकीकरणका दृष्टिले *नथिया* उपन्यासमा महिला शरीरको के कसरी भएको छ भन्ने कुराको अध्ययन गरिएको छ । यसमा पितृसत्तात्मक चिन्तनका कारण महिला शरीरमाथि विविध प्रकारले सामाजिकीकरण भएको कुरा उल्लेख गरिएको छ । पितृसत्तात्मक चिन्तनले महिला शरीरका निम्ति विभिन्न मान्यताहरू निर्धारण गरेको हुन्छ र त्यसैको कसीमा राखेर मिहिला शरीरलाई नाप्ने जाँच्ने र व्यवहार गर्ने गरिन्छ । पितृसत्तात्मक समाजले महिला र पुरुषका निम्ति भिन्नभिन्न शारीरिक र व्यवहारिक अवधारणा निर्धारण गरेको हुन्छ । महिला र पुरुषका निम्ति फरकफरक सामाजिक नियम र व्यवहारहरू निर्धारण गरिएको हुन्छ । यसै चिन्तनका आधारमा *नथिया* उपन्यासका महिला शरीरमाथि गरिएका प्रयोगहरूको यहाँ अध्ययन गरिएको छ। यसमा *नथिया* उपन्यासमा महिलाको शरीरको बनावट, उसको सौन्दर्य, कला, उसको स्वभाव, भेषभूषा आदिमा महिलाको शरीरलाई पुरुषको भन्दा र एक महिला र दोस्री महिलाको भन्दा भिन्न भएको र त्यही भिन्नताकै आधारमा उसमाथि गरिने सामाजिक व्यवहार पनि भिन्न भएको कुरा उल्लेख गरिएको छ । यसमा उपन्यासका महिला पात्रहरू चन्द्रिका, सामली, लछिमा, सुक्मेली, कोकिला, नयनतारा, रैतवी आदिको शरीरमा पितृसत्तात्मक चिन्तनअनुरूप प्रयोग भएको सामाजिकीकरणको प्रक्रियाको अध्ययन गरिएको छ ।

*नथिया* उपन्यासका महिला पात्रहरूमाथि पितृसत्तात्मक चिन्तनले कस्तो दृष्टि राखेको छ र कस्तो व्यवहार गरेको छ भन्ने कुराको अध्ययन गरिएको छ । पितृसत्तात्मक चिन्तनमा पुरुषसत्ताले महिला शरीरमाथि नियन्त्रणकारी, दमनकारी र भोग्यवस्तुका रूपमा धारणा बनाएको हुन्छ र त्यही धारणा अनुरूप नै व्यवहार गर्दछ। *नथिया* उपन्यासका अधिकांश पुरुष पात्र जस्तै बेखामान, रत्नमान, हवल्दार, मेजर मानु, रेन्जर, गुमानसिंह आदि पितृसत्तात्मक चिन्तनले ग्रस्त छन् र उनीहरू उपन्यासमा प्रयुक्त महिला पात्रहरू चन्द्रिका, लक्ष्छिमा, सामली, सुक्मेली कोकिला, नयनतारा, रैतवी आदिमाथि नियन्त्रणकारी र दमनकारी व्यवहार गर्दछन् । यिनै पितृसत्तात्मक चिन्तन र व्यवहारबाट उपन्यासका महिलापात्र शोषण,

दमन र अत्याचारमा परेका छन् भन्ने कुरालाई विभिन्न तथ्यका माध्यमबाट यस परिच्छेदमा अध्ययन र विश्लेषण गरिएको छ ।

यस शोधकार्यको तेस्रो परिच्छेद *नथिया* उपन्यासमा महिला शरीरमाथि शक्ति र प्रभुत्वको प्रयोग रहेको छ । यसमा *नथिया* उपन्यासमा प्रयुक्त महिला शरीरमाथि शक्ति र प्रभुत्वको प्रयोग के कस्तो छ भन्ने कुराको अध्ययन गरिएको छ । नथिया उपन्यासका महिला पात्रहरू पितृसत्ताको प्रभुत्ववादी चिन्तनअनुरूप उनीहरूमाथि शक्ति प्रयोग हुँदा दबिएर बस्न बाध्य भएका छन् । शक्तिशाली वर्गले वादी समुदायका कमजोर र शक्तिहीन महिला पात्रहरूको शरीरमाथि आफ्नो प्रभुत्व कायम गरेको छ। प्रभुत्वशाली शक्तिको नियन्त्रण र दमनकै कारण उपन्यासका महिला शरीर निर्वासित हुन समेत वाध्य भएका छन् । उपन्यासकी प्रमुख पात्र सामली प्रभुत्वशाली वर्गको दमनकै कारण बारम्बार निर्वासित हुन बाध्य भएकी छ भन्ने कुराको अध्ययन र पुष्टि यस परिच्छेदमा गरिएको छ ।

प्रस्तुत शोधप्रबन्धको चौथो परिच्छेद *नथिया* उपन्यासमा महिला शरीरप्रतिको उपभोक्तावादी सांस्कृतिक दृष्टि रहेको छ । यसमा उपन्यासमा प्रयुक्त पुरुष पात्रहरूले कसरी महिला शरीरलाई उपभोग्य वस्तुका रूपमा प्रयोग गरेका छन् भन्ने कुराको अध्ययन गरिएको छ। उपन्यासमा प्रयुक्त वादी समुदाय यौनधन्दा गरेर जीविकोपार्जन गर्ने संस्कृति भएको समुदाय हो। यस्तो समुदायमा समाजले महिला शरीरलाई उपभोग्य वस्तु ठान्दछ। उपन्यासमा पुरुषले मात्र नभएर महिला स्वयंले पनि आफूलाई वस्तुकरण गरेका छन् । यहाँ महिला शरीरको मात्र हैन उनीहरूको कला, सीप र श्रमलाई समेत वस्तुकरण गरी उपभोग गरिएको छ भन्ने तथ्यको अध्ययन विश्लेषण गरिएको छ ।

यस शोधकार्यको पाँचौं परिच्छेद *नथिया* उपन्यासमा महिला शरीरद्वारा गरिएको प्रतिरोध रहेको छ। यसरमा पितृसत्तात्मक चिन्तनअनुरूप शक्ति र प्रभुत्वको प्रयोगद्वारा दमन, गरिएका उपन्यासका महिला पात्रले के कस्तो प्रतिरोध गरेका छन् भन्ने कुराको अध्ययन गरिएको छ। उपन्यासका महिला पात्रहरू सामली, लछिमा, रैतवी आदिले पुरुष सत्ता र दमनका विरूद्ध व्यवहारिक, वैचारिक र भौतिक प्रतिरोध गरेका छन् । पितृसत्तात्मक चिन्तनका हिमायती रहेका उपन्यासका पुरुष पात्रहरू जस्तै बेखामान, रत्नमान, हवल्दार, मेजर मानु, रेञ्जर, गुमानसिंह जस्ता पात्रले कसरी महिला शरीरमाथि दमन शोषण र अत्याचार गरेका छन् र ती दमन, शोषण र अत्याचारविरुद्ध महिला पात्रले गरेको प्रतिकारको

अध्ययन गरिएको छ। शोधप्रबन्धको यस परिच्छेदमा *नथिया* उपन्यासका महिला पात्रको आफ्नो शरीप्रतिको सचेतना र त्यही सचेतनाका कारण उनीहरूले पुरुषसत्ता र पितृसत्तात्मक समाजविरुद्ध गरेको प्रतिरोधलाई अध्ययन र विश्लेषणको विषय बनाइएको छ।

## ६.२ निष्कर्ष

सरस्वती प्रतीक्षाको *नथिया* (२०७४) उपन्यासमा शरीर राजनीतिका कोणबाट गरिएको प्रस्तुत अध्ययनबाट प्राप्त समष्टि निष्कर्षलाई शोधप्रश्नका क्रमअनुसार यहाँ प्रस्तुत गरिएको छ।

नथिया उपन्यासमा महिला तथा पुरुषको शरीरलाई फरकफरक तरिकाले सामाजिकीकरण गरिएको छ। पितृसत्तात्मक समाजको सामाजिककिरणको प्रक्रियाले गर्दा समाजमा महिला र पुरुषमा विभेद देखिएको छ । नथिया उपन्यासमा महिलाको शरीरलाई सुन्दर, कोमल, रक्षिता, सहनशील, पालिने जात, पुरुषको यौन सन्तुष्टिका निम्ति तयार हुनुपर्ने जात आदिका रूपमा सामाजिकीकरण गरिएको छ । महिलाको शरीरलाई पुरुषको तुलनामा शक्तिहीन, कमजोर, पुरुषको प्रयोग वस्तु, शृङ्गार गरी चिटिक्क पर्नुपर्ने आदि रूपमा सामाजिकीकरण गरिएको छ र महिला शरीरलाई पुरुषको भन्दा भिन्न प्रमाणित गर्दै त्यही भिन्नताका आधारमा महिला शरीरमाथि पुरुषले दमन र नियन्त्रण गरेका छन् ।

*नथिया* उपन्यासमा पितृसत्तात्मक चिन्तन र व्यवहारका कारण महिला पात्रको शरीर प्रयोग भएको छ। पुरुषसत्ता नै सर्वोच्च हुने सामाजिक सोचका कारण उपन्यासका महिला पात्रले शारीरिक र भावत्मक पीडा भोगेका छन् । उपन्यासकी प्रमुख पात्र सामली पितृसत्तात्मक चिन्तनले निर्धारण गरेका व्यवहारका कारण बारम्बार शोषण र दमनमा परेकी छ । उपन्यासमा महिलाको शरीर, यौनिकता, श्रम, सिप, कला जस्ता हरेक कुरामा पितृसत्तात्मक चिन्तनले हस्तक्षेप र नियन्त्रण गरेको छ। उपन्यासमा प्रयुक्त महिला पात्रहरू चन्द्रिका, सामली, लछिमा, सुक्मेली, कोकिला, नयनतारा रैतवी आदिको शरीरमाथि पितृसत्तात्मक चिन्तनले कुनै न कुनै रूपमा राजनीति गरेको छ र महिलाको आत्मनिर्णयको अधिकार, स्वतन्त्रता र विचारधारामाथि प्रतिबन्ध लगाएर आफ्नो चाहनाअनुकूल उनीहरूको शरीर प्रयोग गरेको छ ।

*नथिया* उपन्यासमा शक्ति र प्रभुत्वका माध्यमबाट महिला शरीरको उपयोग गरिएको छ। प्रभुत्वशाली वर्गले आफ्नो शक्तिको आडमा शक्तिहीनको शरीरमाथि राजनीति गरेको छ र महिलाको शरीर प्रयोग गरेको छ। उपन्यासमा प्रभुत्वशाली वर्गका रूपमा पुरुषसत्ता आएको छ र उसले कमजोर महिला पात्रहरू चन्द्रिका, सामली, लछिमा, सुक्मेली, कोकिला, नयनतारा, रैतवी जस्ता पात्रहरूको शरीरमाथि प्रभुत्व कायम गर्दै दमनकारी र नियन्त्रणकारी व्यवहार गरेको छ । शक्तिशाली वर्गको प्रभुत्वकै कारण उपन्यासमा प्रयुक्त महिला शरीर निर्वासनको अवस्थासम्म पुगेको छ । प्रभुत्वशाली वर्गको शक्ति र प्रभुत्वकै कारण उपन्यासमा प्रयोग भएको महिला शरीरमाथि प्रभाव परेको छ ।

*नथिया* उपन्यासमा शरीरप्रतिको उपभोक्तावादी संस्कृतिका रूपमा शरीर प्रयोग गर्ने र गराउने दुवै प्रकारका चरित्रको उपस्थिति रहेको देखिन्छ । यसमा अधिक रूपमा पुरुष वर्गले महिला वर्गको शरीर प्रयोग गरेका छन्। महिला शरीरलाई उपभोग्य वस्तु ठानी तिनको शरीरको उपयोगलाई पुरुषले आफ्नो अधिकार ठानेका छन्। महिला शरीर उपयोगको क्रममा महिलाको स्वीकारोक्ति वा अस्वीकारलाई कुनै महत्व दिइएको छैन। महिला शरीर उपयोगका निम्ति पुरुष पीडक र दमनकारी पात्रका रूपमा उपस्थित भएको छ।

*नथिया* उपन्यासमा महिला शरीरमाथि भएको दमनकारी र नियन्त्रणकारी प्रयोगको प्रतिरोध गरिएको छ । उपन्यासमा महिला पात्रले पितृसत्तात्मक चिन्तनले ग्रस्त पुरुष वर्गले आफ्नो शररिमाथि गरेको प्रयोग र दमनको सचेत प्रतिरोध गरेका छन् । उपन्यासमा प्रयुक्त महिला पात्रहरू सामली, नयनतारा, लछिमा, रैतवी जस्ता पात्रले आफ्नो शरीर प्रयोगविरुद्ध सचेत रूपमा वैचारिक, व्यवहारिक र भौतिक प्रतिरोध गरेका छन् ।

*नथिया* उपन्यासमा शरीर राजनीतिका आधारमा महिला शरीरमाथि विभिन्न प्रयोग भएको छ । यस उपन्यासका महिला पात्रको शरीरमाथि भएको दमन, उत्पीडन र नियन्त्रणको यथार्थ संवेदनापूर्ण अभिव्यक्तिका रूपमा प्रकट भएको छ । यस उपन्यासमा पितृसत्तात्मक चिन्तन र सामाजिक संरचनाका कारण महिलाको शरीरको प्रयोग भएको कुरा देखाइएको छ । यस उपन्यासमा शक्ति र प्रभुत्वको आडमा महिला शरीरलाई उपयोग गरिएको तथ्य प्रकट भएको छ भने यस उपन्यासका महिला पात्रले आफ्नो शरीरको प्रयोगका विरुद्ध सशक्त प्रतिरोध गरेका छन्। यी सबै दृष्टिले हेर्दा यो उपन्यास निकै

मार्मिक एवम् कलात्मक प्रभावले युक्त बनेको छ । यी विविध कोणबाट अध्ययन गर्दा प्रस्तुत *नथिया* उपन्यास शरीर राजनीतिका दृष्टिले सशक्त देखिएको छ र यो नै यस उपन्यासको प्राप्ति र सबल पक्ष पनि हो ।

## सन्दर्भसामग्री सूची


आचार्य, विपिन (२०७४), 'समालोचना : प्रगतिशीलताको कसीमा नथिया' फागुन १२ शनिबार ।

उप्रेती, सञ्जीव (२०६९), *सिद्धान्तका कुरा,* (चौथो संस्क.), काठमाडौँ : अक्षर क्रियसन्स ।

केसी मस्त, (२०७४), 'नथिया : पुंसत्वलाई प्रश्न', *हिमालखबर* चैत १५ ।

खनाल, राजेन्द्र (२०७५), *लैङ्गिक समालोचना सिद्धान्त र प्रयोग,* काठमाडौँ : सनलाइट पब्लिकेसन ।

खनाल, रामप्रसाद (२०७५), *कृष्ण धरावासीका उपन्यासमा शरीर राजनीति,* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, काठमाडौँ ।

गिरी, अमर (२०७०), 'सांस्कृतिक अध्ययनका सैद्धन्तिक आधार र अवधारणा', *भृकुटी,* सांस्कृतिक अध्ययन विशेषाङ्क, पृ. १२-४६ ।

चैतन्य, 'समकालीन बुर्जुवा दर्शन र सांस्कृतिक अध्ययन', *भृकुटी,* सांस्कृतिक अध्ययन विशेषाङ्क, पृ. १४३-१६५ ।

ढकाल, रजनी (२०७०), 'सांस्कृतिक अध्ययनमा लैङ्गिकता', *भृकुटी,* सांस्कृतिक अध्ययन विशेषाङ्क, पृ. ३२७-३३३ ।

तमु, गौरी, (२०७४), 'समीक्षा : नथिया' *सेतोपाटी*-फागुन ५ ।

तिवारी, सरिता (२०७६), 'देह राजनीति', *कान्तिपुर,* वैशाख ३, पृ. ६ ।

नेपाल, जनक, (२०७५), 'कमजोर सत्य कथा /पुस्तक समीक्षा : नथिया/' *नेपाल साप्ताहिक,* जेठ २, पृ.१६ ।

पाण्डे, ज्ञानु (२०६९), *नेपाली उपन्यासमा लैङ्गिकता,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पाण्डे, सावित्रा (२०७६), नथिया उपन्यासमा शरीर राजनीति, *प्राज्ञिक* वर्ष २, अङ्क २, पृ. ६४ ।

पाण्डे, सावित्रा (२०७६), *पद्मावती सिंहका उपन्यासमा शरीर राजनीति,* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, काठमाडौँ ।

पाण्डेय, ताराकान्त (२०६८), *अर्थको आनन्द,* काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन ।

पाण्डेय, ताराकान्त (२०७३), *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र,* ललितपुर : साझा प्रकाशन ।

पौडेल, मानव (२०७४), 'लट्ठ बनाउने नथिया' *१२खरी अनलाइन,* चैत १७ शनिबार ।

प्रतीक्षा, सरस्वती (२०७४), *नथिया* काठमाडौँ : बुकहिल पब्लिकेसन ।

प्रश्रित, मोदनाथ (२०६६), *नारी बन्धन र मुक्ति* (छैटौँ संस्क.), काठमाडौँ : एसिया

पब्लिकेशन प्रा.लि. ।

बन्धु, चूडामणि (२०५२), अनुसन्धान तथा प्रतिवेदन लेखन, काठमाडौँ : रत्न पुस्तक भण्डार ।

बुभायर, सिमोन द (२०७५), द सेकेन्ड सेक्स (अनु. रमेश सुनुवार), काठमाडौँ : प्रगति पुस्तक सदन ।

भट्टराई, गोविन्दराज (२०७०), 'नारीवादी देहमाथि निर्मित संस्कृतिको विनिर्माण सन्दर्भ :

समानान्तर आकाश', *नेपाली नारीवादी समालोचना,* सम्पा. सुधा त्रिपाठी र सीता पन्थी, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

भट्टराई, रमेशप्रसाद (२०७०), 'सांस्कृतिक अध्ययनका मूलभूत सिद्धान्तहरू', *भृकुटी,* सांस्कृतिक अध्ययन विशेषाङ्क, पृ. ३३४-३६४ ।

भट्टराई, रमेशप्रसाद (२०६९), 'लैङ्गिक समालोचना', *रत्न बृहत् समालोचना* (सैद्धान्तिक खण्ड) (सम्पा.) राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम, काठमाडौँ : रत्न पुस्तक भण्डार ।

भद्रा, चन्द्रा (सम्पा.) (२०७०), *लैङ्गिक अध्ययन,* काठमाडौँ : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन प्रा.लि. ।

भासिन, कमला (सन् २०००), अन्डरस्ट्यान्डिङ जेन्डर, नयाँ दिल्ली : पाउल्स् प्रेस ।

मगर, विकास, (२०७४), 'पुस्तक समीक्षा : नथिया  नाकमा कि नाइटोमा' *अनलाईन खबर* चैत १० ।

रुम्बा लक्ष्मी, (२०७४), 'भोग्या इतिहासको अनुहार'  *नयाँपत्रिका* फागुन १९ पृ.५ ।

शर्मा, तर्कना (२०७३), *प्रयोगशालाको प्रयोग,* काठमाडौँ : पुष्प मिडिया प्रा.लि. ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६७), *शोधविधि* (चौथो संस्क.), ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, रामचन्द्र, (२०७४), 'कोलाजका रङहरू' *अन्नपूर्णपोष्ट,* फागुन १२ ।

सुवेदी, विमलकुमार (२०७०), 'उपभोक्तावादी संस्कृति र सांस्कृतिक अध्ययन', *भृकुटी,* सांस्कृतिक अध्ययन विशेषाङ्क, पृ. ३९०-४०३ ।

Foucault, M. (1084AD). *The body of the condemned*, The Foucault reader rabinow Paul (editor), New York: Pantheon books.

Millet, K. (2000AD). *Sexual politics*, America University of Illinois press.

ne.wikipedia.org